"उत्कृष्ट वितीय सेवासहितको सहकारी बैंक"

# २२औं

# वार्षिक प्रतिवेदन

## आ.व. २०८१/८२

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

Scan Here

## सल्लाहकार


श्री केशव बडाल


श्री दीपक प्रकाश बासकोटा


श्री कमल प्रसाद चौलागाई


श्री लीलामणि पोखेल


श्री राधा घले


श्री मिनराज कँडेल


श्री धर्मदत्त देवकोटा


प्रा.डा. विश्वम्भर प्याकुरेल


श्री केशव निरौला

## सञ्चालक समिति


**महेन्द्र कुमार गिरी**
अध्यक्ष
प्रतिनिधिः सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि., झापा


**रमेश प्रसाद पोखरेल**
पदेन सदस्य
निवर्तमान अध्यक्ष


**अमृता लिम्बु**
सदस्य
प्रतिनिधिः महिला बचत तथा ऋण सहकारी संस्था लि., सुनसरी


**पार्वती थापा**
सदस्य
प्रतिनिधिः नमो स्तुती बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौं


**विश्वनाथ मण्डल**
सदस्य
प्रतिनिधिः जनज्योति कृषि सहकारी संस्था लि., सप्तरी


**विजया धिताल**
सदस्य
प्रतिनिधिः युनिटी बचत तथा ऋण सहकारी संस्था लि., बाँके


**तारा गुरुङ**
सदस्य
प्रतिनिधिः बखान बहुउद्देश्यीय सहकारी संस्था लि., चितवन


**काली बहादुर महतरा**
सदस्य
प्रतिनिधिः हिमचुली कृषि सहकारी संस्था लि., कालिकोट


**ध्रुवराज विष्ट**
सदस्य
प्रतिनिधिः रिद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर

## लेखा सुपरिवेक्षण समिति


**लक्ष्मी प्रसाद उप्रेती**
संयोजक
प्रतिनिधिः नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि., झापा


**चन्द्र कुमारी पराजुली**
सदस्य
प्रतिनिधिः श्री अमरसिंह कृषि सहकारी संस्था लि., कास्की


**केशव प्रसाद सापकोटा**
सदस्य
प्रतिनिधिः विकु बचत तथा ऋण सहकारी संस्था लि., नवलपुर

सहकारी संघ संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ् कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

# National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ् कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

coop

च.नं. २४-२०८२/८३ मितिः २०८२-०६-२९

श्रीमान् अध्यक्षज्यू,
.......................................... सहकारी संघ/संस्था लिमिटेड,
.............................................. नेपाल।

**विषयः साधारणसभामा सहभागी हुनेबारे ।**

मिति २०८२ आश्विन २७ गते बसेको यस बैङ्कको सञ्चालक समितिको बैठकको निर्णयानुसार २२ औं वार्षिक साधारणसभा तपसिलमा उल्लिखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि सहकारी संस्थाको साधारणसभा सम्बन्धी कार्यव्यवस्था निर्देशिका २०७६ (संसोधन सहित) र बैङ्कको विनियम २०५९ संसोधन सहित बमोजिम एकाइ १, २, ३, ४, ५, ६, ७ अन्तर्गत कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण सदस्य सहकारी संघ/संस्थाहरूको बैठक, तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने व्यहोरा जानकारी गराउँदै तहाँ संघ/संस्थाको प्रतिनिधिज्यूलाई साधारणसभाको बैठकमा भाग लिनका लागि हार्दिक अनुरोध गर्दछु।

**साधारण सभाका कार्यसूचीहरूः**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०८२/०८३ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. आ.व. २०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा,
६. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा,
७. विनियम संशोधन सहितको पुनर्लेखन सम्बन्धमा,
८. कार्यविधिहरू संशोधन सम्बन्धमा,
९. खराब कर्जा असुली योजना सम्वन्धमा,
१०. समस्याग्रस्त सहकारी संस्थाको गैर बैङ्किङ सम्पत्ति बिक्री गरी बढी भएको रकम फिर्ता गर्ने सम्बन्धमा,
११. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा,
१२. नेपाल राष्ट्र बैङ्कको निर्देशन अनुसार सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको पुनर्संरचन सहित निर्वाचन कार्यक्रम तय गर्ने सम्बन्धमा,
१३. संस्थागत प्रतिनिधिको जानकारी सम्बन्धमा,
१४. बैङ्कको नाममा कायम रहेका घरजग्गा बिक्री तथा सट्टापट्टा सम्बन्धमा,
१५. साधारण सभाको एकाइ बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरूको चयन र एकाइ प्रतिनिधिहरूको सभामा निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरूको चयन गर्ने सम्बन्धमा ।

**तपसिलः**

| एकाइ | बैठक मिति | बैठक समय | बैठक स्थान | एकाइ बैठकको निर्णय प्रमाणित गर्न आवश्यक प्रतिनिधि सङ्ख्या | साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरूको (केन्द्रीय सभा) निर्णय प्रमाणित गर्न चयन हुने प्रतिनिधि सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | २०८२/०८/०६ | बिहान ११:०० बजे | होटेल मनास्लु इन, विराटनगर | १० | ४ |
| २ | २०८२/०८/०६ | बिहान ११:०० बजे | गौतम होटेल, बर्दिवास | १० | ३ |
| ३ | २०८२/०८/०६ | बिहान ११:०० बजे | अनुपम फुडल्याण्ड एण्ड बैंक्वेट प्रा.लि., बत्तीसपुतली, काठमाडौं | १० | ८ |
| ४ | २०८२/०८/०६ | बिहान ११:०० बजे | पोखरा दिपसागर होटेल रेस्टुरेन्ट एण्ड बार प्रा.लि.,न्युरोड, पोखरा | १० | ३ |
| ५ | २०८२/०८/०६ | बिहान ११:०० बजे | द दरबार लन प्रा.लि. तिलोत्तमा ३, शान्तिचोक | १० | ३ |
| ६ | २०८२/०८/०६ | बिहान ११:०० बजे | जिल्ला समन्वय समिति हल, सुर्खेत | १० | ३ |
| ७ | २०८२/०८/०६ | बिहान ११:०० बजे | रिद्धिसिद्धि पार्टी प्यालेस, धनगढी, कैलाली | १० | ३ |

साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा केन्द्रीय २०८२ मंसिर १३ गते, शनिबार, बिहान ११:०० बजे, काठमाण्डौं उपत्यकामा हुनेछ ।

**साधारणसभा सम्बन्धी अन्य जानकारीः**

१. साधारण सभा एकाइस्तरमा भौतिक रुपमा सञ्चालन हुनेछ । बैठकको कार्यसूचीमा रहेका प्रतिवेदनहरू एकाइ ३ मा भौतिक र अन्य एकाइमा भर्चुअल माध्यमबाट पेश हुनेछ। सम्पूर्ण एकाइहरुमा प्रस्तुत भएको समान कार्यसूचीमा भौतिक रुपमा उपस्थित उक्त एकाइका प्रतिनिधिहरुले छलफल गरी निर्णय गर्नु पर्नेछ ।
२. एकाइ बैठक तथा एकाइ बैठकका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभाको बैठक स्थलको विस्तृत ठेगाना सम्बन्धी जानकारी अर्को सूचना मार्फत गराइनेछ ।
३. साधारण सभामा भाग लिन आउने प्रतिनिधिहरुले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्रका साथै नेपाल सरकारद्वारा जारी गरेको फोटो सहितको आफ्नो परिचय पत्र साथमा लिएर साधारणसभामा उपस्थित हुनुपर्नेछ । हरेक संघ/संस्थाले एक जना मात्र आधिकारीक प्रतिनिधि मनोनयन गरी पठाउनु पर्नेछ ।
४. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूको आवास तथा यातायात खर्च सम्बन्धित संघ/संस्था आफैंले व्यवस्था गर्नुपर्नेछ ।
५. बैङ्कको २२ औं साधारण सभामा उपस्थित हुने प्रतिनिधिलाई मात्र साधारण सभाबाट तय गरिएको निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न योग्य मानिनेछ ।
६. थप जानकारीका लागि बैङ्कको टोल फ्रि नम्बर १६६००१०२९९९, वेवसाईट (www.ncbl.coop), आधिकारिक सामाजिक सञ्जाल, केन्द्रीय कार्यालय, पुल्चोक तथा बैंकका शाखा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

बद्रीकुमार गुरागाईं
प्रमुख कार्यकारी अधिकृत

scan me

'हाम्रो लक्ष्यः सम्पूर्ण सहकारीको दिगो भविष्य'

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर ०१-५१८०१८२ WWW.NCBL.COOP ncbl@ncbl.coop

# परिकल्पना

"उत्कृष्ट वित्तीय सेवासहितको सहकारी बैंक"

## ध्येय

- सदस्यहरूको दिगो विकासका लागि नवीनतम प्रविधिसहित प्रतिस्पर्धी एवम् गुणस्तरीय वित्तीय सेवा प्रवाह गर्ने,
- नेतृत्व एवम् व्यावसायिक जनशक्ति विकास र परिचालन गरी जिम्मेवार व्यवसाय सञ्चालनमार्फत बैंक र सदस्यहरूमा संस्थागत सुशासन कायम गर्ने/गराउने,
- सहकारी क्षेत्रको व्यावसायिकता विकासका लागि सम्बन्धित सरोकारवालाहरुसँगको समन्वयमा निरन्तर बहस पैरवी गर्ने ।

## रणनीतिक स्तम्भहरू

- सदस्य सेवा तथा पैरवी,
- गुणस्तरीय वित्तीय सेवा,
- संस्थागत विकास तथा सुशासन,
- नवीनतम सूचना प्रविधि तथा प्राविधिक सेवा ।

# बैंकका उपलब्धिहरू

### अभियानको छाताको रूपमा बैंक

देशभरि दर्ता भएका करिब ३२ हजार सहकारीहरूमध्ये १६ हजारभन्दा बढीलाई गोलबद्ध गरी ७७ जिल्लाकै सम्पूर्ण सहकारीहरूको छाताको रूपमा बैंकलाई स्थापित गरिएको छ।



### नोक्सानी सहेर पनि बचतको सुरक्षा

शेयरमा लाभांश र कर्मचारीलाई बोनसबाट वञ्चित गरी सदस्यको बचत सुरक्षाको लागि सचेत हुँदै सम्भावित जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकता दिई पर्याप्त मात्रामा कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ।



### प्रतिकूल परिस्थितिमा समेत सदस्यको अटुट विश्वास

बैंकले लाभांश दिन नसक्दा पनि आ.व. २०८१/८२ मा करिब ११ करोड शेयर रकम थप गर्ने तथा शेयर रकमलाई निरन्तर कायम गर्ने सम्पूर्ण सदस्यहरुप्रति आभार प्रकट गर्दै बैंकप्रतिको विश्वास गुम्न नदिने प्रतिबद्धता व्यक्त गर्दछौं।



### मुद्दा जित्दै अगाडि बढ्दै

गैरबैंकिग सम्पत्ति र लिलाम बिक्री व्यवस्थापनको क्रममा अनेकौं प्रकारका मुद्दा मामिला झेल्नुपरिरहेको छ। यद्यपी, आ.व. २०८१/८२ मा फैसला भएका ६८ वटा मुद्दामध्ये ६४ वटा मुद्दा बैंकको पक्षमा भएको छ।




### स्वरोजगारीको सारथी सहकारी बैंक

सहकारीका सदस्यहरुलाई उद्यमशीलता मार्फत स्वरोजगार बनाउने, रोजगारी सिर्जना गर्ने र उत्पादन वृद्धिमा टेवा पुऱ्याउने जस्ता उद्देश्यहरु लिई १००० जनाको सहभागितामा महिला उद्यमशीलता विकास सम्बन्धी भर्चुअल कार्यक्रम सम्पन्न गरियो। यस प्रकारका कार्यक्रमलाई निरन्तरता दिँदै प्रशिक्षक विकास गर्ने लक्ष्य लिइएको छ।



### चुनौतीका बीच गैरबैंकिङ सम्पतिको व्यवस्थापन

गैरबैंकिङ सम्पत्तिको बिक्री तथा व्यवस्थापनमार्फत बैंकको वित्तीय अवस्था सुदृढ गर्न आवश्यक कार्यहरू गरिएको छ। आ.व. २०८१/८२ मा करिब १७ करोड बराबरको गैरबैंकिङ सम्पत्ति बिक्री गरिएको छ। साथै, सम्पूर्ण गैरबैंकिङ सम्पत्तिको नियमानुसार सुरक्षण व्यवस्थासमेत कायम गरिएको छ।



# बैंकका उपलब्धिहरु

### बैंक-सरकार साझेदारी सहुलियतमा कर्जा पाउने सहकारी

सदस्यहरूको आर्थिक समावेशीकरण र लक्षित वर्गको उत्थानका लागि सरकारसँगको साझेदारीमा सहुलियत कर्जा कार्यक्रम सञ्चालन गरिएको छ। जस अन्तर्गत, कोशी प्रदेशमा रु.४५ करोड कर्जा रकमको ब्याज अनुदान र बागमती प्रदेशमा रु.१० लाख ब्याज अनुदान प्रदान गर्न सकिने गरी सम्झौता गरिएको छ।




### बैंकमार्फत सहकारीलाई कर्जा सूचना

सदस्य संस्थाहरुको प्रत्यक्ष रुपमा कर्जा सूचना केन्द्रमा पहुँच नहुँदा बैंकले संस्थासँग सम्झौता गरी कर्जा सूचना उपलब्ध गराउन सहजीकरण गर्दै आएको छ । यसबाट, कर्जा जोखिम न्यूनीकरण गरी कर्जाको गुणस्तर कायम राख्न सहयोग पुगेको विश्वास लिइएको छ । बैंकका १४ वटा सदस्य सहकारी संस्थाहरूले यस सेवाको उपभोग गरिरहेका छन् ।




### स्तरीय सहकारी निर्माणमा बैंकको साथ

आ.व. २०८१/८२ मा ४,३६० सदस्य संस्थाहरुको अनलाइन प्रणालीमार्फत स्तर मापन गरी सुझाव प्रदान गरिएको छ। प्रोटेक्टमा र केयर कार्यक्रममा क्रमशः १०८ र २७ वटा संस्थाहरु सहभागी भई सेवा उपभोग गरिरहेका छन्। सबलीकरण कार्यक्रम अन्तर्गत ३ वटा स्थानीय तहसँगको साझेदारीमा ९५ वटा संस्थाको परीक्षण गरी सुधारको लागि सुझावसहितको प्रतिवेदन प्रस्तुत गरिएको छ।



### प्रविधि भित्र्याउँदै सदस्यसँग नजिकिँदै

सदस्यहरूलाई छिटो, छरितो, सहज र पारदर्शी सेवाप्रवाहका लागि प्रविधिमैत्री बैंकिङ्ग सेवाहरूको विकास र प्रर्वद्धन लगायतका गतिविधिहरु सञ्चालन गर्दिँदै आएको छ । जसमध्ये आ.व. २०८१/८२ मा २,१७४ संस्थामा QR सेवा, ५५५ संस्थामा CTS सेवा, १७ संस्थामा ATM सेवा, ३,५६८ संस्थामा Internet Banking र ५,६२४ SMS Banking सेवा उपलब्ध गराइएको छ।



### लिनु शिक्षा हाम्रो बनाऔं संस्था राम्रो

बैंकले सदस्य शिक्षा कार्यक्रम अन्तर्गत हरेक वर्ष सहकारी ज्ञान तथा मार्गदर्शन शृङ्खलामार्फत विभिन्न विषयमा सदस्यहरुलाई निःशुल्क तालिम प्रदान गर्दै आइरहेको छ । २,७४१ जनाको सहभागितामा अध्यक्ष र व्यवस्थापकको दक्षता अभिवृद्धि सम्बन्धी ७४ वटा दुई दिवसीय तालिम सम्पन्न गरियो ।



### समस्या सहकारीको समाधानमा पहल बैंकको

सदस्य सहकारी संघ/संस्थाको आवश्यकता सम्बोधन गर्नका लागि आ.व. २०८१/८२ मा विभिन्न विषयमाविषय विज्ञ मार्फत २३,५७१ को सहभागितामा ४० वटा साप्ताहिक भर्चुअल परामर्श कार्यक्रम सञ्चालन गरियो । अन्य समसामयिक विषयमा पनि समय-समयमा परामर्श सेवा प्रवाह गर्दिँदै आएको छ।



# विषय सूची


| क्र. सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | राष्ट्रिय अर्थतन्त्र र सहकारी क्षेत्रको विश्लेषण | १ |
| २ | सञ्चालक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन | ५ |
| २.१ | सदस्य सेवा तथा पैरवी | ६ |
| २.२ | गुणस्तरीय वित्तीय सेवा | ८ |
| २.३ | संस्थागत विकास तथा सुशासन | १० |
| २.४ | नवीनतम सूचना प्रविधि तथा प्राबिधिक सेवा | १२ |
| ३ | आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम | १५ |
| ३.१ | आ.व. २०८२/८३ को वित्तीय लक्ष्यहरू | १५ |
| ३.२ | आ.व. २०८२/८३ का कार्यक्रमहरू | १६ |
| ३.३ | आ.ब. २०८२/८३ को लक्ष्य प्राप्तिका लागि सम्भावित चुनौती र समाधानका उपायहरू | २० |
| ४ | लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकद्वारा प्रस्तुत आ.ब. २०८१/८२ को प्रतिवेदन | २२ |
| ४.१ | लेखा सुपरिवेक्षण समितिको कार्यप्रणाली | २३ |
| ४.२ | सुशासन तथा पारदर्शिता | २७ |
| ४.३ | लेखा सुपरिवेक्षण समितिका सुझाव कार्यान्वयनको अवस्था र विश्लेषण | ३१ |
| ४.४ | लेखा सुपरिवेक्षण समितिको तर्फबाट सुझाव | ३३ |
| ५ | आ.ब. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन (लेखा टिप्पणीसहित) | ३४ |
| ६ | शाखा कार्यालयहरूको विवरण | ११३ |

# १. राष्ट्रिय अर्थतन्त्र र सहकारी क्षेत्रको विश्लेषण

## १.१ राष्ट्रिय अर्थतन्त्रको समग्र पृष्ठभूमि

विश्वव्यापी आर्थिक सङ्कुचन तथा देशको राजनीतिक अनिश्चितताका बाबजुद मौद्रिक स्थिरता, नियन्त्रित मुद्रास्फीति र पर्याप्त विदेशी मुद्रा सञ्चिति जस्ता सूचकहरूले राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणमा सकारात्मक संकेत देखिएको छ। सेवा क्षेत्रको तीव्र विस्तार, पर्यटन क्षेत्रको पुनरुत्थान तथा विप्रेषण आप्रवाहमा लगातार वृद्धिले आर्थिक स्थायित्वमा अनुकुल वातावरणको सिर्जना भएको छ। विप्रेषणले शोधनान्तर स्थिति मजबुत बनाउनुको साथै वित्तीय प्रणालीलाई थप सहजता प्रदान गरेको छ।

केही सकारात्मक आर्थिक सूचकहरूका बावजुत आन्तरिक आर्थिक गतिविधिहरू अझै पनि तीव्र रूपमा चलाईमान हुन सकिरहेका छैनन्। कृषि र औद्योगिक क्षेत्रको न्यून वृद्धि, पुँजीगत खर्चको न्यून कार्यान्वयन, सहकारी क्षेत्रमा उत्पन्न विश्वासको संकट, निजी क्षेत्रको लगानीमा कमी तथा अपेक्षित रूपमा राजस्व सङ्कलन नहुनु मुख्य चुनौतीका रूपमा रहेका छन्। समग्र मूल्यवृद्धिमा नियन्त्रण देखिए पनि दैनिक उपभोग्य वस्तुको महँगीले थप आर्थिक भार महसुस गरिरहेका छन्।

आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा निष्क्रिय कर्जाको अनुपातमा वृद्धि भएको छ। त्यसै गरी आ.व. २०८२/८३ मा युवा वर्गमा देखिएको सामाजिक जागरण (Gen–Z आन्दोलन) ले सुशासन र जवाफदेहिताको आवश्यकतालाई थप उजागर गरेको छ जसले गर्दा वित्तीय क्षेत्रमा समेत थप आन्तरिक दबाब सिर्जना हुन पुगेको छ।

भू-राजनीतिक जोखिम, प्राकृतिक प्रकोप र संरचनागत कमजोरीले नेपालको आर्थिक उन्नयनमा नकारात्मक प्रभाव पारिरहेका छन्। दिगो विकासका लागि उत्पादनमा आधारित अर्थतन्त्रतर्फ रुपान्तरण, औद्योगिक क्षेत्र सुदृढीकरण, पूर्वाधार विकास, नीतिगत स्पष्टता र कार्यान्वयन क्षमता वृद्धि अपरिहार्य छन्। पर्यटन तथा जलविद्युत लगायतका क्षेत्रको प्रभावकारी उपयोग र वित्तीय अनुशासनका माध्यमबाट दिगो तथा समावेशी आर्थिक विकास हासिल गर्न सकिने देखिन्छ।

## १.२ आर्थिक सर्वेक्षण २०८१/८२ का आधारमा राष्ट्रिय अर्थतन्त्रको समीक्षा

| क्र. सं. | प्रमुख सूचक | आ.व. २०८१/८२ (अनुमान/विवरण) | आ.व. २०८०/८१ सँगको तुलनात्मक विश्लेषण |
|---|---|---|---|
| १ | नेपालको आर्थिक वृद्धिदर र आकार | वृद्धिदरः ४.६१ प्रतिशत<br>आकारः रु. ६१ खर्ब ७ अर्ब | आ.ब. २०८०/८१ को आर्थिक वृद्धिदर (३.६७%) को तुलनामा यस आ.ब. को आर्थिक वृद्धिदर ०.९४ प्रतिशतले बढी रहने अनुमान छ । कृषि, विद्युत तथा ग्याँस, यातायात र भण्डारण लगायतका क्षेत्रमा भएको वृद्धिका कारण चालु आर्थिक वर्षमा अर्थतन्त्र थप गतिशील बन्दै गएको छ । |
| २ | क्षेत्रगत उत्पादन वृद्धि | सेवाः ४.२१ प्रतिशत,<br>कृषिः ३.२८ प्रतिशत,<br>उद्योगः ४.५३ प्रतिशत | गत आर्थिक वर्षको कृषि क्षेत्रको उत्पादन वृद्धिदर ३.३५% को तुलनामा यो वर्ष ०.९४ प्रतिशतले कमी आएको छ भने सेवा क्षेत्रमा ०.१४ प्रतिशतले कमी भएको देखिन्छ। यद्यपि उद्योग क्षेत्रमा भने ४.४२ प्रतिशतले वृद्धि हुँदा त्यसले समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। |
| ३ | प्रतिव्यक्ति आय | प्रतिव्यक्ति कुल राष्ट्रिय अनुमानित आयः १,५१७ (अमेरिकी डलर) | गत वर्षको प्रतिव्यक्ति आय (१,४६७ अमेरिकी डलर) को तुलनामा यस वर्षको १,५१७ (अमेरिकी डलर) वृद्धि सकारात्मक छ । नेपालले सन् २०२४ मा भएको त्रिवर्षीय समीक्षामा पहिलो पटक प्रतिव्यक्ति कुल राष्ट्रिय आय सूचकाङ्कको मापदण्ड समेत पूरा गरेको छ । यससँगै विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि निर्धारित तीनवटै मापदण्डमा नेपाल योग्य भएको छ । |
| ४ | उपभोक्ता मुद्रास्फीती (औसत) | ४.०६ प्रतिशत | गत आर्थिक वर्षको सोही अवधि (५.४४%) को तुलनामा हालको उपभोक्ता मुद्रास्फीतिमा उल्लेख्य कमी (१.३८ प्रतिशत) देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा आएको कमी, छिमेकी मुलुकको मुद्रास्फीतिमा कमी लगायतका कारणले मूल्य नियन्त्रणमा सहयोग पुगेको छ । मुद्रास्फीति वाञ्छित सीमाभित्र नै रहेको छ । |

| क्र. सं. | प्रमुख सूचक | आ.व. २०८१/८२ (अनुमान/विवरण) | आ.व. २०८०/८१ सँगको तुलनात्मक विश्लेषण |
|---|---|---|---|
| ५ | वस्तु निकासी र पैठारी | निकासीः रु. २ खर्ब ७७ अर्ब ०३ करोड (८१.८% ले वृद्धि), पैठारीः रु. १८ खर्ब ०४ अर्ब १२ करोड (१३.३% ले वृद्धि) | कुल वस्तु निकासी गत वर्षको तुलनामा उच्च र उत्साहजनक तवरले (८१.८%) ले वृद्धि भएको छ। पैठारीमा भएको वृद्धि (१३.३%) ले आर्थिक गतिविधि बढेको देखिए पनि, निकासीको तुलनामा पैठारी अझै पनि धेरै बढी हुँदा व्यापार घाटा ६ प्रतिशतले वृद्धि भई १५ खर्ब २७ अर्ब ९ करोड कायम रहेको छ। |
| ६ | विप्रेषण आप्रवाह | रु. १७ खर्ब २३ अर्ब २७ करोड (१९.२% ले वद्धि) | विप्रेषण आप्रवाहमा उच्च वृद्धि कायम छ। यसले देशको बाह्य क्षेत्रको स्थिरता र शोधनान्तर बचत कायम राख्न महत्वपूर्ण टेवा पुऱ्याएको छ। २०८२ आषाढसम्मको विप्रेषण आय १२ अर्ब ६४ करोड अमेरिकी डलर रहेको छ। |
| ७ | शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चिति | शोधनान्तरः रु. ५ खर्ब ९४ अर्ब ५४ करोडले बचतमा रहेको, कुल विदेशी विनिमय सञ्चितिः रु. २६ खर्ब ७७ अर्ब ६८ करोड (३१.२० % ले वृद्धि) | विदेशी विनिमय सञ्चितिले १८.२ महिनाको वस्तु पैठारी धान्न पर्याप्त हुने देखिएको छ जसले गर्दा बाह्य क्षेत्रको जोखिम व्यवस्थापनमा सहज भएको छ। यद्यपि, शोधनान्तर बचत गत वर्षको तुलनामा रु. ९२ अर्ब ५ करोड वृद्धि भएको छ। |
| ८ | वाणिज्य बैङ्कको भारित औसत ब्याजदर | निक्षेपमा ४.१९% र कर्जामा ७.८५% | २०८१ आषाढ मसान्तको तुलनामा निक्षेप (५.७७%) र कर्जा (९.९३%) दुवैको ब्याजदरमा उल्लेख्य कमी आएको छ। यसले बजारमा तरलता सहज भएको र कर्जाको माग बढाउन प्रोत्साहन मिल्ने देखिन्छ। |
| ९ | निष्क्रिय कर्जाको औसत अनुपात | ४.६२ प्रतिशत | २०८१ आषाढ मसान्त (३.८६%) को तुलनामा निष्क्रिय कर्जाको अनुपात ०.७६ प्रतिशतले बढेको छ। यो बैंकिङ क्षेत्रका लागि मुख्य चुनौती हो र कर्जाको गुणस्तर कायम राख्न तथा वित्तीय जोखिम कम गर्न तत्काल थप निगरानी र व्यवस्थापनको आवश्यकता देखिएको छ। |
| १० | विद्युत क्षमता र पहुँच | कुल जडित क्षमताः ३,५९१ मेगावाट, पहुँचः ९९.० प्रतिशत जनसङ्ख्या | कुल जडित विद्युत क्षमता बढ्नु र ९९ प्रतिशत जनसङ्ख्यामा वैकल्पिक ऊर्जासहित विद्युतको पहुँच पुग्नु ऊर्जा क्षेत्रको महत्वपूर्ण उपलब्धि हो। यसले औद्योगिक तथा घरायसी माग पूर्तिमा सहयोग पुगेको देखाउँछ। |
| ११ | सम्पत्ति शुद्धीकरण निवारण | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि ग्रे-लिष्टको सूचीबाट बाहिर ल्याउन शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ लागू | यस अन्तर्गत मूख्यतः राष्ट्रिय जोखिम मूल्याङ्कन, सम्पत्ति शुद्धीकरणको अनुसन्धान र वित्तीय/गैरवित्तीय क्षेत्रका सूचक संस्थाको जोखिममा आधारित सुपरीवेक्षणलाई उच्च प्राथमिकता दिइएको छ । |

## १.३ सहकारी क्षेत्रका समस्या/चुनौती र समाधानका सम्भावित उपायहरू

नेपालको संविधानले सामूहिक स्वामित्व र समावेशिताको आधारमा सहकारीलाई समाजवाद उन्मुख अर्थतन्त्रको एक प्रमुख मेरुदण्डको रूपमा परिभाषित गरेको छ। सहकारीले ग्रामीण वित्तीय पहुँच विस्तार, पुँजी सङ्कलन, रोजगारी सिर्जना र विशेष गरी सीमान्तकृत समुदायहरूको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यद्यपि, विगतका केही वर्षहरूमा सहकारी क्षेत्रभित्र देखिएका जटिलताका कारण सहकारी प्रतिको जनविश्वासमा गिरावट आएको छ। सुशासनको अभाव, पारदर्शितामा कमी, संस्थाभित्र देखिएको व्यक्तिगत तथा पारिवारिक नियन्त्रण, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, समुचित रूपमा लेखापरीक्षण नहुनु, डिजिटल प्रविधिको प्रयोगमा कमी हुनु र सदस्यहरूको सक्रिय सहभागितामा कमी लगायतका कारणहरूले सहकारी क्षेत्रमा अनपेक्षित समस्याहरू देखापरिरहेका छन्। नियमनकारी निकाय र सहकारी अभियानबीच समन्वयको कमी तथा सहकारी सञ्चालन र नियमनसम्बन्धि नीतिगत व्यवस्थाको

समयमै प्रभावकारी कार्यान्वयन नहुँदा समस्याहरू थप जटिल बन्दै गएका छन् । सहकारी संस्थाहरूमा वित्तीय अनुशासनको कमजोर अवस्था, अपर्याप्त कर्जा जोखिम व्यवस्था, तथ्यांक तथा सूचनाहरूलाई नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको अभाव, सम्पत्ति-दायित्व व्यवस्थापनको कमजोर अवस्था र सहकारी क्षेत्रमा प्राविधिक रूपान्तरणमा ढिलाई हुनु लगायतका प्रमुख समस्याको रूपमा देखिएका छन् । यसका अतिरिक्त, दक्ष तथा व्यवसायिक जनशक्तीको अभाव र ग्रामीण तथा दुर्गम क्षेत्रमा सहकारीका सञ्चालक तथा कर्मचारीहरूका लागि आवश्यक प्रशिक्षणको कमी लगायतका समस्याहरूको समाधान नहुँदा सहकारी क्षेत्रमा थप क्षति पुगेको छ । उल्लिखित समस्याहरूको समाधानका लागि सरकार र नियमनकारी निकायहरूले विभिन्न सुधारात्मक उपायहरू पहिचान गरी सोको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आजको आवश्यकता हो । सहकारी संस्थाहरूमा वित्तीय अनुशासन कायम गर्न डिजिटल लेखा प्रणाली र अनलाईन दर्ता प्रक्रियाको व्यवस्थापन, एकीकृत सूचना प्रणालीको विकास, अनिवार्य जोखिम मूल्याङ्कन प्रणाली लागु र संस्थाको समिति र कर्मचारीहरूको दक्षता अभिवृद्धि लगायतका कार्यक्रमहरू लागु गर्न आवश्यक देखिन्छ । यी सुधारका उपायहरूलाई प्रभावकारी र निष्पक्ष रूपमा कार्यान्वयन गर्न सकिएमा सहकारी क्षेत्रले पुनः विश्वास स्थापित गर्न सक्ने देखिन्छ ।

## १.४ नेपालमा सहकारीको विकासक्रम



## १.५ सहकारीको वर्तमान अवस्था

सहकारी संस्थाहरूले ग्रामीण वित्तीय पहुँच विस्तार, उद्यमशीलता विकास, रोजगारी सिर्जना र स्थानीय पुँजी सङ्कलनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । सहकारीहरूले विशे षगरी किसान, साना व्यवसायी, महिला र सीमान्तकृत समुदायलाई वित्तीय सेवा तथा अवसर प्रदान गर्दै उनीहरूको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सरकारले सहकारी मार्फत उत्पादनमुखी, पारदर्शी र दिगो आर्थिक विकासको नीति अवलम्बन गरेको छ । सहकारी क्षेत्रलाई दिगो, पारदर्शी र उत्तरदायी बनाउनका लागि सरकारले आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ का बजेट तथा मौद्रीक नीतिहरू मार्फत विभिन्न नीतिगत सुधारका पहलहरू अघि बढाएको छ, जसको मुख्य उद्देश्य सहकारीलाई औपधचारिक वित्तीय प्रणालीसँग जोड्दै कृषि, साना उद्योग, पशुपालन र सेवा क्षेत्रमा उत्पादनमुखी लगानी प्रवर्द्धन गर्नु रहेको छ । साथै, सहकारी बचत सुरक्षण कोष, कर्जा असुली न्यायाधीकरण, कर्जा सूचना केन्द्र स्थापना र राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) को सुदृढीकरण जस्ता संस्थागत सुधारहरूका साथै प्रविधि प्रयोग गरी डिजिटल रूपान्तरण, वित्तीय साक्षरता विस्तार तथा समस्याग्रस्त सहकारीको एकीकृत सूचना प्रणाली र लेखापरीक्षण सुधारमार्फत व्यवस्थापन गर्ने प्रयासहरू पनि कार्यान्वयन प्रक्रियामा छन् ।

### तथ्याङ्कमा सहकारी क्षेत्र (आ.व. २०८१/८२)

| विवरण | तथ्याङ्क |
|---|---|
| सहकारी संस्थाको कुल संख्या | ३२,९६५ संस्था |
| कुल सदस्य संख्या | १,०९,५१,१९२ जना |
| जम्मा सेयर पुँजी | रु. १ खर्ब ४३ अर्ब २९ करोड |
| कुल बचत/निक्षेप | रु. ११ खर्ब २५ अर्ब २८ करोड |
| कर्जा/ऋण प्रवाह | रु. ९ खर्ब २३ अर्ब ४७ करोड |
| प्रत्यक्ष रोजगार | ९०,२६५ व्यक्ति |
| जिल्ला सहकारी संघ | ७० |
| विषयगत जिल्ला संघ | २५६ |
| केन्द्रीय विषयगत संघ | १९ |
| सहकारी बैंक | १ |
| राष्ट्रिय सहकारी महासंघ | १ |

स्रोतः आर्थिक सर्वेक्षण २०८१/८२ (जेठ, २०८२)

# २. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन तथा आ.व. २०८२/८३ को प्रस्तावित बजेट तथा कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लिमिटडको २२ औं वार्षिक साधारणसभामा आतिथ्यता गर्नु भएका सम्माननीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, नियमनकारी निकायका प्रतिनिधिज्यूहरू, स्थानीय तहका प्रतिनिधिज्यूहरू, सदस्य संघ/संस्थाबाट आउनुभएका प्रतिनिधि र पर्यवेक्षकज्यूहरू, बैंकका लेखापरीक्षकज्यूहरु, सल्लाहकार, कानुनी सल्लाहकार एवम् प्रबुद्ध समूहका सदस्यज्यूहरू, सञ्चारकर्मी मित्रहरू, सुरक्षाकर्मी तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारी अभिवादन व्यक्त गर्दछु।

यस साधारणसभामा हामी आ.व. २०८१/८२ मा बैंकले हासिल गरेका मुख्य उपलब्धिहरू, गत साधारणसभाबाट स्वीकृत लक्ष्य तथा कार्यक्रमको प्रगति अवस्था र चालु आ.व. २०८२/८३ का लागि तय गरिएका प्रस्तावित कार्यक्रम तथा बजेट यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छौं।

## २.१ आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था

सदस्य सहकारीहरूले आफ्नै हितका लागि सुरु गरेको र सदस्यमै समर्पित हुँदै आएको यस बैंकले दुई दशक पार गरिसक्यो। यस अवधिसम्ममा बैंकले १६ हजारभन्दा बढी सहकारी संस्थाहरूलाई आबद्धता गराई पचास अरबभन्दा बढीको सम्पत्ति एकतृत गर्न सफल भएका छौं। यद्यपि, कोभिड–१९ र त्यसपछि आएको आर्थिक मन्दी लगायतका कारणले सहकारी क्षेत्रमा भएको क्षयबाट बैंकसमेत अछुतो रहन सकेन। यसका बावजुद बैंकले विगतका समयमा पनि विविध आवधिक योजना तयार गरी उक्त योजना अनुसार निर्धारण गरिएका लक्ष्य तथा उद्देश्यहरू पूरा गर्दै आइरहेको छ। पछिल्लो समय बैंकले तयार गरेको १० वर्षे (२०७८–२०८८) रणनीतिक योजना अन्तर्गत "गुणस्तरीय वित्तीय सेवासहितको सहकारी बैंक" भन्ने परिकल्पनालाई साकार पार्न बैंक निरन्तर तल्लीन छ। उक्त दीर्घकालीन योजनाका लक्ष्य र उद्देश्यको लय र गतिका आधारमा बैंकले वार्षिक योजना तय गरी वर्षभरि सञ्चालन गरिने समग्र कार्यक्रमहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्दै आइरहेको छ। देशको समग्र अर्थतन्त्रसँगै सहकारी क्षेत्रले पनि विविध समस्याहरू झेलिरहेको प्रतिकूल अवस्थालाई मध्यनजर गर्दै बैंकले आ.व. २०८१/८२ को कार्यक्रम तय गरेको थियो। योजना निर्माणका क्रममा आक्रमक रूपमा वृद्धि विकासभन्दा सुरक्षात्मक र सन्तुलन कायम गर्ने तर्फ केन्द्रित भई बजेट कार्यक्रम तय गरिएको थियो। यिनै रणनीतिक योजनामा उल्लिखित चारवटा स्तम्भहरूलाई आधार मानी स्तम्भगत रूपमा तपसिल अनुसार गत आ.व. को प्रगति विवरण प्रस्तुत गरिएको छ।

## २.२ कार्यक्रमहरूको स्तम्भगत समीक्षा

### स्तम्भ १ : सदस्य सेवा तथा पैरवी अन्तर्गत




| | |
|---|---|
| १. | नेपाल सरकारबाट प्रकाशित तथ्याङ्क अनुसार दर्ता भएका कुल ३२,९६५ वटा सहकारी संस्थाहरूमध्ये यस प्रतिवेदन तयार पार्ने अवधिसम्म १६,४६० सदस्यहरू बैंकमा आबद्ध रहेका छन् । यसर्थ, दर्ताका आधारमा कूल सहकारी संस्थाको ४९.५ प्रतिशत सहकारी संस्था बैंकका सदस्य बनिसकेका छन् । |
| २. | आ.व. २०८१/८२ मा शिक्षा तालिम अन्तर्गत ६८७ वटा कार्यक्रम सम्पन्न गरिएको छ । बैंकको आयोजना, प्राविधिक सहयोग, सरकार तथा सहकारी संघ/क्लब साझेदारी, भौतिक तथा भर्चुअल लगायतका सःशुल्क तथा निःशुल्क तालिमहरू सञ्चालन गरिएका छन् । यी कार्यक्रमहरूमा ४८,७८९ जनाको सहभागिता रहेको थियो । |
| ३. | सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत आधारभूत स्तरीकरण कार्यक्रम निःशुल्क रूपमा सबै सदस्यको लागि सञ्चालन गरिएको छ। प्रदेश स्तरमा प्रोटेक्ट (PROTECT) र राष्ट्रिय स्तरमा केयर (CARE) कार्यक्रम सञ्चालित छन्। आधारभूत स्तरीकरण कार्यक्रम अन्तर्गत ४,३६० सहकारी संस्थाहरूले स्तरोन्नतीका लागि सुझाब प्राप्त गरेका छन्। त्यसैगरी बैंकले सञ्चालन गरेको प्रोटेक्ट कार्यक्रममा १०८ वटा संस्था र केयर कार्यक्रममा २७ वटा संस्थाहरू आवद्ध भइ स्तरोन्तीका लागि लिखित सुझावहरू प्राप्त गरेका छन् । बैंकको व्यावसायमा योगदान पुर्‍याएका संस्थालाई प्रोटेक्टमा शुल्क छुट गरिएको छ । |
| ४. | स्थानीय सरकारसँगको साझेदारीमा संस्थाको परीक्षण र स्तरोन्नतिका लागि सुझाव तथा मार्गदर्शन प्रदान गर्ने कार्यक्रम सवलीकरण कार्यक्रम हो । जस अन्तर्गत आ.व. २०८१/८२ मा बागमती प्रदेश अन्तर्गत काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका, गण्डकीमा कास्कीको अन्नपूर्ण गाउँपालिका र लुम्बिनीमा अर्घाखाँचीको छत्रदेब गाउँपालिका गरी ३ प्रदेशका ३ पालिकाका ९५ सहकारी संस्थाहरूको परीक्षण गरी प्रतिवेदन उपलब्ध गराई समीक्षा कार्यशाला सञ्चालन गरियो । |
| ५. | बैंकले आफ्नो शिक्षा तथा तालिम कोषको उपयोग गरी सदस्यहरूलाई निःशुल्क तालिम प्रदान गर्ने रणनीति अनुरूप सहकारी ज्ञान तथा मार्गदर्शन शृङ्खला विकास गरी वार्षिक रूपमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । जस अन्तर्गत सिकाइ कार्यान्वयनमा सहजता ल्याउन नेतृत्व र व्यवस्थापन प्रमुखको सहभागिता गराउन प्राप्त अनिवार्य रहेको सुझावलाई ग्रहण गर्दै, सहकारी शिक्षा कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा अध्यक्ष र व्यवस्थापकको दक्षता अभिवृद्धि तालिम सञ्चालन गरियो । सदस्य शिक्षा कार्यक्रम अन्तर्गत दुई दिवसिय ७४ वटा कार्यक्रमहरूमा कुल २,७४१ जनाको सहभागिता रहेको थियो । |

| | |
|---|---|
| ६. | स्थानीय सरकार, जिल्ला, प्रदेश, केन्द्रीय संघ तथा सहकारी म्यानेजर्स क्लबसँगको साझेदारी तथा समन्वयमा सहकारी ऐन, नियमन मापदण्ड, विभागको निर्देशन र सम्पत्ति दायित्व व्यवस्थापन जस्ता समसामयिक विषयमा तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरियो । ऋण व्यवस्थापन, कोपोमिस, रणनीतिक योजना तर्जुमा, आन्तरिक लेखा परीक्षण, ऋण जोखिम व्यवस्थापन र नेतृत्व तहको दक्षता अभिवृद्धि लगायतका विभिन्न विषयहरूमा जम्मा ७७ वटा तालिम कार्यक्रम सम्पन्न भएका छन् । |
| ७. | सहकारी मैत्री ऐन कानुन निर्माणका लागि निरन्तर वहस पैरवी गरिँदै अएको छ । सहकारीसँग सम्बन्धित विविध विषयमा परामर्श कार्यक्रमहरू सञ्चालन गरिदै आएको छ । सदस्यहरूको सहजताका लागि विषयविज्ञ मार्फत ४० वटा साप्ताहिक भर्चुअल परामर्श कार्यक्रम सञ्चालन गरियो, जसमा २३,५७१ जनाको सहभागिता रहेको थियो । सदस्यहरूको रूचि र मागको सम्बोधन स्वरूप परामर्श सेवालाई प्रदेश तहबाट सञ्चालन गर्ने गरी अगाडि बढिएको छ । |
| ८. | उत्कृष्ट कार्यसम्पादनका लागि प्रोत्साहन स्वरूप बैंकले नीतिगत व्यवस्था गरी उत्कृष्टताको आधारमा आ.ब. २०८०/८१ अन्तर्गत विभिन्न विधामा १४४ वटा सहकारी संघ/संस्थाहरू, राष्ट्रिय व्यक्तित्वतर्फ ३ जना, बैंकमा दीर्घ सेवा पदक १ जना र बैंक व्यवस्थापनबाट ३ जना कर्मचारी र १ शाखा कार्यालय गरी जम्मा १५२ वटा सम्मान/पुरस्कार प्रदान गरियो । |
| ९. | सहकारीको आवश्यकता र उपादेयतामाथि प्रश्न उठिहेको हालको अवस्थामा बैंकले सदस्यहरू मार्फत रोजगारी सिर्जना र उत्पादन वृद्धिका लागि आ.व. २०८१/८२ मा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने योजना राखेको थियो । सहकारीमा महिला उद्यमशीलताको सान्दर्भिकतालाई महसुश गरी अन्तराष्ट्रिय नारी दिवसका अवसरमा भर्चुअल कार्यक्रम आयोजना गरियो । यस कार्यक्रममा सहकारी नेतृत्व र उच्च व्यवस्थापनका करिब १००० जनाको सहभागिता रहेको थियो। |
| १०. | एन.सि.बि.एल विद्युतीय पुस्तकालयमा सहकारी संघ/संस्थाहरूका लागि आवश्यक सम्पूर्ण सामग्रीहरूको सँग्रह गरी समयानुकूल अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ। यसमा नमुना कार्यविधि, तालिम सामग्री, COPOMIS, goAML लगायतका उपयोगी सामग्रीहरू समावेश गरीएका छन् । आगामी दिनमा यसको थप स्तरोन्नति गरी सहकारी क्षेत्रको Solution Centre को रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । |
| ११. | आ.व. ०८१/८२ मा ५ वटा प्रदेशमा प्रदेशस्तरीय "सदस्य भेटौं सदस्य सुनौं" कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा सदस्यहरूबाट लाभांश वितरण, कर्जा लगानी प्रक्रियामा जटिलता, ब्याजदर र नीतिगत समन्वयको अभाव जस्ता महत्वपूर्ण सुझाव तथा जिज्ञासाहरू प्राप्त भएका छन् । सदस्यहरूबाट प्राप्त सुझाव तथा जिज्ञासाहरूलाई यथोचित संबोधन गर्ने गरी बैंकले यस आ.व.मा कार्यक्रम तथा योजना तयार गरेको छ । यद्यपी प्राप्त सुझाव बमोजिम लाभांस वितरण गर्नको लागि सदस्यहरूले उपभोग गरेको कर्जा समयमा नै भुक्तानी गरी सहयोग गरिदिनु हुन समेत अनुरोध छ । त्यसैगरी अन्य सुझावहरूको हकमा भने नियमनकारी निकायको निर्देशनको पालनामा कुनै पनि समस्या नहुने गरी र बैंकको जोखिम बढावा नहुने गरी समग्र सुझावको पालनामा बैंक प्रतिबद्ध रहेको व्यहोरा अनुरोध गर्दछौं । |
| १२. | नेपालको सहकारी अभियानलाई व्यवस्थित र परिष्कृत बनाउन बैंकले अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको समन्वयमा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ, तापनि नेपालको सहकारी अभियान पछाडि भएकाले धेरै विषयहरू सिक्न बाँकी रहेका छन् । यसै सन्दर्भमा, सहकारीको संस्थागत दीगो विकास र स्तरोन्नतिका लागि एशियाली ऋण महासंघ (ACCU) ले विकास गरेको "फिट एन्ड प्रोपर" कार्यक्रमको मापदण्ड र सूचकांकहरूको जानकारी र प्रयोगका लागि भर्चुअल माध्यमबाट छलफल गरिएको कार्यक्रममा ५० वटा संस्थाका १०० जना कार्यकारी प्रमुखहरूको सहभागीमा सफलतापूर्वक सम्पन्न गरिएको छ । |
| १३. | आ.व. २०८१/८२ मा शाखा कार्यालयहरू मार्फत समसामयिक विभिन्न विषयमा १४३ वटा लघु गोष्ठीहरू सम्पन्न गरियो । सहकारी सम्बद्ध ऐन कानुन, सहकारीमा महिला तथा युवा सहभागिता, कर्जा जोखिम व्यवस्थापन, धितो मूल्याङ्कन , कर्जा असुली, सहकारी विभागबाट जारी पछिल्ला निर्देशनका बारेमा, राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको सहकारी नियमन मापदण्ड २०८२ लगायतका विषयमा शाखा कार्यालयहरू मार्फत विभिन्न मितिमा गोष्ठी सम्पन्न गरिएको थियो । |

## स्तम्भ २: गुणस्तरीय वित्तीय सेवा




| | |
|---|---|
| १. | बैंकले सहकारी क्षेत्रको समग्र विकासका लागि वित्तीय कारोबारसँगै संस्थागत विकासमा जोड दिँदै एन.सि.बि.एल सदस्य शिक्षा तथा मार्गदर्शन शृङ्खला अन्तर्गत देशैभरि वित्तीय साक्षरता र क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गरिरहेको छ। यी कार्यक्रमहरूले सञ्चालक तथा कर्मचारीहरूलाई सुशासन, जोखिम व्यवस्थापन र प्रविधिको प्रयोग जस्ता विषयमा प्रशिक्षित गरी सदस्य सहकारीहरूको सञ्चालन दक्षता, नेतृत्व क्षमता र सुशासनमा वृद्धि गर्नुका साथै उनीहरूलाई वित्तीय जोखिमबाट जोगाउँदै दिगोपन हासिल गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ। |
| २. | सहकारी मूल्यमा आधारित नियमित बचत र क्रमिक बचत जस्ता विविध बचत योजनाहरू सञ्चालन गरी सानो आकारको र दीर्घकालीन पुँजी सङ्कलनको रणनीति अवलम्बन गरिएको छ। नियमित बचतले सदस्यहरूलाई जुनसुकै समयमा पनि रकम जम्मा गर्न र निश्चित समयपछि निकाल्न सक्ने लचिलोपन प्रदान गर्दछ, जसले गर्दा दैनिक कारोबार र तरलता व्यवस्थापनमा सहजता आउनेछ। त्यस गरी क्रमिक बचतले एउटा निश्चित अवधिसम्म हरेक महिना थोरै रकम जम्मा गर्दै जाने बानीको विकास गर्नुका साथै भविष्यमा ठूलो वित्तीय लक्ष्य प्राप्त गर्न मद्दत पुग्दछ। यस किसिमको कारोबारले बैंक र सदस्य दुबै पक्षलाई जोखिम न्यूनीकरण र दिगो विकासमा टेवा पुऱ्याउनेछ। |
| ३. | बैंकले सदस्य सहकारी संघ/संस्थाहरूबाट सदस्य सन्तुष्टि फारम, गोष्ठी र गुनासो पेटिका जस्ता विभिन्न माध्यमबाट सुझाव (Feedback) सङ्कलन गरी सेवा परिमार्जन र नयाँ सेवा उत्पादन तथा विकासमा जोड दिएको छ। प्राप्त रचनात्मक प्रतिक्रियाहरूको गहन विश्लेषण गरी बैंकले विद्यमान वित्तीय उत्पादनहरूमा समयसापेक्ष सुधार गर्नुका साथै सदस्यको मागअनुसार डिजिटल बैंकिङ र विशेष कर्जा योजना जस्ता नयाँ सेवाहरूको विकासलाई प्राथमिकता दिएको छ। यो निरन्तर प्रक्रियाले बैंकको सेवालाई सदस्य मैत्री र बजार प्रतिस्पर्धी बनाई बैंक र सदस्यबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन सहयोग पुऱ्याएको छ। |
| ४. | बैंकले सदस्य सहकारीहरूको आवश्यकता अनुसार धितो र विनाधितो दुवै प्रकारका कर्जा सुविधा प्रदान गर्दै आएको छ। धितोमा आधारित कर्जा विशेष गरी दीर्घकालीन लगानीका लागि सम्पत्ति सुरक्षण राखी उपलब्ध गराइन्छ भने, विनाधितो कर्जा साना र लघुवित्त परियोजनाका लागि संस्थाको वित्तीय स्वस्थता र सामूहिक जमानतको आधारमा लगानी गरिन्छ। यस नीतिले धितोविहीन संस्थाहरूलाई समेत वित्तीय पहुँच प्रदान गरी व्यवसाय सञ्चालन र तरलता व्यवस्थापनमा सहयोग पुऱ्याएको छ। |
| ५. | आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूले बैंकको सेवा सम्बन्धमा व्यक्त गरेका असन्तुष्टि वा समस्याहरूलाई छिटो, प्रभावकारी र न्यायोचित तरिकाले सम्बोधन गर्न एक प्रभावकारी गुनासो निवारण प्रणाली (Effective Grievance Redressal System) को विकास गरेको छ। यो प्रणाली बैंकको वेवसाइटमा उपलब्ध छ, जसले गुनासोहरूलाई उचित रूपमा दर्ता ट्र्याकिङ र समाधानको लागि तोकिएको समयसीमाभित्र कारबाही गर्ने प्रक्रिया सुनिश्चित गर्दछ। यस प्रणालीको मुख्य उद्देश्य सदस्यहरूको विश्वास कायम राख्नु र गुनासोहरूको पुनरावृत्ति हुन नदिन सेवा प्रक्रियामा सुधार गर्नु हो। |
| ६. | नेपालको अर्थतन्त्रमा साना तथा मझौला (SME) क्षेत्रको योगदानलाई ध्यानमा राख्दै बैंकले SME कर्जा प्रवाह कार्यक्रम सञ्चालन गरेको छ। यसको मुख्य लक्ष्य उद्यमशीलता बढाउनु, रोजगारी सिर्जना गर्नु र आयात प्रतिस्थापन गर्ने व्यवसायलाई टेवा पुऱ्याउनु हो। |

| | |
|---|---|
| ७. | बैंकले आफ्ना सदस्य सहकारी संस्थाहरूमार्फत वित्तीय पहुँच बढाउन विप्रेषण (Remittance) र भुक्तानी सेवाहरू प्रदान गर्दछ । स्वदेशी रेमिट्यान्स कम्पनीहरूसँगको सम्झौतामार्फत बैंकले विश्वभरबाट आएको विप्रेषण रकम आफ्ना शाखा र सदस्य सहकारी संस्थाहरूको सञ्जालबाट ग्रामीण तहसम्म सहज र सुरक्षित रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाएको छ । यसका अतिरिक्त, बैंकले सदस्य सहकारीहरूलाई विद्युत महसुल, टेलिफोन बिल, मोबाइल रिचार्ज र अन्य शुल्कहरू भुक्तानी गर्न सक्ने भुक्तानी सेवाको सुविधा पनि उपलब्ध गराएको छ । यी सेवाहरूले नगद कारोबारको झन्झट कम गरी समय बचत गर्नुका साथै सहकारी संस्थाहरूलाई बहु-सेवा प्रदायक केन्द्रका रूपमा विकास गर्न सहयोग पुऱ्याएका छन् । |
| ८. | बैंकले स्थापनकालदेखि नै आफ्ना सदस्यहरूलाई नेपाल सरकारसँगको सहकार्यमा सहुलियतपूर्ण कर्जा प्रदान गर्न पहल गर्दै आइरहेको थियो तर सफलता प्राप्त हुन सकेको थिएन । आ.ब. २०८१/८२ मा कोशी प्रदेश सरकारबाट ब्याज अनुदान सहितको ऋण रकम प्राप्त गर्ने गरी रु. ४५ करोड र बागमती प्रदेश सरकारबाट रु. १० लाख सम्मको ब्याज सहुलियत हुने गरी सहुलियत कर्जा प्राप्त गर्न सफल भएको छ । कतिपय अवस्थामा सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने मापदण्ड कठिन भए पनि हालको विषम परिस्थितिमा यस बैंकको कार्यलाई मूल्याङ्कन गरी प्रदेश सरकारले प्रदान गरेको उक्त कार्यक्रमले बैंक र यसका सदस्यलाई थप उर्जा मिलेको विश्वास लिएका छौं । प्राय सहुलियतपूर्ण कर्जा उत्पादनमूलक कार्यका लागि प्राप्त हुने हुँदा सदस्यहरूले समेत त्यसैतर्फ ध्यान दिएर कार्यक्रम निर्धारण गर्न अनुरोध गर्दछौं । |
| ९. | बैंकले सदस्य सहकारी संस्थाहरूको वित्तीय स्वास्थ्य, सञ्चालन प्रक्रिया र संस्थागत सुशासन कायम गर्नका लागि एक बलियो नियमित अनुगमन तथा मूल्याङ्न प्रणाली लागू गरेको छ । यसअन्तर्गत सहकारी स्तरीकरण कार्यक्रम मार्फत बैंकले विकास गरेका सूचकका अधारमा स्थलगत र गैर स्थलगत परीक्षण गरी  स्तरोन्नतीका लागि सुझाब प्रवाह गरिन्छ । यस किसिमका कार्यक्रमले कर्जा पोर्टफोलियोको गुणस्तर, तरलताको अवस्था, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरी देखिएका कमजोरीहरूलाई समयमै सुधार गर्न लिखित सुझाव दिइन्छ । यसको मुख्य लक्ष्य सदस्य संस्थाहरूको सेवा गुणस्तर र वित्तीय अनुशासन कायम संस्थागत दीगो विकासमा टेवा पुऱ्याउनु हो । |
| १०. | राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो कर्जा लगानी प्रक्रियालाई सुरक्षित, पारदर्शी र व्यवस्थित बनाउन कर्जा सूचना केन्द्र (CIB) को सदस्यता लिएको छ । बैंकले कर्जा स्वीकृति गर्नुअघि सदस्य संस्थाहरू र ऋणीहरूको वित्तीय साख र कर्जा चुक्ता इतिहासबारे विस्तृत सूचना लिन्छ । यस अभ्यासले खराब कर्जा (NPL) को जोखिम प्रारम्भिक चरणमै पहिचान गरी कर्जा पोर्टफोलियोको गुणस्तर कायम राख्न मद्दत गरेको छ । साथै, बैंकले कर्जाको विवरण नियमित अद्यावधिक गरी वित्तीय प्रणालीमा कर्जा अनुशासन कायम राख्न योगदान पुऱ्याएको छ । हाल, सदस्यहरूको सहजताका लागि १४ वटा सदस्य सहकारी संस्थाहरूलाई कर्जा सूचना विवरण लिने सुविधा उपलब्ध गराइएको छ र थप संस्थाहरूलाई पनि आवश्यक परेको अवस्थामा बैंकले यो सुविधा उपलब्ध गराउने छ । |
| ११. | बढ्दो प्रतिस्पर्धात्मक वित्तीय बजारमा सदस्य सहकारी संस्थाहरूलाई अत्याधुनिक सेवा प्रदान गर्न बैंकले नवीनतम सूचना प्रविधि (IT) र प्रणालीहरूको प्रयोगलाई उच्च प्राथमिकता दिएको छ । बैंकले सम्पूर्ण कारोबारहरूलाई केन्द्रीकृत Core Banking System मार्फत सञ्चालन गर्दै आएको छ, जसले नगदविहीन कारोबारलाई सहज बनाउनुका साथै सहकारीहरूलाई प्रविधिमैत्री बन्न प्रोत्साहन गरेको छ । नयाँ प्रविधिको प्रयोगले सञ्चालन लागत घटाई सेवा प्रवाहलाई छिटो, सुरक्षित र त्रुटि रहित बनाएको छ र सदस्य सहकारीहरूलाई बैंकको राष्ट्रिय वित्तीय सञ्जालमा सहज पहुँच उपलब्ध गराएको छ । |
| १२. | बैंकले वित्तीय क्षेत्रमा उत्पन्न हुन सक्ने विभिन्न जोखिमहरू (क्रेडिट जोखिम, तरलता जोखिम, सञ्चालन जोखिम आदि) लाई न्यूनीकरण गर्न एक प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा (Risk Management Framework) लागू गरेको छ । वित्तीय कारोबारमा रहेको अति केन्द्रीयता जोखिमलाई क्रमशः न्यूनीकरण गर्दै लगिएको छ । जोखिम संस्कृतिको सुरूवात गरी हाललाई विशेष गरी कर्जा व्यवस्थापनमा विस्तृत रूपमा जोखिम विश्लेषण गरी जोखिम न्यूनीकरण गरिएको छ । |
| १३. | समयको माग अनुसार बैंकले सदस्यहरूलाई मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ (ई -बैंकिङ) र QR भुक्तानी जस्ता डिजिटल बैंकिङ सुविधाहरू उपलब्ध गराएको छ । यी सेवाहरू मार्फत सदस्यहरूले भौतिक उपस्थितिविना नै खाता विवरण हेर्न सक्नेछन् । वाणिज्य बैंकहरूसँगको साझेदारीमा दिइएको QR भुक्तानी सुविधाले नगदविहीन कारोबार र वित्तीय समावेशीकरण लाई प्रोत्साहन गरेको छ । यी डिजिटल उपकरणहरूको प्रयोगले सदस्यहरूको समय बचत गर्नुका साथै २४ सै घण्टा वित्तीय कारोबार उपलब्ध गराई बैंकिङ अनुभवलाई आधुनिक र सुविधाजनक बनाएको छ । |
| १४. | बैंकले वित्तीय स्थिरता र स्थायित्व सुनिश्चित गर्न नेपाल राष्ट्र बैंकको दबाब परीक्षण निर्देशिका अनुसार नियमित रूपमा दबाब परीक्षण (Stress Testing) गर्दै आएको छ । यस अभ्यासमा बैंकले आफ्नै आन्तरिक मोडेल प्रयोग गरी ब्याजदरमा अप्रत्याशित वृद्धि, खराब कर्जामा अत्यधिक वृद्धि, गम्भीर आर्थिक मन्दी वा तरलतामा तीव्र गिरावट जस्ता काल्पनिक तर गम्भीर आर्थिक तथा वित्तीय झट्का (Shocks) को सिर्जना गर्दछ । यसरी सिर्जना गरिएका अवस्थाहरूमा बैंकको वित्तीय विवरण र प्रमुख सूचकहरूमा पर्न सक्ने सम्भावित नकारात्मक प्रभावको विश्लेषण गरिन्छ । यस परीक्षणले व्यवस्थापनलाई जोखिमहरू समयमै पहिचान गर्न र पुँजी बढाउने, कर्जा नीति सुधार गर्ने वा तरलता बढाउने जस्ता आवश्यक पूर्व तयारीका उपायहरू अपनाउन मद्दत गर्दछ । |

# स्तम्भ ३ : संस्थागत विकास तथा सुशासन




| | |
|---|---|
| १. | बैंकले सहकारीका मूल्य मान्यता र सिद्धान्त अनुरूप आफ्ना समग्र गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । सहकारिताको मर्मलाई आत्मसात गरी नीतिगत व्यवस्था एवम् कार्यान्वयन गरिदै आएको छ । |
| २. | बैंकले आन्तरिक व्यवस्थापन र सुशासनका लागि प्रभावकारी गुनासो निवारण संयन्त्र विकास गरेको छ, जुन सदस्य विश्वास कायम राख्न र सेवाको गुणस्तर सुधार गर्न अपरिहार्य छ । बैंकले सदस्यहरूलाई सहजै गुनासो दर्ताका लागि सरल संयन्त्र विकास गरी समयसापेक्ष अद्यावधिक गर्ने रणनीति लिएको छ । नीतिगत रूपमा, प्रत्येक गुनासोलाई व्यवस्थित दर्ता, अनुगमन र निश्चित समयसीमाभित्र निष्पक्ष समाधान गर्ने व्यवस्था गर्ने योजना छ । साथै, गुनासोहरूको प्रवृत्ति विश्लेषण गरी मूल कारण पत्ता लगाएर नीतिगत सुधार गरिनेछ । यस सक्रिय र पारदर्शी संयन्त्रले बैंकको जवाफदेहिता प्रवर्द्धन गरी सदस्य सन्तुष्टि बढाउने लक्ष्य राखेको छ । |
| ३. | वित्तीय सुरक्षा र दक्षताका लागि आन्तरिक तथा वाह्य लेखापरीक्षण सुदृढ भइ वित्तीय कारोबारमा पारदर्शी, जोखिम व्यवस्थापन प्रभावकारी सेवा प्रवाहलाई विश्वसनीय बनाउदै लगिएको छ । नियमित लेखापरीक्षणले त्रुटी सुर्धान मद्धत पुगेकोछ र समग्र वित्तीय सुशासन मजबुत हुँदै गएको छ । |
| ४. | बैंकले सञ्चालन गर्ने समग्र गतिविधिहरूलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन आवधिक योजना र जस अन्तर्गत स्पष्ट लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको छ । योजना कार्यान्वयनमा स्पष्ट जिम्मेवारी किटान गरी जवाफदेहिताको सुनिश्चितता गरिएको छ । निर्धारित लक्ष्यहरूको आवधिक प्रगति समीक्षा तथा सुधारका योजना तयार गरी अगाडि बढ्दै आइएको छ । |

| | |
|---|---|
| ५. | बैंकले वित्तीय स्वस्थता र जोखिम व्यवस्थापनका लागि नियमानुसार पर्याप्त कर्जा नोक्सानी व्यवस्था गर्दै आएको छ। सहकारी क्षेत्रमा तरलता सङ्कट, बचतमा ह्रास, अर्थतन्त्रका मन्दी र घरजग्गा कारोबारका सुस्तताका कारण निष्क्रिय कर्जा (NPL) अत्यधिक बढेको तथा कर्जा असुलीमा चुनौती थपिएको छ। यी चुनौतीका बाबजुद, आ.व. २०८१/८२ मा बैंकले कर्जा पोर्टफोलियोको गुणस्तर सुदृढीकरण, जोखिम नियन्त्रण र निष्क्रिय कर्जा व्यवस्थापनमा महत्वपूर्ण पहलकदमी लिएको छ। यस क्रममा सकार गरिएका गैर-बैंकिङ सम्पत्तिहरू पारदर्शी रूपमा लिलाम बिक्री गरी आम्दानी गरिएको छ। कानुनी निकायसँगको सहकार्यमा मुद्दा मामिलाको निरूपण र पर्याप्त ऋण नोक्सानी व्यवस्था कायम गरी बैंकले जोखिम वहन क्षमता बढाएको तथा सदस्य संस्थाको लगानी सुरक्षित गरेको छ। |
| ६. | बैंकले सदस्य सहभागितालाई उच्च महत्वमा राखी योजना तथा कार्यक्रमहरू विकास गरेको छ। बैंकबाट सञ्चालन गरिने विविध कार्यक्रमहरूमा सदस्य उल्लेखनिय सहभागिता रहँदै आएको छ। जसले सदस्यको निर्णय प्रक्रियामा संलग्नतालाई सुनिश्चित गरेको छ। आवधिक रूपमा विवरण एवम् प्रतिवेदन मार्फत समग्र गतिविधिहरूलाई पारदर्शी रूपमा सञ्चलान गरिँदै आइएको छ। |
| ७. | सहकारी विभाग र नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनहरूको प्राथमिकताका साथ पालना गरिएको छ । जसमा आ.व. २०८१/०८२ मा नेपाल राष्ट्र बैंकबाट सघन स्थलगत निरीक्षणपश्चात प्राप्त सुझावहरू कार्यान्वयन गरिएको छ। |
| ८. | सहकारी विभागको निर्देशन, २०७६ अनुरूप सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि तयार गरी लागु गरिएको छ। व्यवस्थापन संरचना अन्तर्गत अनुपालना युनिट र सञ्चालक सम्मिलित उप-समिति गठन गरी नियन्त्रण तथा रिपोर्टिङ कार्य व्यवस्थित गरिएको छ। |
| ९. | बैंकले सहकारी अभियानलाई सुदृढ गर्न आवश्यकता र औचित्यको आधारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरूसँग सम्बन्ध विस्तार र लागत-लाभ विश्लेषणसहित सहकार्य गर्ने नीति लिएको छ। यस सहकार्यबाट वित्तीय सहयोग, प्राविधिक विशेषज्ञता र ज्ञान साझेदारी जस्ता लाभ सुनिश्चित गरी सहकारी क्षेत्रको दिगोपन र प्रभावकारितामा टेवा पुऱ्याउने लक्ष्य राखिएको छ। बैंकको नीति सहकारीको वित्तीय स्वस्थता कायम गर्ने, सेवाको पहुँच बढाउने र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरू अवलम्बन गरी ती ज्ञान सदस्य संघसंस्थाहरूलाई हस्तान्तरण गर्नेमा केन्द्रित छ। |
| १०. | आ.व. २०८०/८१ को अन्त्यमा विचाराधीन अवस्थामा ४८ वटा मुद्दा रहेकोमा आ.व. २०८१/८२ मा १०२ वटा मुद्दा थप भएका छन् । जसमध्ये ६४ वटा मुद्दाहरू बैंकको पक्षमा र ४ वटा मुद्दाहरू बैंकको विपक्षमा फैसला भई जम्मा ६८ वटा मुद्दा फैसला भएका छन्। आ.व. २०८१/०८२ को अन्त्यमा आइपुग्दा विभिन्न अदालतमा अझै पनि ८२ वटा मुद्दाहरू विचाराधीन अवस्थामा रहेका छन् । |
| ११. | प्रत्येक आ.व.मा कम्तीमा पनि एक कर्मचारी एक तालिमको रणनीति तयार गरी आ.व. २०८१/०८२ मा १० वटा आन्तरिक तालिम सञ्चालन, "कर्मचारी आचारसंहिता २०८१" लागू र बैंकको सेवाबाट अलग हुने वा हुन चाहने कर्मचारीलाई Exit Form विकास गरी कार्यान्वयन गरिएको छ। |
| १२. | नियामकीय व्यवस्थाबमोजिम सञ्चालक तहमा ३ (कर्मचारी सेवा सुविधा, जोखिम व्यवस्थापन, सम्पत्ति शुद्धीकरण निवारण) र व्यवस्थापन तहमा ४ (कार्यकारी, खरिद, सम्पत्ति तथा दायित्व र कर्जा) उपसमितिहरू क्रियाशील रहेका छन्। नेतृत्व विकाससँगै जिम्मेवारी र जवाफदेहिताको सुनिश्चितता कायम गरिएको छ । |

## स्तम्भ ४ : नवीनतम सूचना प्रविधि तथा प्राविधिक सेवा




| | |
|---|---|
| १. | NIC Asia बैंकसँगको सहकार्यमा QR सेवा प्रदान गरी नगदरहित भुक्तानी प्रणालीको विकल्प दिइएको छ, जसमा हालसम्म २१७४ सहकारी संघ/संस्थाहरू आबद्ध भइसकेका छन् । ConnectIPS/Corporate Pay र इन्टरनेट बैंकिङ सञ्चालनमा रहेको छ। |
| २. | सदस्यहरूलाई ATM, POS र ई-कमर्स मा भुक्तानीका लागि डेबिट कार्ड सुविधा प्रदान गरिएको छ र हालसम्म १७ संस्थाले सो सुविधा उपभोग गरिरहेका छन्। |
| ३. | इन्टरनेट बैंकिङ पोर्टलमार्फत अन्य बैंक तथा वित्तीय संस्थामा रकम स्थानान्तरण गर्न चेक ट्रान्सफर तथा फन्ड ट्रान्सफर सेवा उपलब्ध गराइएको छ, जसमा ५५५ सदस्यले सो सेवा उपभोग गरिरहेका छन्। |
| ४. | सदस्य संस्थाहरूलाई खाताको विवरण हेर्न र कारोबार निगरानी गर्न इन्टरनेट बैंकिङ (३५६८ युजर) र कारोबार विवरण निरीक्षणका लागि SMS सेवा (५६२४ मोबाइल नम्बर) उपलब्ध गराइएको छ। |
| ५. | असामान्य परिस्थितिमा निरन्तर सेवा प्रवाहका लागि Data Center (DC) बाट करिब २५० किलोमिटर टाढा Disaster Recovery (DR) साइटको स्थापना गरी निश्चित अन्तरालमा DR Drill कार्य सम्पन्न गरिएको छ। |
| ६. | सदस्य तथा सरोकारवाला निकायलाई जानकारीमूलक र पहुँचयोग्य बनाउन बैंकको वेभसाइटलाई थप फिचरसहित परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ। |
| ७. | नेपाल क्लियरिङ हाउस लिमिटेडसँग सम्झौता गरी बैंकले Connect IPS तथा Corporate Pay मार्फत सदस्यहरूलाई भुक्तानी सुविधा प्रदान गर्दै आइरहेको छ। यस सेवाबाट सदस्य संस्थाहरूले बिना कुनै झन्झट राष्ट्रिय सहकारी बैंकको खातामा अन्य बैंक तथा वित्तीय संस्थाबाट रकम पठाउन सक्दछन्। |
| ८. | १० वर्षे रणनीतिक योजनाअनुसार नयाँ कोर बैंकिङ सिस्टम अद्यावधिक गर्ने मुख्य काम सम्पन्न गरिएको छ। |

## २.३ आ.व. २०८१/८२ को वित्तीय लक्ष्य र प्रगति

राष्ट्रिय अर्थतन्त्रमा आएको सङ्कुचन र सहकारी क्षेत्रमा देखिएको वित्तीय अस्थिरता तथा विश्वासको अभावका कारण बैंकले आर्थिक वर्ष २०८१/०८२ मा निर्धारण गरिएका लक्ष्यहरू पूर्ण रूपमा प्राप्त गर्न सकिएन। प्रक्षेपित वित्तीय तथा कार्यक्रमगत लक्ष्यहरू र प्राप्त उपलब्धिहरूलाई तपसिल अनुसार प्रस्तुत गरिएको छ।

| विवरण | आ.व. २०८१/८२ को लक्ष्य | आ.व. २०८१/८२ को वास्तविक | प्रगति प्रतिशत (%) |
|---|---|---|---|
| सदस्य संख्या | १७२६५ | १६४२६ | ९५.१४ |
| कुल पुँजी तथा दायित्व | ८०,५७१,५१७,६५३ | ५५,८६९,३८७,६८४ | ६९.३४ |
| शेयर पुँजी | २,८२१,५२९,४०० | २,८९१,५०७,९०० | १०२.४८ |
| जगेडा तथा कोषहरू | १,६२८,०२०,३४९ | २४७,१५५,५२९ | १५.१८ |
| कर्जा नोक्सानी व्यवस्था | ३,६८७,५६६,८६५ | ५,१५६,२३६,१४९ | १३९.८३ |
| कुल निक्षेप | ७०,०००,०००,००० | ४७,०५६,२७७,९८१ | ६७.२२ |
| अन्य दायित्व | २,०९७,०७६,१३४ | ५१८,२१०,१२४ | २४.७१ |
| आयकर व्यवस्था | ३३७,३२४,९०५ | २४८,०९१,२४५ | ७३.५५ |
| कर पछिको नाफा (नोक्सान) | १,३४९,२९९,६२० | (६,९२१,८७८) | (०.५१) |
| नगद तथा बैक मौज्दात | १८,९२९,२६८,६६२ | १३,३२७,६९७,७१७ | ७०.४१ |
| लगानी हिसाब | २२,७००,४०१,६८६ | १८,१४५,९४४,५६७ | ७९.९४ |
| कर्जा तथा सापट | ३५,०००,४२५,००० | २०,१९९,४२१,८३१ | ५७.७१ |
| स्थिर सम्पत्ति | १,००४,१५२,६५४ | ५२३,६८५,१२४ | ५२.१५ |
| जम्मा आम्दानी | ८,६५५,९४०,००९ | ३,२०४,१२५,०६६ | ३७.०२ |
| जम्मा खर्च | ६,९६९,३१५,४८४ | ३,२०६,५४२,२६२ | ४६.०१ |
| ब्याज खर्च | ३,००६,६८१,४७५ | १,५५१,४९७,४३१ | ५१.६ |
| कर्मचारी खर्च | ५३८,१७७,१४४ | ५१९,९६९,९६१ | ९६.६२ |
| कार्यालय सञ्चालन खर्च | २७७,६२९,८७७ | १३५,००६,६६५ | ४८.६३ |
| सञ्चालक तथा लेखा समिति खर्च | ११,७६०,००० | ७,२३५,२७३ | ६१.५२ |
| शखास्तरीय तथा अन्य उप-समिति खर्च | ६,२०३,३०० | ८५०,५५६ | १३.७१ |
| कार्यक्रम खर्च | १४६,८६५,२५२ | ११,०४२,२०४ | ७.५२ |
| नोक्सानी व्यवस्था खर्च | २,८९७,१७८,८३ | ८८६,८०६,६६९ | ३०.६१ |
| कर अघिको नाफा (नोक्सान) | १,६८६,६२४,५२५ | (२,४१७,१९७) | (०.१४) |

## २.४ करमा योगदान

विगतका वर्षहरूमा ३ पटकसम्म सहकारी क्षेत्रमा सबैभन्दा बढी कर तिरेबापत राजस्व विभागबाट सम्मानित यस बैंकले आ.व. २०८१/०८२ मा नेपाल सरकार लाई बुझाउनुपर्ने आयकर तथा विभिन्न शीर्षकका देहायबमोजिमका अग्रिम करहरू (TDS) समयमै दाखिला तथा भुक्तानी गरेको छ ।

(रू. करोडमा)

| क्र.सं. | कर शीर्षक | आ.व. २०८१-०८२ | आ.व. २०८०-०८१ | आ.व. २०७९-०८० |
|---|---|---|---|---|
| १ | आयकर | २४.८१ | १५.९८ | ४.४४ |
| २ | ब्याजकर | २२.९९ | ५६.८१ | ५६.२५ |
| ३ | कर्मचारी पारिश्रमिक कर | १.७२ | २.३३ | ४.३४ |
| ४ | घरबहाल कर | ०.५६ | ०.५२ | ०.४८ |
| ५ | अन्य अग्रिम कर रकमहरू | ०.३७ | ०.६५ | ३.४७ |
| | जम्मा | ५०.४४ | ७६.२८ | ६८.९९ |

## २.५ गैरबैकिङ सम्पत्ति व्यवस्थापन

आर्थिक वर्ष २०८१/८२ मा बैंकले सम्पूर्ण कर्जा पोर्टफोलियोको गुणस्तर सुदृढीकरण, निष्कृय कर्जा व्यवस्थापन, जोखिम व्यवस्थापन र गैरबैंकिङ्ग सम्पत्तिको व्यवस्थापनमा धेरै प्रयास गरियो । सहकारी क्षेत्रको तरलता संकट, निक्षेपमा गिरावट, अर्थतन्त्रमा मन्दी र घरजग्गा कारोबारमा लामो मन्दीका कारण ऋणीहरूको कर्जा नियमित भुक्तानी हुन सकेन। यसले गर्दा निष्क्रिय कर्जा व्यवस्थापन र धितो लिलामीबाट असुली प्रक्रियामा अपेक्षित प्रतिफल प्राप्त गर्न कठिनाइ भयो। बैंकले सकार गरेका गैरबैंकिङ सम्पत्तिहरूको व्यवस्थापनमा विशेष ध्यान केन्द्रित गरी पारदर्शी र प्रतिस्पर्धात्मक बिक्री प्रयासलाई निरन्तरता दिइयो र पर्याप्त कर्जा नोक्सानी व्यवस्था समेत कायम गरियो। आगामी दिनमा बैंकले उच्च जोखिम भएका सहकारीहरूमा विशेष अनुगमन, कर्जा असुलीमा डिजिटल प्रणालीको प्रयोग र कानुनी प्रक्रिया छिटो निष्कर्षमा पुऱ्याउने रणनीतिलाई प्राथमिकता दिँदै असुली कार्यलाई थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन प्रतिबद्ध रहेका छौं।

| शुरू मौज्दात | थप रकम | बिक्री मार्फत व्यवस्थापन गरिएको रकम | बाँकी मौज्दात |
|---|---|---|---|
| १,११३,२१९,०३१ | ५८८,२५४,०१८ | १७९,३३६,२०८ | १,५२२,१३६,८४२ |

# ३. आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम

**उपस्थित प्रतिनिधिज्यूहरू,**

सहकारी क्षेत्रको विकास, प्रवर्द्धन र वित्तीय लगायतका सेवाका माध्यमबाट सदस्य सहकारीलाई सहयोग एवम् मार्गदर्शन गर्न र बैंक तथा सदस्यको सुदृढीकरणका लागि आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु।

## ३.१ आ.व. २०८२/८३ को वित्तीय लक्ष्यहरू

| विवरण | आ.व. २०८१/८२ को लक्ष्य | आ.व. २०८१/८२ को वास्तविक | आ. व. २०८२/८३ को प्रस्तावित |
|---|---|---|---|
| सदस्य संख्या | १७२६५ | १६४२६ | १७०४३ |
| कुल पुँजी तथा दायित्व | ८०,५७१,५१७,६५३ | ५५,८६९,३८७,६८४ | ४९,४०६,३६१,१६४ |
| शेयर पुँजी | २,८२१,५२९,४०० | २,८९१,५०७,९०० | ३,०५२,५१९,००० |
| जगेडा तथा कोषहरू | १,६२८,०२०,३४९ | २४७,१५५,५२९ | १,३६०,९९८,३१७ |
| कर्जा नोक्सानी व्यवस्था | ३,६८७,५६६,८६५ | ५,१५६,२३६,१४९ | ३,२६७,४७६,७८० |
| कुल निक्षेप | ७०,०००,०००,००० | ४७,०५६,२७७,९८१ | ४०,१२१,६९५,७६४ |
| अन्य दायित्व | २,०९७,०७६,१३४ | ५१८,२१०,१२४ | १,०८९,१११,३३८ |
| आयकर व्यवस्था | ३३७,३२४,९०५ | २४८,०९१,२४५ | ५१४,५५९,९६५ |
| कर पछिको नाफा (नोक्सान) | १,३४९,२९९,६२० | (६,९२१,८७८) | २,०५८,२३९,८६० |
| नगद तथा बैक मौज्दात | १८,९२९,२६८,६६२ | १३,३२७,६९७,७१७ | १०,३७५,२२५,५९८ |
| लगानी हिसाब | २२,७००,४०१,६८६ | १८,१४५,९४४,५६७ | ९,३६७,५९३,५९१ |
| कर्जा तथा सापट | ३५,०००,४२५,००० | २०,१९९,४२१,८३१ | २४,५६५,०७३,२०७ |
| स्थिर सम्पत्ति | १,००४,१५२,६५४ | ५२३,६८५,१२४ | ८१५,५८४,७४० |
| जम्मा आम्दानी | ८,६५५,९४०,००९ | ३,२०४,१२५,०६६ | ४,८३१,७४६,९२० |
| जम्मा खर्च | ६,९६९,३१५,४८४ | ३,२०६,५४२,२६२ | २,२५८,९४७,०९५ |
| ब्याज खर्च | ३,००६,६८१,४७५ | १,५५१,४९७,४३१ | ८८३,५८३,४८२ |
| कर्मचारी खर्च | ५३८,१७७,१४४ | ५१९,९६९,९६१ | ५४४,१०१,०८८ |
| कार्यालय सञ्चालन खर्च | २७७,६२९,८७७ | १३५,००६,६६५ | २५१,२५४,९६८ |
| सञ्चालक तथा लेखा समिति खर्च | ११,७६०,००० | ७,२३५,२७३ | ९,८७०,००० |
| शखास्तरीय तथा अन्य उप-समिति खर्च | ६,२०३,३०० | ८५०,५५६ | ३,३४८,५०० |
| कार्यक्रम खर्च | १४६,८६५,२५२ | ११,०४२,२०४ | ६१,६८३,८५३ |
| नोक्सानी व्यवस्था खर्च | २,८९७,१७८,८३ | ८८६,८०६,६६९ | ४४०,७७३,०८८ |
| कर अधिको नाफा (नोक्सान) | १,६८६,६२४,५२५ | (२,४१७,१९७) | २,५७२,७९९,८२५ |

आर्थिक वर्ष २०८२/८३ को बजेट तयार गर्ने समयमा आइपुग्दा राष्ट्रिय अर्थतन्त्र थप चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। उद्योग, व्यापार र रोजगार क्षेत्रमा निरन्तर दबाबका कारण आर्थिक गतिविधि कमजोर भएका छन् । जसले आमनागरिकको आय र बचत क्षमतामा गिरावट ल्याएको छ। त्यसकारण सहकारी क्षेत्र र बैंकको नाफामा नकारात्मक असर पुऱ्याएको छ साथै निष्क्रिय कर्जामा सुधारको सम्भावना पनि न्यून हुँदै गएको छ। त्यसैले बैंकले चालु वर्षमा कर्जा असुली प्रभावकारी बनाउन कानुनी र व्यवस्थापकीय उपायहरू प्राथमिकताका साथ लागू गर्नेछ । राजनीतिक अस्थिरता, युवा पुस्ताहरूको आन्दोलन र परिवर्तनशील आर्थिक अवस्थालाई ध्यानमा राखी बैंकले दीर्घकालीन वित्तीय स्थिरता, नाफा वृद्धि र जोखिम नियन्त्रणमा केन्द्रित रणनीति अघि सार्ने योजना बनाएको छ। कर्जा माग घटेको अवस्थालाई मध्यनजर गर्दै साना तथा मझौला कर्जा प्रवर्द्धन, लागत नियन्त्रण र नयाँ व्यावसायिक रणनीति कार्यान्वयन गरिनेछ। डिजिटल बैंकिङ विस्तार, सदस्य आकर्षण र सेवा गुणस्तर वृद्धि प्रमुख लक्ष्यको रूपमा तय गरिएको छ। त्यसै गरी नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार पुँजी कोषको पर्याप्तताको साथै बचत सेवा प्रवर्द्धन र गैरवित्तीय सेवा सुदृढीकरणमार्फत सहकारी अभियानलाई स्थायित्वपूर्वक अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

## ३.२ आ.व. २०८२/८३ का कार्यक्रमहरू

१. **छवि वृद्धि तथा दिगो विकास**

दिगो, सुरक्षित र मर्यादित बैंक सञ्चालनका लागि समग्र जोखिम बहन क्षमता अभिवृद्धि गर्ने ।

२. **सुशासन तथा पारदर्शिता**

सुशासन प्रवर्द्धन गर्न सञ्चालक सम्बद्ध सहकारी संस्थाले बैंकबाट कर्जा नलिने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्ने ।

३. **केन्द्रीकृत जोखिम न्यूनीकरण**

कर्जा जोखिम न्यूनीकरणका लागि ग्रामीण सहकारी लक्षित विशेष कर्जा लगानी कार्यक्रम सञ्चालन गर्ने ।

४. **विश्वसनीयता वृद्धि**

बैंकको छवि निर्माणमा पहलकदमी गर्ने ।

५. **जोखिम न्यूनीकरणमा संयुक्त पहल**

जोखिम संस्कृतिको विकास र सहकारीको जोखिम न्यूनीकरणमा सरोकारवालासँग संयुक्त कार्यक्रम ।

६. **स्तरोन्नति**

बैंकको स्वास्थ्य परीक्षण गर्ने ।

७. **सदस्य सुरक्षा एवं सम्बन्ध विकास**

"सदस्य भेटौं, सदस्य सुनौं" अभियानमार्फत प्रत्येक अर्धवार्षिक अवधिमा सदस्य संवाद कार्यक्रम सञ्चालन गर्ने ।

८. **सेवा प्रवाह तथा सम्बन्ध विस्तार**

"कर्जा वा परामर्शमार्फत साथ, सहकार्य र समाधान" भन्ने मूल नारामार्फत सबै सदस्यलाई सेवामा पहुँच सुनिश्चित गर्ने ।

९. **सदस्यको स्तरोन्नति**

नियमित कारोबार गर्ने र कर्जा उपभोग गर्ने संस्थालाई स्तरीकरण सेवामा छुट वा निःशुल्क सेवा उपलब्ध गराउने ।

१०. **सदस्यको स्तर मापन**

सेयर सदस्यहरूको पहिचान र वर्गीकरण गर्ने ।

११. **सदस्य सूचना तथा मार्गदर्शन**

प्रत्येक प्रदेश कार्यालयबाट नियमनकारी निर्देशन कार्यान्वयनमा सहजीकरण र परामर्श सेवा उपलब्ध गराउने ।

१२. **सेवाको गुणस्तर र उत्पादकत्व वृद्धि**

बैंकको संगठनात्मक ढाँचालाई पुनर्संरचना गर्ने ।

१३. **आधुनिक बैंकिङ सुविधा**

SMS बैंकिङ र इन्टरनेट बैंकिङ सेवा निःशुल्क उपलब्ध गराउने ।

१४. **प्रविधि प्रयोगमा सहकार्य**

सहकारी संस्थाको डिजिटल रूपान्तरणमा सहकार्यका लागि प्रविधि हस्तान्तरण गर्ने ।

१५. **आन्तरिक व्यवस्थापन र दिगोपना**

सहकारी बैंकिङ सेवामा नवप्रवर्तन (Innovation) र अनुसन्धान प्रवर्द्धन गर्ने विशेष कोषको स्थापना गर्ने ।

१६. **प्रविधिमैत्री गुणस्तरीय सेवा**

सूचना प्रविधिको प्रयोगमार्फत छिटो, छरितो र डिजिटल सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने ।

१७. **दक्षता अभिवृद्धि तथा संस्थागत विकास**

एक सदस्यलाई एक निःशुल्क तालिम उपलब्ध गराउने व्यवस्था मिलाउने ।

१८. **जिम्मेवारी र जबाफदेहिताको सुनिश्चितता**

प्रत्येक ६ महिनामा व्यवस्थापन, विभागीय प्रमुख र प्रदेश प्रमुखको कार्यसम्पादन मूल्याङ्कन र सुधार गर्ने ।

१९. **दक्षता अभिवृद्धि**

सदस्य संस्थाको वित्तीय साक्षरता अभिवृद्धिका लागि नियमित वित्तीय शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

२०. **सुशासन र उत्कृष्टतामा प्रोत्साहन**

सदस्य संस्थाको वित्तीय सूचकांकको आधारमा मूल्याङ्कन र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

२१. **सञ्चालन खर्च नियन्त्रण**

शाखा स्थानान्तरण र चुस्त व्यवस्थापनमार्फत कर्मचारी र सञ्चालन खर्च न्यूनीकरण गर्ने ।

२२. **उद्यमशीलता विकास एवं स्वरोजगारी**

सहकारी मार्फत उद्यमशीलता विकास गर्न तालिम र सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने ।

२३. **समावेशी र सशक्तीकरण**

महिला, सीमान्तकृत र लक्षित वर्गमा काम गर्ने सहकारीलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने ।

२४. **सहकारी मैत्री ऐन, कानुन**

सहकारी क्षेत्रको आवश्यकता पहिचान गरी नीति निर्माणमा सुझाव दिने थिङ्क ट्यांकको स्थापना गर्ने ।

२५. **सञ्जालीकरण**

बहस तथा पैरवी (Lobbying and Advocacy) लाई थप प्रभावकारी बनाउने ।

## ३.३ आ.ब. २०८२/८३ को लक्ष्य प्राप्तिका लागि सम्भावित समस्या/चुनौती र समाधानका उपायहरू

**सम्भावित समस्या/चुनौतीहरू**

आ.व. २०८२/८३ मा सहकारी बैंकले समग्र वित्तीय क्षेत्रको दबाब र सहकारी क्षेत्रमा घट्दो जनविश्वासका कारण विभिन्न जटिल चुनौतीहरू सामना गर्नुपर्ने देखिन्छ। जसमध्ये सहकारी संस्थाहरूको वित्तीय स्वास्थ्य कमजोर हुँदा बैंकको निष्क्रिय कर्जाको जोखिम बढ्न सक्ने देखिन्छ, जसले कर्जा असुली र सम्पत्ति गुणस्तर व्यवस्थापनमा थप जटिलता ल्याउन सक्नेछ। केही सहकारीहरूका समस्याका कारण बचतकर्ताको घट्दो विश्वास लाई पुनर्स्थापित गर्दै तरलताको सन्तुलन कायम राख्नु बैंकका लागि अर्को ठूलो चुनौती हुनेछ। यसै गरी, सरकारले सहकारी क्षेत्रमा लागु गरेको नियामकीय कडाइको पूर्ण पालना सुनिश्चित गर्दै पुँजीकोष, जोखिम व्यवस्थापन र कर्जा नोक्सानी व्यवस्थापनसम्बन्धि मापदण्डहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने दबाब हुनेछ। उल्लेखित लगायत यसका अतिरिक्त बैंकले तपसिलका चुनौतीहरू सामना गर्नुपर्ने हुन सक्छ।

- न्यूनतम पुँजीकोष कायम गर्ने दवाव,
- सदस्यको पुँजीमा बजारदर बमोजिमको प्रतिफल वितरण,
- राजनीतिक अस्थिरता र शिथिल अर्थतन्त्रले सहकारी क्षेत्रमा वित्तीय स्थिरता तथा दीर्घकालीन विकासमा सिर्जना भएका बाधाहरू,
- देशको अर्थतन्त्रमा आएको सङ्कुचनले कर्जा असुलीमा जटिलता,
- आर्थिक गतिविधि तथा उद्योग व्यवसायको निस्क्रियताले कर्जा लगानी वृद्धिमा समस्या सिर्जना,
- बैंकको गैर-बैंकिङ सम्पत्ति बिक्रीमा कानुनी अवरोधहरू सिर्जना,
- उच्च तरलताले सञ्चालन लागत बढेर नाफा तथा आन्तरिक कोष वृद्धिमा प्रतिकूल प्रभाव,
- कर्जाको आकारमा ह्रास र मागमा कमी आएकाले व्यावसायिक क्रियाकलाप तथा मुनाफामा समस्या,
- नियामकीय निकाय र मापदण्डमा अस्पष्टता।

बैंकले आ. व. २०८२/८३ मा सामना गर्नुपर्ने राजनीतिक अस्थिरता, शिथिल अर्थतन्त्र र सहकारी क्षेत्रको सङ्कुचनजस्ता जटिल चुनौतीहरूलाई सम्बोधन गर्नका लागि बहुआयामिक र जोखिम न्यूनीकरणमा केन्द्रित रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ। यसका लागि बैंकले सम्पत्तिको व्यवस्थापनमा गुणस्तरता कायम गर्दै निष्क्रिय कर्जा घटाउन प्रभावकारी असुली रणानीति अवलम्बन गर्दै अगाडि बढ्नु पर्नेछ। साथै, उच्च तरलताको सही व्यवस्थापन गर्नका लागि जोखिमको सूक्ष्म विश्लेषण गरी साना रकम र छोटो अवधिका ऋण लगानीलाई उच्च प्राथमिकतामा राखेर लगानी वृद्धी गर्नु पर्ने देखिन्छ। बैंकले नियामक निकायहरूसँग निरन्तर संवाद गरेर कानुनी तथा नियामकीय अस्पष्टताहरूलाई स्पष्ट पार्नुका साथै सहकारी मैत्री ऐन कानुन निर्माणका लागि अवश्यक वहस पैरवीलाई निरन्तर अगाडि बढाउनु पर्नेछ। सम्भावित चुनौती समाधानका लागि बैंकले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरेर अगाडि बढ्ने योजना रहेको छ।

**समाधानका उपायहरू**

- पुँजी पर्याप्तता कायम गर्न खर्च नियन्त्रण, असुलीको लागि प्रभावकारी रणनीति विकास र शेयर रकम वृद्धि,
- जोखिमको सूक्ष्म विश्लेषण गरी कर्जा लगानी वृद्धि,
- उच्च तरलता व्यवस्थापनका लागि प्रभावकारी रणनीति अवलम्बन,
- गैर बैंकिग सम्पत्तिको उचित व्यवस्थापन,
- नियामकीय निकायसँग समन्वय र सहकार्य,
- सम्भावित जोखिमहरूको पहिचान तथा व्यवस्थापनका लागि पूर्व तयारी।

## अन्त्यमा,

आ.व. २०८२/८३ मा निर्धारित वित्तीय तथा गैर-वित्तीय लक्ष्यहरू हासिल गर्न बैंक पूर्ण प्रतिबद्ध रहेको छ । बैंकको मुख्य उद्देश्य वित्तीय सुदृढीकरण र दीर्घकालीन स्थायित्वको सुनिश्चितता गर्नु हो । यस वर्ष बैंकले पुँजी पर्याप्तता अनुपातको संरचनालाई थप मजबुत बनाउन विशेष जोड दिनेछ। बैंकले कर्जा व्यवस्थापन र असुली प्रक्रियालाई थप प्रभावकारी बनाइ कर्जाको आकार र गुणस्तर सुधार गर्न प्रतिबद्ध छ । निष्क्रिय कर्जाको अनुपात घटाई मुनाफा वृद्धिका लागि अधिकतम प्रयास गरिनेछ । कर्जासँग सम्बन्धित जोखिमहरूको सही विश्लेषण गरी असुली प्रक्रियालाई थप प्रभावकरी रूपमा अगाडि बढाइनेछ। साथै, कर्जा लगानीका शर्तहरू र प्रक्रियालाई सरल र सहज बनाएर कर्जा लगानी वृद्धि गर्ने रणनीति अवलम्बन गरिएको छ । बैंकको व्यवसायमा अएको सङ्कुचनले मुनाफा र सदस्य सन्तुष्टिमा प्रत्यक्ष प्रभाव पार्ने भएका कारण आम्दानीको दायरा वृद्धी, खर्चमा मितव्ययिता लगायतका व्यावसायिक रणनीतिहरू अपनाएर मुनाफा वृद्धि गरिनेछ। व्यवसाय विस्तारका लागि नयाँ कार्यक्रमहरू सञ्चालन गरी वित्तीय रणनीतिहरूलाई बलियो बनाइनेछ। यी प्रयासहरूले बैंकको वित्तीय स्थायित्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछन् । बैंकको सम्पूर्ण स्रोत साधन यी लक्ष्य उद्देश्य प्राप्तिमा केन्द्रित गरी बैंकको व्यवसायिकता, वित्तीय स्थायित्व, दिगोपना, साखमा वृद्धि लगायत चौतर्फी विकासका बलिया आधारहरू तयार गरिनेछ। त्यसैगरी नेपाल राष्ट्र बैंकको निर्देशनलाई पालना गर्दै बैंकको विनियम संशोधन गरी संशोधित विनियममा व्यवस्था भए अनुरूपको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन प्रक्रिया मार्फत पुनर्गठन गरिनेछ । उल्लेखित विषयमा जिम्मेवार सदस्यहरूको सकारात्मक साथ तथा सहयोग रहने अपेक्षा गर्दै बैंकले आफ्नो उद्देश्य प्राप्त गर्न सशक्त रूपमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं र लक्षित उद्देश्यहरूको परिणामले आर्थिक वर्ष २०८२/८३ लाई इतिहासमा स्मरणयोग्य र तारिफयोग्य बनाउने विश्वास व्यक्त गर्दछौं ।

**धन्यवाद ! जय एन.सि.बि.एल. !!!**

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको २२ औँ वार्षिक साधारणसभामा प्रस्तुत लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन – २०८२

सभाका आदरणीय अध्यक्षज्यू,

बैंकका सल्लाहकारज्यूहरू एवम् प्रबुद्धवर्ग,

बैंकको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारीवर्ग,

विभिन्न उपसमितिका पदाधिकारी एवम् सदस्यज्यूहरू,

सभामा उपस्थित सदस्य संघ संस्थाका प्रतिनिधि एवम् पर्यवेक्षकज्यूहरू ।

बैंकको गरिमामय यस २२औँ वार्षिक साधारणसभामा उपस्थित सम्पूर्णमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

**बैंकको गरिमामय यस साधारणसभामा उपस्थित सहकारी संघ/संस्थाका आदरणीय प्रतिनिधिज्यूहरू,**

विगतमा झैँ यस आ.व. २०८१/८२ मा पनि लेखा सुपरिवेक्षण समितिले नियमित रूपमा बैंकको आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरू समपरीक्षण एवम् आवश्यकता अनुसार नमुना परीक्षणका आधारमा भौतिक परीक्षण समेत गरी सो सम्बन्धमा देखिएका कैफियतहरू उपर चौमासिक प्रतिवेदन मार्फत सञ्चालक समितिलाई सुझाव दिएको व्यहोरा अवगत गराउँदै सहकारीका मूल्य मान्यता, अन्तर्राष्ट्रिय सिद्धान्त, प्रचलित कानुन एवम् बैंकको स्वीकृत विनियम, नीति तथा आन्तरिक कार्यविधिहरू बमोजिम बैंकको आन्तरिक सुशासन तथा नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाउन लेखा सुपरिवेक्षण समितिले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।

देशको वित्तीय क्षेत्रमा आएको प्रतिकूल प्रभावले सहकारी क्षेत्रमा सिर्जना भएको वित्तीय समस्या हामी सबैले महसुस गरिरहेका छौँ । बाह्य वातावरणमा सिर्जित असहजताका कारण वित्तीय क्षेत्रमा आएको यस प्रतिकूल प्रभावले सहकारी बैंक समेत अछुतो रहन सकेको छैन । अनपेक्षित प्रतिकूल वातावरणले बैंकको वित्तीय संरचनामा पनि ठूलो परिवर्तन आयो ।

बैंकको मुख्य व्यवसाय सदस्य संघ/संस्थाबाट बचत सङ्कलन र कर्जा लगानी मार्फत त्यसको परिचालनमा आधारित रहेको छ । अर्थतन्त्रमा आएको सङ्कुचन र मन्दीका कारण बैंकको व्यवसाय समेत अत्यन्त प्रभावित बन्न गयो । बैंकमा बचत जम्मा गर्ने बचतकर्ताले आकर्षक ब्याजदर, कर्जा लिने ऋणीले सहुलियत ब्याजदर मा कर्जा प्रवाह र शेयर लगानी गर्ने लगानीकर्ताले न्यायोचित लाभांशसहितको प्रतिफलको अपेक्षा गरेका हुन्छन् । बैंकले संस्थागत सुशासन एवम् कर्जाको जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नको लागि पारदर्शिता, अनुपालना, तथा अन्य निकाय सँगको सम्बन्ध र समन्वय लगायतका विषयमा असल अभ्यास गर्दै आफूलाई सहकारी क्षेत्रको अब्बल बैंक स्थापित गर्न प्रयासरत भएको देखिन्छ । यद्यपि आ.व. २०८१/०८२ को समग्र कारोबारका आधारमा हेर्दा बैंकले नियामकीय प्रोभिजन बढाउनु पर्ने बाध्यता, पाकेको ब्याज समयमा नै असुल हुन नसक्नु जस्ता कारणले बैंकले यस आ.व. मा शेयरमा लाभांश वितरण गर्न सक्ने अवस्था देखिँदैन ।

**आदरणीय प्रतिनिधिज्यूहरू,**

सहकारी क्षेत्रमा देखिएका कतिपय घटनाक्रमले सहकारी अभ्यास, सहकारीप्रतिको विश्वसनियता र दिगो विकासमा समेत प्रश्न उठेको छ भने सहकारी क्षेत्रको समग्र छबिमा समेत असर गरेको छ । बाह्य अर्थतन्त्रमा देखा परेका वित्तीय संकट तथा सुस्तताका कारणले अत्यधिक दबाब पर्न जाँदा सहकारी क्षेत्रका आधार स्तम्भ प्रारम्भिक संस्थाहरूले थेग्न नसक्दा सहकारी अभियानमा सबैतर्फबाट दबाब परेको देखिएको छ । सहकारी अर्थव्यवस्थामा घटेका यस्ता घटनाक्रमलाई नियाल्दा सहकारीको सफलता, विश्वसनीयता र दिगो विकासका लागि सहकारीमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीसहितको सुशासन अत्यन्त आवश्यक बन्न पुगेको छ । वर्तमानमा सहकारीमा सुशासन कमजोर भएको अवस्थामा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र सुशासनका लागि लेखा सुपरिवेक्षण समितिको भूमिका महत्वपूर्ण रहन्छ ।

सहकारी ऐन २०७४ को बुँदा ४९ ले निर्दिष्ट गरेका लेखा सुपरिवेक्षण समितिका काम, कर्तव्य र अधिकार अन्तर्गत रही बैंकको लेखा सुपरिवेक्षण समितिले गरेका काम कारवाहीको सारसङ्क्षेप यसै प्रतिवेदन मार्फत यस सम्मानित सभासमक्ष प्रस्तुत गरेका छौँ ।

# खण्ड क : लेखा सुपरिवेक्षण समितिको कार्यप्रणाली

## १. आन्तरिक कार्यविधिको व्यवस्थापन:

आन्तरिक व्यवस्थापन र सुशासनका लागि बैंकमा साधारणसभाबाट पारित भएका आन्तरिक कार्यविधिहरू र बैंकको सञ्चालक समितिबाट पारित भएका बचत तथा कर्जाका प्रोडक्ट पेपरहरूको व्यवस्था रहेको छ । हाल बैंकमा निम्न कार्यविधिहरू तथा प्रोडक्ट पेपरहरू रहेका छन् ।

१. विनियम २०५९ (सातौं संशोधन २०८०)
२. कर्मचारी प्रशासन कार्यविधि २०६१ (दशौं संशोधन २०८१)
३. आर्थिक प्रशासन कार्यविधि २०६१ (छैटौं संशोधन २०८१)
४. उपसमिति गठन तथा सञ्चालन कार्यविधि २०७० (पुर्नलेखन २०७१), (पहिलो संशोधन २०८०)
५. निक्षेप सङ्कलन तथा व्यवस्थापन कार्यविधि २०६४ (तेस्रो संशोधन २०७९)
६. शेयर तथा निक्षेप वृद्धि कार्यविधि २०६५ (तेस्रो संशोधन २०७७)
७. निर्वाचन कार्यविधि २०७५ (पहिलो संशोधन २०७८)
८. शाखा सञ्चालन कार्यविधि २०८१
९. सदस्य पहिचान कार्यविधि २०६८ (पहिलो संशोधन २०७५)
१०. आन्तरिक लेखा परीक्षण कार्यविधि २०६८ (तेस्रो संशोधन २०८०)
११. कर्जा कार्यविधि २०८१
१२. लघु तथा गरिबी निवारण कर्जा कार्यविधि २०८१
१३. कर्मचारी गाडी सुविधा योजना २०७५ (तेस्रो संशोधन २०८१)
१४. रकम व्यवस्थापन तथा लगानी सम्बन्धि कार्यविधि २०७२
१५. इलेक्ट्रोनिक माध्यमद्वारा हुने बैंकिङ कारोबार कार्यविधि २०७२ (तेस्रो संशोधन २०८१)
१६. अन्तराष्ट्रिय कार्यक्रममा सहभागिता कार्यविधि २०७३ (दोस्रो संशोधन २०८०)
१७. शिक्षा तथा तालिम कार्यविधि २०७३ (पुनर्लेखन २०७७, पहिलो संशोधन २०७८)
१८. सम्मान तथा पुरस्कार कार्यविधि २०७३ (चौथो संशोधन २०८१)
१९. सूचना प्रविधि व्यवस्थापन तथा सूचना प्रणाली कार्यविधि २०७३ (चौथो संशोधन २०८०)
२०. जोखिम व्यवस्थापन कार्यविधि (पुनर्लेखन २०७९)
२१. आफ्नो सदस्य-आफ्नै बैंक रकमान्तर सेवा सम्बन्धि कार्यविधि २०७५
२२. सवारी साधन व्यवस्थापन कार्यविधि २०८१
२३. कर्जा असुली कार्यविधि २०७५ (चौथो संशोधन २०८१)
२४. गैह्र बैंकिङ सम्पत्ति बिक्री सम्बन्धि कार्यविधि २०७५
२५. सहकारी स्तरीकरण कार्यक्रम सञ्चालन कार्यविधि २०७५ (दोस्रो संशोधन २०८०)
२६. विप्रेषण सेवा सञ्चालन कार्यविधि २०७५ (पहिलो संशोधन २०७६)
२७. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि कार्यविधि २०७६ (दोस्रो संशोधन २०८०)
२८. सञ्चालक आवद्ध संघ/संस्था सम्बन्धि कर्जा कार्यविधि २०७६
२९. सामाजिक सञ्जाल प्रयोग सम्बन्धि कार्यविधि- २०७७
३०. कल सेन्टर सञ्चालन कार्यविधि- २०७७
३१. सञ्चालक समितिको बैठक सञ्चालन कार्यविधि- २०७७
३२. सहकारी एकीकरण व्यवस्थापन कार्यविधि- २०७७
३३. प्रदेश तथा स्थानीय तहसँगको सहकार्य सम्बन्धि कार्यविधि- २०७७
३४. वासलात बाहिरको (गैह्रकोषमा आधारित) कारोबार सम्बन्धि कार्यविधि- २०७७
३५. शाखा रहित बैकिङ सेवा सञ्चालन कार्यविधि- २०७७
३६. कर्जा अपलेखन कार्यविधि २०७९
३७. संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१
३८. गुनासो व्यवस्थापन कार्यविधि २०८०
३९. उद्यमशिलता विकास सेवा - २०८१
४०. लगानी सम्बन्धि कार्यविधि २०८१

४१. प्रबन्ध सञ्चालक कार्यविधि २०६५
४२. सूचना सुरक्षा कार्यविधि (पहिलो संशोधन २०८१)
४३. अल्पकालीन सहकारी व्यवस्थापन कर्जा प्रोडक्ट २०७९
४४. कर्जाका प्रोडक्ट तथा सेवाहरू २०७७
४५. कृषि कर्जा प्रोडक्ट पेपर- २०८१
४६. कृषि कर्जामा ब्याज अनुदान प्रोडक्ट पेपर २०८१
४७. उज्यालो नेपाल कर्जा प्रोडक्ट
४८. महिला सशक्तीकरण कर्जा प्रोडक्ट
४९. तरलता व्यवस्थापन कर्जा प्रोडक्ट
५०. एन.सि.बि.एल. सहज कर्जा

बैंकले आवश्यकतानुसार आन्तरिक कार्यविधिहरू निर्माण एवम् भएका कार्यविधिहरूलाई समय सापेक्ष अद्यावधिक गर्दै आइरहेको छ। सुपरिवेक्षणका क्रममा बैंकले दैनिकी काम कारोबारहरू गर्दा साधारणसभाबाट स्वीकृत भएका कार्यविधिहरूको परिपालनाको अवस्थामा विषेश ध्यान दिएर अवलोकन गर्ने गरिएको छ। आवश्यकता अनुसार कार्यविधिहरूको निर्माण एवम् भएका कार्यविधिहरू समयसापेक्ष अद्यावधिक गरी कार्यविधिहरूको पूर्ण कार्यान्वयनका लागि आवश्यक सुझाव समेत प्रदान गरेका छौं।

## २. वार्षिक योजना तथा बजेट र सोको कार्यान्वयन

बैंकले वर्षभरि गर्ने गतिविधिहरूलाई व्यवस्थित तथा प्रभावकारी बनाउन र बैंकका सम्पूर्ण गतिविधिहरूलाई पारदर्शी बनाउन वार्षिक योजना तथा बजेट तर्जुमा गरी साधारणसभाबाट नियमितरूपमा पारित गराउने गरेको छ। वर्षभरि गरिने समग्र क्रियाकलापहरू र पारित योजना तथा खर्चहरू स्वीकृत बजेटको दायराभित्र रहेर गर्नुपर्दछ। लेखा सुपरिवेक्षण समितिले सुपरिवेक्षणका क्रममा बैंकले सञ्चालन गरेका गतिविधिहरू स्वीकृत योजना अनुसार पारित बजेटको दायराभित्र रहेर गरे नगरेको एकिन गर्ने गरेका छौं। घट्दो कर्जा लगानी, बढ्दो जोखिम व्यवस्था र उठ्न बाँकी ब्याज रकम जस्ता कारणले यस वर्षको नाफाको अनुमान योजना/बजेटअनुसार हासिल गर्न नसकेको अवस्था छ।

## ३. समिति एवम् उपसमितिले गरेका निर्णयहरूको विश्लेषण तथा निर्णय कार्यान्वयनको अवस्था

नियमित एवम् आवश्यकताका आधारमा बैंकको सञ्चालक समिति र अन्य उपसमितिहरूका बैठकहरू बसी आवश्यक निर्णयहरू गर्ने गरिएका छन्। यसरी गरेका निर्णयहरूको वैधता, निर्णय कार्यान्वयनको अवस्था, निर्णय पुस्तिका व्यवस्थापन लगायतका कुराहरूले बैंकको सुशासनमा प्रत्यक्ष प्रभाव पार्दछ। लेखा सुपरिवेक्षण समितिले सुपरिवेक्षणका क्रममा सञ्चालक समिति एवम् उपसमितिका निर्णयपुस्तिकाहरू हेरी गरेका निर्णय एवम् निर्णय कार्यान्वयनको अवस्था विश्लेषण गर्ने गरेका छौं। बैंकमा हाल केन्द्रीय स्तरमा निम्न अनुसारका उपसमितिहरू गठन गरिएका छन्।

१. कर्मचारी सेवा सुविधा उपसमिति
२. जोखिम व्यवस्थापन उपसमिति
३. सम्पत्ति शुद्धीकरण अनुगमन उपसमिति

साथै, व्यवस्थापनसँग सम्बन्धित उपसमितिहरू तपसिल बमोजीम रहेका छन्।

१. कार्यकारी उपसमिति
२. खरिद उपसमिति
३. सम्पत्ति तथा दायित्व व्यवस्थापन उपसमिति
४. कर्जा उपसमिति

## ४. कर्जा जोखिम विश्लेषण

बैंकको सम्पत्तिको प्रमुख हिस्सा कर्जामा परिचालन भएको छ भने आम्दानीको मुख्य स्रोत पनि कर्जा लगानीबाट प्राप्त ब्याज नै हो। बैंकको समग्र विकासमा कर्जा व्यवस्थापनले प्रत्यक्ष प्रभाव पार्दछ । बैंकको वित्तीय स्वस्थता कर्जाको गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । कर्जा लगानी सम्बन्धि प्रस्ताव प्रस्तुत गर्ने मापदण्ड, कर्जा समीक्षा संयन्त्र, कर्जा लगानी पुर्वको जोखिम विश्लेषण, नियामक र कानुनी अनुपालन, कर्जा अनुमोदन गर्ने अधिकारको प्रत्यायोजन, ठूला कर्जा जोखिममा विवेकपूर्ण सीमा, अनुगमन र मूल्याङ्कन, कर्जा सदुपयोगिता निरीक्षण र भाखा नाघेको कर्जा असुलीसम्मका कुराहरू कर्जा व्यवस्थापनमा पर्दछन् । बैंकको प्रमुख जोखिम भनेको कर्जा लगानीमा नै हुन्छ । कर्जा सम्झौताबमोजिम समयमै असुल नहुँदा तरलता जोखिमसमेत निम्तिन सक्छ। प्रभावकारी रूपमा कर्जा जोखिम व्यवस्थापन हुननसकेमा कर्जा दुरुपयोग हुने, कर्जाको गुणस्तर नहुने, असन्तुलित विविधिकरण रहने, कानुनी झमेला हुने, नोक्सानी व्यवस्थाका कारण बैंकको आर्जनमा

नकारात्मक प्रभाव रहने, असुली हुन नसकेमा पुँजी क्षयीकरण हुने, निक्षेपकर्ताको हित संरक्षण नहुने तथा संस्थाको निरन्तरतामा अवरोध पुग्नेसम्मका जोखिम रहन जान्छ। यसरी उत्पन्न हुन सक्ने गम्भीर स्तरको जोखिमबाट जोगिन प्रभावकारी कर्जा जोखिम व्यवस्थापन हुनु अत्यन्तै आवश्यक हुन्छ।

सुपरिवेक्षणका क्रममा कर्जा व्यवस्थापनलाई उच्च महत्वमा राखेर विभिन्न कोणबाट कर्जाको गुणस्तर विश्लेषण गर्ने गरिएको छ भने कर्जा लगानी प्रक्रियालाई थप सुव्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउनको लागि कर्जा व्यवस्थापन प्रणाली (Loan Management System - LMS) मार्फत हरेक कर्जाको विश्लेषण, नियन्त्रण, अभिलेखिकरण, सिफारिस तथा स्वीकृत गर्ने गरेको छ। बैंकको सम्पत्तिको ठूलो हिस्सा र आम्दानीको मुख्य स्रोत कर्जालाई गुणस्तरीय बनाउन लेखा सुपरिवेक्षण समितिको तर्फबाट आवश्यक सुझावहरू दिने गरेका छौं।

## ५. भौतिक सम्पत्ति सामानको व्यवस्थापन तथा सुरक्षा

बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरूको व्यवस्थापन एवम् सञ्चालनका क्रममा आवश्यक सम्पत्ति सामानहरूको व्यवस्था गरिएको छ । बैंकका सम्पत्ति सामानहरूको उचित व्यवस्थापन र परिचालनका लागि निर्दिष्ट नीतिनियमहरू आवश्यक पर्दछ । सुपरिवेक्षणका क्रममा सम्पत्ति सामानहरूको व्यवस्थापन, प्रभावकारी परिचालन एवम् सुरक्षाको सुनिश्चितता हुने गरी आवश्यक सुझावहरू दिने गरिएको छ ।

## ६. कार्यालय व्यवस्थापन एवम् सञ्चालन

बैंकको केन्द्रीय कार्यालय एवम् शाखा कार्यालयहरूको कार्यालय व्यवस्थापन एवम् सजावट, कार्यालय सुरक्षा तथा व्यवस्थापनमा सदस्यमैत्री लगायतको अनुगमन गर्ने गरिएको छ । कार्यालय व्यवस्थापन र सञ्चालनमा नवीनतम प्रविधि प्रयोगको अवस्था, खर्चमा मितव्ययिता एवम् पारदर्शिता लगायतको सुपरिवेक्षण गरी आवश्यक सुझावहरू प्रदान गरिदै आएको छ ।

## ७. आन्तरिक लेखापरीक्षण प्रतिवेदन अध्ययन र अनुसरण

बैंकले विभिन्न चार्टड एकाउन्टेन्ट्स फर्महरूसँग सम्झौता गरी आन्तरिक लेखा परीक्षणलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणको जिम्मेवारी प्रदान गरेको छ । दुई पक्षीय सम्झौताबमोजिम सम्बद्ध निकायले नियमित आन्तरिक लेखापरीक्षण गर्दै आएको छ । सुपरिवेक्षणका क्रममा बैंकको केन्द्रीय कार्यालय एवम् शाखा कार्यालयहरूलाई प्रदान गरिएका सुझावहरू कार्यान्वयनको अवस्था विश्लेषण गरिएको छ । लेखा सुपरिवेक्षण समितिले सुपरिवेक्षणका क्रममा सुझावहरू कार्यान्वयनको अवस्था समेत हेर्ने गरिएको छ ।

आ.व. २०८१/८२ मा बैंकले शाखा तथा केन्द्रीय कार्यालयलाई विभिन्न क्लष्टरमा विभाजन गरी आन्तरिक लेखापरीक्षण गर्नका लागि निम्न उल्लेखित चार्टड एकाउन्टेन्ट संस्थाहरूसँग सम्झौता गरी लेखापरीक्षण गरिएको छ ।

| क्लष्टर १ | क्लष्टर २ | क्लष्टर ३ | क्लष्टर ४ | क्लष्टर ५ | क्लष्टर ६ |
|---|---|---|---|---|---|
| पि.डि.एस. एण्ड एसो सिएटस् | पि.डि.एस. एण्ड एसो सिएटस् | देव एसोसिएटस् | एल.एस.पि.एसोसिएटस् (गोपाल श्रेष्ठ एण्ड कं) | एल.एस.पि. एसो सिएटस् (गोपाल श्रेष्ठ एण्ड कं) | पि.डि.एस. एण्ड एसोसिएटस् |
| १४ वटा शाखा कार्यालय | १३ वटा शाखा कार्यालय | १२ वटा शाखा र केन्द्रीय कार्यालय | ११ वटा शाखा कार्यालय | ९ वटा शाखा कार्यालय | ९ वटा शाखा कार्यालय |
| फिदिम | कावासोती | नुवाकोट | कीर्तिपुर | बाग्लुङ | नेपालगञ्ज |
| इलाम | बर्दघाट | दोलखा | कालिमाटी* | तनहुँ | महेन्द्रनगर |
| धनकुटा | बर्दिवास | बनेपा | जोरपाटी | पोखरा* | भुरीगाउँ |
| बिर्तामोड* | हरिवन | ठिमी* | सूर्यविनायक* | वालिङ | धनगढी* |
| दमक* | चन्द्रनिगाहपुर | नयाँ बानेश्वर* | कमलविनायक | बुटवल* | कोहलपुर |
| उर्लाबारी | सिन्धुली | चाबहिल* | इमाडोल | पुतलीबजार | दैलेख |
| विराटनगर* | भरतपुर* | गोंगबु* | नारायणगोपाल चोक | भैरहवा | सुर्खेत* |
| इटहरी* | हेटौडा* | कलंकी* | बलम्बु | तिलोत्तमा | दाङ (घोराही) |
| धरान | वीरगन्ज* | न्यूरोड* | नयाँबजार | तालचोक | तुलसीपुर |
| राजविराज* | सिमरा८ | लगनखेल* | पुतलीसडक | | |
| लहान* | जनकपुर* | चापागाउँ* | कोटेश्वर | | |

| क्लष्टर १ | क्लष्टर २ | क्लष्टर ३ | क्लष्टर ४ | क्लष्टर ५ | क्लष्टर ६ |
|---|---|---|---|---|---|
| मेचीनगर | कलैया | केन्द्रीय कार्यालय* | | | |
| सुन्दरहरैँचा | टाँडी | मुख्य शाखा* | | | |
| इनरुवा | | | | | |

(* चिन्ह भएका शाखाहरूमा एक आ.व. मा २ पटक र अन्यमा १ पटक आन्तरिक लेखापरीक्षण गर्न सम्झौता गरिएको छ ।)

बैंकको २ पटक निरीक्षण गर्नुपर्ने २७ वटै कार्यालयहरूको (पहिलो चरणको आन्तरिक लेखापरीक्षण) २०८१ फागुन महिनाभित्र सम्पन्न भइसकेको छ । सबै ६८ वटा शाखा र केन्द्रीय कार्यालय समेत (दोस्रो चरण अन्तर्गतको) आन्तरिक लेखापरीक्षण २०८२ असोज महिनाभित्रमा सम्पन्न भइसकेको छ ।

**बैंकको गरिमामय २२ औँ साधारणसभाका आदरणीय प्रतिनिधिज्यूहरू, पर्यवेक्षकज्यूहरू लगायत उपस्थित महानुभावहरू,**

साधारणसभाबाट गठित लेखा सुपरिवेक्षण समितिबाट बैंकको आन्तरिक गतिविधिहरूको अनुगमनका क्रममा आ.व. २०८१/०८२ मा (मिति २०८१ श्रावण १ गते देखि २०८२ अषाढ मसान्त सम्म) लेखा सुपरिवेक्षण समितिको बैठक निम्नानुसार भएको अवगत गराउँदछौं।

| क्र.सं. | बैठक मिति | स्थान | निर्णय संख्या | उपस्थिति प्रतिशत | माध्यम |
|---|---|---|---|---|---|
| १. | २०८१/०५/२६ | केन्द्रीय कार्यालय-पुल्चोक | १३ | १०० | भौतिक |
| २. | २०८१/०७/२५ | केन्द्रीय कार्यालय-पुल्चोक | ३ | १०० | भौतिक |
| ३. | २०८१/०९/१६ | केन्द्रीय कार्यालय-पुल्चोक | ६ | ६६.६७ | भौतिक |
| ४. | २०८१/११/०९ | केन्द्रीय कार्यालय-पुल्चोक | २ | ६६.६७ | भौतिक |
| ५. | २०८१/१२/२८ | केन्द्रीय कार्यालय-पुल्चोक | ७ | १०० | भौतिक + भर्चुअल |
| ६. | २०८२/०२/२१ | केन्द्रीय कार्यालय-पुल्चोक | ४ | १०० | भौतिक + भर्चुअल |

आ.व. २०८१/०८२ मा लेखा सुपरिवेक्षण समितिको ६ वटा वैठक सम्पन्न भएका छन्। लेखा सुपरिवेक्षण समितिको तर्फबाट आन्तरिक लेखापरीक्षण तथा वाह्य लेखापरीक्षण प्रतिवेदनमाथि गहन अध्ययन, नेपाल राष्ट्र बैंकले बैंकको अनुगमन गरी प्रदान गरेका निर्देशनहरूको अध्ययन र छलफल गरी कार्यान्वयन गर्न / गराउन सुझावहरू प्रदान गर्दै आएका छौं ।

साथै, आर्थिक वर्ष २०८१/८२ को आन्तरिक लेखापरीक्षणको आधारमा लेखा सुपरिवेक्षण समितिको चौमासिक प्रतिवेदन सञ्चालक समितिमा पेस भएको विवरणहरू यस प्रकार छन ।

| क्र.सं. | सञ्चालक समितिको बैठक | अवधि |
|---|---|---|
| १. | २३८ औँ | श्रावण - कात्तिक |
| २. | २४१ औँ | मंसिर - फागुन |
| ३. | २४४ औँ | चैत्र - आषाढ |

प्रत्येक चार महिनाको आन्तरिक लेखापरीक्षणको आधारमा सञ्चालक समितिमा चौमासिक प्रतिवेदन पेस गर्ने गरिए तापनी विषयवस्तुको गाम्भीर्यताका आधारमा समितिलाई आवश्यकता बमोजिम जानकारी गराउने गरीएको छ ।

# खण्ड ख : सुशासन तथा पारदर्शिता

## ८. साधारणसभा र सोको निर्णय कार्यान्वयनको अवस्था

बैंकको २१ औं साधारणसभामा गरिएको निर्णयहरूको कार्यान्वयनको अवस्था अध्ययन गर्दा तपसिल बमोजिमको अवस्था पाइयो ।

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | सञ्चालक समितिको प्रतिवेदनमा उल्लेखित योजनाहरूमध्ये गुनासो सुनुवाइ सम्बन्धमा विद्युतीय माध्यमबाट समेत गुनासो राख्ने प्रणालीको विकास गर्ने भनिएकोमा गुनासो राख्ने प्रणाली विकास गरिएको तर प्रभावकारी रूपमा कार्यान्वयनमा नआएको पाइयो । साथै, सदस्यहरूको सुविधाको लागि मोबाइल एप्लिकेसन निर्माण गरी सञ्चालनमा ल्याउने योजना रहेकोमा कार्यान्वयन गरिएको पाइएन । अन्य सम्पूर्ण निर्णयहरू कार्यान्वयन भैसकेको पाइयो । |
| २. | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | विवरण यसै प्रतिवेदनमा उल्लेख गरिएको । |
| ३. | आ.व.२०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रम | विवरणका मुख्य अंश यसै प्रतिवेदनमा उल्लेख गरिएको । |
| ४. | नियमनकारी निकायको निर्देशनको जानकारी | अधिकांश कार्यान्वय भएको र केही विषय कार्यान्वयनको प्रक्रियामा रहेको । |
| ५. | बैंकको नाममा कायम भएको जग्गा बिक्री | कार्यान्वयन हुन नसकेको । |

साथै, बैंकको ४ वटा रणनीतिक स्तम्भका कार्यक्रम अन्तर्गत प्रस्तावित कार्यहरूमा बैंकको सदस्य सेवा तथा पैरवी स्तम्भअन्तर्गत आ.व. २०८१/८२ मा प्रत्येक शाखा स्तरमा विभिन्न विषयमा ११० वटा लघुगोष्ठीको आयोजना गर्ने लक्ष्य राखिएकोमा यस आ.व. मा १४३ वटा लघु गोष्ठी गरिएको पाइयो । स्तरीकरण कार्यक्रम अन्तर्गत आधारभूत स्तरीकरणमा ६,००० वटा संस्थाहरूलाई आबद्ध गराउने लक्ष्य राखिएकोमा यस आ.व. सम्ममा ४,३६० वटा संस्था आबद्ध गरिएको पाइयो । स्तरीकरण कार्यक्रम अन्तर्गतकै माथिल्ला तहमा ३०० वटा संस्थाहरूलाई आबद्ध गराउने लक्ष्य राखिएकोमा यस आ.व. सम्ममा प्रोटेक्ट कार्यक्रममा १०८ र केयर कार्यक्रममा २७ वटा संस्था आबद्ध गराई कुल १३५ वटा संस्था आबद्ध गराइएको पाइयो । सबलीकरण कार्यक्रम अन्तर्गत ७ वटा प्रदेशबाट कम्तिमा १/१ वटा पालिकासँग सम्झौता गरी थप प्रभावकारी बनाउने लक्ष्य रहेकोमा लुम्बिनी, प्रदेश, गण्डकी प्रदेश र बाग्मती प्रदेश गरी ३ वटा प्रदेशमा मा १/१ वटा कार्यक्रम गरिएको पाइयो ।

**आदरणीय प्रतिनिधि एवं पर्यवेक्षकज्यूहरू,**

## ९. सञ्चालक समितिको बैठक, बैठकका निर्णय एवम् निर्णय कार्यान्वयनको अवस्था

आ.व. २०८१/८२ (मिति २०८१ श्रावण १ गते देखि २०८२ असाढ मसान्तसम्म) बसेको सञ्चालक समितिका बैठकहरूको अवस्था निम्न अनुसार रहेको छ ।

| क्र.सं. | बैठक नं. | बैठकको मिति | बैठकको प्रकार (भौतिक/भर्चुअल) | तत्कालीन अवस्थामा समितिमा रहेका सदस्य संख्या | उपस्थिति प्रतिशत | निर्णय संख्या |
|---|---|---|---|---|---|---|
| १. | २२७ | २०८१/०४/०५ | अभौतिक/ भर्चुअल | १५ | ८६.६७% | ४ |
| २. | २२८ | २०८१/०४/२४ | भौतिक | १५ | ८६.६७% | ११ |
| ३. | २२९ | २०८१/०६/०६ | भौतिक | १५ | ८६.६७% | १८ |
| ४. | २३० | २०८१/०६/१७ | अभौतिक/ भर्चुअल | १५ | ७३.३३% | ७ |
| ५. | २३१ | २०८१/०७/२४ | भौतिक | १५ | ८६.६७% | ११ |
| ६. | २३२ | २०८१/०८/२३ | भौतिक | १५ | ८६.६७% | १२ |
| ७. | २३३ | २०८१/०८/२७ | भौतिक | १३ | ५३.८५% | ६ |

| क्र.सं. | बैठक नं. | बैठकको मिति | बैठकको प्रकार (भौतिक/भर्चुअल) | तत्कालीन अवस्थामा समितिमा रहेका सदस्य संख्या | उपस्थिति प्रतिशत | निर्णय संख्या |
|---|---|---|---|---|---|---|
| ८. | २३४ | २०८१/०९/०४ | भौतिक | ९ | ८८.८९% | ३ |
| ९. | २३५ | २०८१/०९/१३ | अभौतिक/ भर्चुअल | ९ | १००.००% | ३ |
| १०. | २३६ | २०८१/०९/२९ | अभौतिक/ भर्चुअल | ९ | १००.००% | ९ |
| ११. | २३७ | २०८१/१०/१३ | भौतिक | ९ | ८८.८९% | १० |
| १२. | २३८ | २०८१/११/२७ | अभौतिक/ भर्चुअल | ९ | १००.००% | १२ |
| १३. | २३९ | २०८१/१२/०७ | भौतिक | ९ | १००.००% | १३ |
| १४. | २४० | २०८१/१२/३१ | अभौतिक/ भर्चुअल | ९ | १००.००% | ७ |
| १५. | २४१ | २०८२/०१/३०-३१ | भौतिक | ९ | १००.००% | १० |
| १६. | २४२ | २०८२/०२/२९ | अभौतिक/ भर्चुअल | ९ | १००.००% | ८ |
| १७. | २४३ | २०८२/०३/२९ | भौतिक | ९ | १००.००% | १२ |

आ.व. २०८१/०८२ मा सञ्चालक समितिको ७ वटा भर्चुअल र १० वटा भौतिक गरी जम्मा १७ वटा बैठक सम्पन्न भई १५६ वटा निर्णयहरू गरिएको पाइयो। सञ्चालक समितिले गरेका सम्पूर्ण निर्णयहरू कार्यान्वयन भएको पाइयो। गणपुरक संख्याको अभावमा कुनै पनि बैठक स्थगन भएको पाइएन । कार्यविधिमा दुई बैठकको बीचको फरक ४५ दिन भन्दा बढी नहुने व्यवस्था भएकोमा सोको प्रभावकारी रूपमा कार्यान्वयन भएको पाइयो । नेपाल राष्ट्र बैंकको निर्देशन कार्यान्वयनको क्रममा मिति २०८१/०८/२३ पछि सञ्चालक संख्या फेरबदल भएको पाइयो।

## १०. नियामक निकायबाट गरिएका सघन अनुगमन, प्राप्त निर्देशन एवम् सुझाव र सोको सुझाव कार्यान्वयनको अवस्था

**सहकारी विभागबाट बैंकको सघन अनुगमन**

सहकारी विभागबाट यस आ.व. मा स्थलगत सघन अनुगमन भएको पाइएन ।

**नेपाल राष्ट्र बैंकबाट भएको निरीक्षण :**

नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०३/०९ देखि २०८२/०३/२६ सम्म बैंकको केन्द्रीय कार्यालय लगायत शाखा कार्यालयहरूको स्थलगत सघन अनुगमन गरी लिखित प्रतिवेदन मार्फत मिति २०८२/०३/२६ गैर-बैंक/स्थलगत नि. /६३७/०८१/०८२ मा बैंकलाई निर्देशन एवम् सुझाव दिइएकोमा बैंकको सञ्चालक समितिको बैठक नम्बर २४३ मिति २०८२/०३/२९ बाट नेपाल राष्ट्र बैंकद्वारा दिइएका निर्देशन एवम् सुझावहरूको परिपालना र कार्यान्वयनका अवस्था समावेश गरी प्रतिउत्तर पठाउने निर्णय भएबमोजिम व्यवस्थापनद्वारा मिति २०८२/०४/०२ मा चलानी नम्बर ०१ बाट नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागमा पत्राचार गरेको पाइयो ।

## ११. स्वीकृत बजेट र कार्यान्वयनको अवस्था

आ.व. २०८१/०८२ का लागि बैंकको तर्फबाट स्वीकृत वार्षिक बजेट र सोको कार्यान्वयनको अवस्था निम्नानुसार रहेको पाइयो ।

(रकम रु. मा)

| शीर्षक | २०८१/८२ बजेट | २०८१/८२ को प्रगति अवस्था | २०८१/८२ बजेट साग प्रगती प्रतिशत |
|---|---|---|---|
| शेयर पुँजी मौज्दात | २,८२१,५२९,४०० | २,८९१,५०७,९०० | १०२.४८% |
| जगेडा तथा कोषहरू | १,६२८,०२०,३४९ | २४७,१५५,५२९ | १५.१८% |
| कुल निक्षेप | ७०,०००,०००,००० | ४७,०५६,२७७,९८१ | ६७.२२% |
| कर्जा तथा सापट | ३५,०००,४२५,००० | २०,१९९,४२१,८३१ | ५७.७१% |

| शीर्षक | २०८१/८२ बजेट | २०८१/८२ को प्रगति अवस्था | २०८१/८२ बजेट साग प्रगती प्रतिशत |
|---|---|---|---|
| खर्च | ६,९६९,३१५,४८४ | ३,२०६,५४२,२६२ | ४६.०१% |
| आम्दानी | ८,६५५,९४०,००९ | ३,२०४,१२५,०६६ | ३७.०२% |
| कर अघिको नाफा (नोक्सान) | १,६८६,६२४,५२५ | (२,४१७,१९७) | -०.१४% |
| कूल सम्पत्ति | ८०,५७१,५१७,६४३ | ५५,८६९,३८७,६८४ | ६९.३४% |
| कर्जा नोक्सानी व्यवस्था | ३,६८७,५६६,८६५ | ५,१५६,२३६,१४९ | १३९.८३% |

(नोट : जगेडा तथा कोषहरूमा सञ्चित मुनाफा/(नोक्सान) र जगेडा कोषको रकम राखिएको छ। कर्जा तथा सापटमा हानिनोक्सानीको लागि गरिएको व्यवस्था सहितको रकम राखिएको छ जसको असर कुल सम्पत्तिमा पनि रहेको छ।)

प्रस्तुत कार्य प्रगति विवरण अध्ययन गर्दा केही शीर्षकहरूमा लक्ष्य अनुरूप प्रगति हुन नसकेको पाइयो। विषेशतः कर्जा लगानीमा भएको सङ्कुचनको कारणले बैंकको वित्तीय सम्पादन प्रभावकारी नभएको पाइयो जसको प्रत्यक्ष असर बैंकसँग आवद्ध सम्पूर्ण सरोकारवालाहरू (Stakeholders) को बैंकसँगको कारोबार तथा अपेक्षामा असर पर्न गएको देखिन्छ।

## १२. बैंकको गैरबैंकिङ सम्पत्तिको अवस्था

बैंकको पछिल्ला ३ आ.व. को गैरबैंकिङ सम्पत्तिको अवस्था निम्नानुसार रहेको छ :

| आ.व. | गैर बैंकिङ सम्पत्ति रकम | थप/घटको अवस्था | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| आ.व.२०७९/०८० | १३८,१८४,२८१ | ४,७६,८१,८३० | ४९.८३ प्रतिशतले बढेको |
| आ.व.२०८०/०८१ | १,११३,२१९,०३१ | ९७५,०३४,७५० | ७०५.६० प्रतिशतले बढेको |
| आ.व.२०८१/०८२ | १,५२२,१३६,८४२ | ४०८,९१७,८१० | ३६.७३ प्रतिशतले बढेको |

अघिल्लो वर्षको तुलनामा गैर बैंकिङ सम्पत्तिमा ३६.७३ प्रतिशतले बढेको पाइयो। गैरबैंकिङ सम्पत्तिलाई यथाशीघ्र बेचबिखन गरी तरल सम्पत्तिमा रूपान्तरण गर्न सुझाव दिइन्छ ।

## १३. बैंकको कर्जाको गुणस्तरको अवस्था

बैंकको पछिल्लो २ आ.व. को कर्जाको गुणस्तरको अवस्था निम्नानुसार रहेको छ :

| विवरण | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ | (घटी)/बढी | प्रतिशत |
|---|---|---|---|---|
| लगानीमा बाँकी रहेको कर्जा (Net of Impairment) | १५,०४३,१८५,६८१ | २२,२३८,३८८,४९२ | -७,१९५,२०२,८११ | -३२% |
| हानि नोक्सानीको लागि व्यवस्था (Individual and Portfolio Impairment) | ५,१५६,२३६,१४९ | ४,२६९,४२९,४८० | ८८६,८०६,६६९ | २१% |
| **लगानीमा बाँकी रहेको कर्जा** | **२०,१९९,४२१,८३०** | **२६,५०७,८१७,९७२** | **-६,३०८,३९६,१४२** | **-२४%** |

कर्जा गुणस्तर मापनका आधारमा गत वर्षको तुलनामा लगानीमा बाँकी रहेको कर्जा २४ प्रतिशतले घटेको, नियामकीय कर्जा जोखिम कोष (हानिनोक्सानीको लागि व्यवस्था) २१ प्रतिशतले बढेको पाइएकोले सुधारको योजना बनाई प्रभावकारीरूपमा लाग्न सुझाव दिइन्छ।

## १४. सदस्यहरूको सूचनाको हकको सम्बोधन स्वरुप लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका मुख्य विषयहरू

**(क) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरूको बैठक भत्ता, यातायात खर्च, दैनिक भ्रमण भत्ता, सञ्चार खर्च लगायतका सुविधा सम्बन्धि विवरण**

| विवरण | भत्ता (प्रति बैठक) रू | यातायात भत्ता (प्रति बैठक) रू | यातायात खर्च | दैनिक भ्रमण भत्ता रू. | सञ्चार खर्च मासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| अध्यक्ष | ६,००० | २,००० | बस र प्लेनको टिकट बील अनुसार | ६,००० | ५,००० | २०७६/७७ देखि यथावत |
| अन्य सञ्चालकहरू | ६,००० | २,००० | बस र प्लेनको टिकट बील अनुसार | ६,००० | २,५०० | २०७६/७७ देखि यथावत |
| लेखा सुपरिवेक्षण समिति संयोजक तथा सदस्यहरू | ६,००० | २,००० | बस र प्लेनको टिकट बील अनुसार | ६,००० | २,५०० | २०७६/७७ देखि यथावत |
| केन्द्रीय उपसमिति संयोजक र सदस्यहरू | २,००० | १००० | बस र प्लेनको टिकट बील अनुसार | निर्णयानुसार | नभएको | २०७६/७७ देखि यथावत |
| शाखा समन्वय उपसमिति संयोजक र सदस्यहरू | १,५०० | ५०० | नभएको | नभएको | नभएको | २०७६/७७ देखि यथावत |

रकम (रु.)

**(ख) बैंकको कार्यकारी प्रमुख लगायत व्यवस्थापनका अन्य पदाधिकारीहरूलाई भुक्तान गरिएको तलब, भत्ता तथा सुविधाको विवरण**

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०७९/८० |
|---|---|---|---|
| तलब | २१,९५३,७२७.८३ | २५,४१०,०१५.६० | २५,४३९,८०६.५५ |
| भत्ता | ५,६९९,८२७.९५ | ८,३१४,३३४.४० | ८,३१४,३३४.४० |
| संचय कोष कट्टी | २,१९५,३७२.८१ | २,५४१,००१.५२ | २,५४३,९८०.६४ |
| बोनस | - | ३,३३५,२९८.२२ | १२,९५४,३८१.१६ |
| बिदा | २,८८९,३५३.८९ | २,५०९,४३७.६३ | १,६६९,४५०.८० |
| **जम्मा** | **३२,७३८,२८२.४८** | **४२,११०,०८७.३७** | **५०,९२१,९५३.५५** |

उपरोक्त बाहेक औषधी उपचार खर्च, विभागीय प्रमुख भत्ता, दुर्घटना बीमा, मोबाइल खर्च, ईन्धन खर्च तथा सवारी साधन मर्मत खर्च बैंकको कर्मचारी विनियमावली बमोजिम प्रदान गरिएको छ।

**(ग) संस्थागत सामाजिक उत्तरदायित्व कोष**

वर्षको सुरुमा रु.३५,७९२,६८७.८१ रहेकोमा आ.व. २०८१/०८२ मा कुनै रकम थप नभएको र रु.५२,१३४.०६ मात्र खर्च भई २०८२ असाढ मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रु.३५,७४०,५५३.७५ रकम बाँकी रहिरहेको पाइयो।

# खण्ड ग : लेखा सुपरिवेक्षण समितिका सुझाव कार्यान्वयनको अवस्था र विश्लेषण

## १५. लेखा सुपरिवेक्षण समितिका सुझाव कार्यान्वयनको अवस्था

लेखा सुपरिवेक्षण समितिको तर्फबाट आन्तरिक लेखापरीक्षण प्रतिवेदनको अध्ययन तथा विश्लेषणका साथै समितिको तर्फबाट गरिएको निरीक्षणका आधारमा चौमासिक प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेस गर्ने गरिएको छ।

सञ्चालक समितिमा पेश गरिएको प्रतिवेदनमा उल्लिखित कैफियतहरू सुधारका लागि सञ्चालक समितिको बैठकले व्यवस्थापनलाई निर्देशन दिने गरिएको छ। प्राप्त निर्देशनका आधारमा व्यवस्थापनले कैफियत सुधार गरी सोको जानकारी सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई दिने गरिएको छ।

लेखा सुपरिवेक्षण समितिले अघिल्लो साधारणसभामा दिएको सुझाव कार्यान्वयनको अवस्था तपसिल बमोजिमका छन।

| अघिल्लो साधारणसभामा दिइएका सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|
| बजेट भर्सेस खर्च हेर्दा बैंकको सिस्टममा (सफ्टवेयर) राखेको बजेटमा कुनै लिमिट नलगाइएकोले विभिन्न शीर्षकमा बजेटभन्दा खर्च बढी भएको र यसरी बढी खर्च गरेर शाखाले केन्द्रीय कार्यालयबाट स्वीकृति लिने गरेकाले आन्तरीक नियन्त्रण प्रणाली कमजोर देखिने हुनाले अविलम्ब सिस्टमको बजेटमा लिमिट लगाउन सुझाव दिइएको थियो। | हालको नयाँ सि.बि.एस.मा बजेट भर्सेस खर्चको रिपोर्टिङ व्यवस्थापन हुने क्रममा रहेको। सि.बि.एस.मा उक्त व्यवस्था पूर्णरूपमा नआएसम्मको लागि Excel Format मा Template तयार गरी मासिक रूपमा Budget Vs Expenditure Report तयार गर्दै आएको पाइयो। |
| धेरै जसो शाखाले सानो नगदी कोषको व्यवस्था नगरी फुटकर खर्चहरू सिधै नगदबाट गर्ने गरेको पाइएकोले सानो नगदी कोषको अनिवार्य व्यवस्था गरि सो को जिम्मा वरियताक्रम अनुसार दोस्रो दर्जाको कर्मचारीलाई दिई दोस्रो दर्जाको कर्मचारीले भौचर बनाउने र शाखा प्रमुखले भौचर स्वीकृत गर्ने गरी मेमो/कार्यविधि बनाई लागू गर्न सुझाव दिइएको थियो। | सानो नगदी कोषमार्फत फुट्कर खर्चहरूको व्यवस्थापन गर्न शाखा कार्यालयहरूलाई मिति २०८२/०३/१० गते परिपत्र मार्फत निर्देशन जारी गरी सुझावको कार्यान्वयन गरिदै आएको पाइयो। |
| बैंकको कर्जा र बचतको केन्द्रीकरण जोखिम कम गर्न बचत तथा कर्जाको प्रति ऋणी कर्जा लगानी सिमा कम गर्न सुझाव दिईएको थियो। | कर्जा तथा बचतको केन्द्रीकरण जोखिम कम गर्दै लगिएकोले सुझाव कार्यान्वयन भएको पाइयो। |
| भल्टमा खुद्रा पैसा धेरै भएकाले नगद व्यवस्थापनमा समस्या देखिएकाले अत्यधिक खुद्र नोट भल्टमा राख्दा यस्ता नोटहरू बिग्रिन सक्ने, तरलताको लागि पनि प्रयोग गर्न नसकिने तथा Opportunity Loss हुने हुनाले खुद्रा नोट व्यवस्थापनमा ध्यान दिनुहुन सुझाब दिईएको थियो। | अधिक खुद्रा नोटहरू सङ्कलन हुने शाखा तथा केन्द्रीय कार्यालयको खाता रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरू मार्फत खुद्रा नोटहरूको व्यवस्थापन गरी सुझाव कार्यान्वयन गर्दै गएको पाइयो। |
| २०८१ असार मसान्तसम्म ४७७५ सदस्यहरूको मात्र KYM पूर्ण रूपमा Update भएकाले यसलाई प्राथमिकतामा राखी सम्पन्न गर्न/गराउन सुझाव दिइएको छ। | यस आ.व सम्ममा ५८११ सदस्यहरूको KYM अध्यावद्यिक भएकाले सुझाव कार्यान्वयनमा सामान्य प्रगति भएको पाइयो। |
| बैंक को CBS सिस्टममा चेक जारी गर्नको लागि आधिकारिक व्यक्तिबाट स्वीकृति लिनु पर्ने व्यवस्था लागु गरी चेक जारी गर्दा Maker, Cheker & Approver को व्यवस्था अनिवार्य गर्न सुझाव दिइएको थियो। | हालको नयाँ CBS मा चेक जारी गर्दा आधिकारीक व्यक्तिबाट स्वीकृत भए पश्चात मात्र चेक जारी हुने व्यवस्था गरी सुझाव कार्यान्वयन गरिएको पाइयो। |
| कर्जाको धितो निरीक्षणमा कम्तिमा दुई जना कर्मचारी उपस्थित हुनुपर्नेमा धेरै जसो शाखाहरूमा धितो निरीक्षणमा एक जना कर्मचारी मात्र जाने गरेकाले कर्जाको धितो निरीक्षणमा कम्तिमा दुई जना कर्मचारी उपस्थित हुनुपर्ने व्यवस्था कडाईका साथ लागु गर्न सुझाव दिइएको थियो। | धितो निरीक्षण गर्दा अनिवार्य २ जना कर्मचारीबाट गराउने व्यवस्था कार्यान्वयन गरिएको जानकारी पाइयो। |

| अघिल्लो साधारणसभामा दिइएका सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|
| हर्जना छुटको विषयमा छुट्टै कार्यविधि तथा Manual बनाई बैंकको हितलाई प्राथमिकतामा राखी लागु गर्न सुझाव दिइएको थियो । | हाल असूली कार्यविधिमा भएको व्यवस्था बमोजिम हर्जना छुट स्वीकृती तथा प्रदान गर्ने गरिएको पाइयो । यसलाई छुट्टै कार्यविधि बनाउने सम्बन्धमा तयारी भइरहेको जानकारी पाइयो । |
| कर्जाको गुणस्तरका आधारमा श्रेणी परिवर्तन हुदा Auto Early warning signal को व्यवस्था system मा लागु गर्न सुझाव दिइएको थियो । | सिस्टममा Auto Early Warning Signal व्यवस्थापनको क्रममा रहेको छ। हाल उक्त Signal Manual रूपमा Excel बाट गणना गरी मासिक KPI Reports मार्फत व्यवस्थापन गरिएको पाइयो । |
| कर्जा लगानी सम्बन्धि निर्णय प्रक्रियामा सञ्चालन तथा खुद नगद प्रवाहलाई समेत विशेष ध्यान दिई निर्णय लिन सुझाव दिइएको थियो । | नगद प्रवाहमा अङ्क प्रदान गर्ने व्यवस्था नभए तापनि हाल सञ्चालन तथा खुद नगद प्रवाहलाई समेत विशेष ध्यान दिई विश्लेषण गर्ने गरिएको पाइयो । |
| हाल भै राखेको प्रोडक्टहरूको Cost Benefit Analysis गर्नु हुन र नयाँ प्रोडक्ट जारी गर्नु पूर्व समेत अनिवार्य रूपमा उक्त प्रोडक्टको Cost Benefit & Success analysis गर्न सुझाव दिइएको थियो । | सुझाव बमोजीम व्यवस्थित गर्ने क्रममा रहेको पाइयो । |
| शाखा कार्यालयहरूको वर्गीकरण उचित मापदण्ड बनाइ लागु गर्न सुझाव दिइएको छ । | सुझाव कार्यान्वयन हुन बाँकी रहेको पाइयो । |
| बैंकको समग्र पक्षहरूको जोखिमको पहिचान, विश्लेषण, नियन्त्रण तथा न्यूनीकरणको लागि त्रैमासिकरूपमा जोखिम व्यवस्थापन ढाँचाको प्रतिवेदन तथा दवाव परीक्षण मार्फत जोखिमका बिबिध आयामहरूको बिश्लेषण गर्ने गरेका छ। साथै, अर्थतन्त्रमा आएका नयाँ तथा जोखिमयुक्त विषयहरूको समिक्षा गरि भविष्यमा कर्जा लगानीको जोखिम व्यवस्थापन मात्र नभई अन्य जोखिमहरू समेत पहिचान गरी सोको न्यूनीकरणका लागि जोखिम व्यवस्थापन विभागलाई सुदृढ तथा व्यवस्थित गर्न सुझाव दिइएको थियो । | कर्जा लगानीको जोखिम व्यवस्थापन साथै अन्य जोखिमका क्षेत्रहरू समेत पहिचान गरी सोको न्यूनीकरणका लागि जोखिम व्यवस्थापन ढाँचा (Risk Management Framework) अन्तर्गतको जोखिम व्यवस्थापन प्रतिवेदन (Risk Management Report), जोखिम रजिष्टर तथा दवाब परीक्षण प्रतिवेदन मार्फत व्यवस्थित गर्ने गरिएको पाइयो । |
| कानुनमा उल्लेख भए अनुसार, बैंकसँग कारोबार गरिरहेको संस्थाको तर्फबाट बैंकमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूको वा सञ्चालकहरू आवद्ध भएका संस्थाको बैंकसँगको कर्जा कारोबार भाखा नाघेको भए त्यसप्रकारको कर्जा तत्काल असुलीको लागि आवश्यक प्रक्रिया अघि बढाउन सुझाव दिइएको थियो । | पूर्व सञ्चालकहरूले प्रतिनिधित्व गरेको संस्थाहरूको कर्जा असूली प्रक्रियामा रहेको र वर्तमानका सञ्चालकहरूले प्रतिनिधित्व गरेको संस्थाले उपभोग गरेको कर्जा नियमित रहेको पाइयो । |
| कारोबारका न्युनताको आधारमा शाखा कार्यालयहरूलाई एक आपसमा गाभ्ने नीति बनाई लागु गर्नु हुन सुझाव दिइएको थियो । | वित्तीय कार्य सम्पादन सन्तोषजनक नभएका ११ वटा शाखा कार्यालयहरू नजिकै रहेका अन्य शाखा कार्यालयहरूमा गाभ्ने सम्बन्धि निर्णय सञ्चालक समितिबाट भई नेपाल राष्ट्र बैंकमा स्वीकृतीको लागि पठाइएकोले सुझाव कार्यान्वयन हुने क्रममा रहेको पाइयो । |

# खण्ड घः लेखा सुपरिवेक्षण समितिको तर्फबाट सुझाव

## १६. लेखा सुपरिवेक्षण समितिको तर्फबाट थप सुझावहरू

- लेखा सुपरिवेक्षण समितिले पहिलो चौमासिक प्रतिवेदन मार्फत दिइएका २१९ वटा कैफियतहरू मध्ये ४ वटा कैफियत सुधार हुन बाँकि रहेको पाइयो। दोस्रो र तेस्रो चौमासिक प्रतिवेदनमा दिइएका क्रमशः ३५ वटा र ९ वटा कैफियतहरूमा सुधार हुन बाँकि कैफियत रहेको पाइएन। लेखा सुपरीवेक्षण समिति लगायत अन्य नियामक निकायहरूले दिएका सुझाव तथा निर्देशनहरूलाई तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन रूपमा वर्गीकरण गरी पूर्ण पालना गर्न सुझाव दिइन्छ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षेत्राधिकार भित्र राष्ट्रिय सहकारी बैंक पर्ने नपर्ने सम्बन्धमा सम्बद्ध निकायहरूसँगको छलफलबाट निष्कर्षमा पुग्न सुझाव दिइन्छ।
- स्थिरीकरण कोषको सञ्चालन तथा परिचालनको सम्बन्धमा नियामकिय निकायसँग समन्वय गरी निर्णयमा पुग्न सुझाव दिइन्छ।
- Gen-Z आन्दोलनले सहकारी संस्थाहरू, सदस्यहरू, कर्मचारीवर्ग तथा बैंकका सरोकारवालाहरूमा परेको भौतिक, आर्थिक, मानसिक तथा सामाजिक असर/प्रभावबारे अध्ययन गरी प्रतिवेदन तयार गर्न सुझाव दिइन्छ।
- सहकारी बैंकको कर्जा लगानीको दायरा बढाउन नियामक निकायसँग समन्वय गर्न, समग्र सहकारी क्षेत्रको Re-Shaping गर्नको लागि बैंकको भूमिका तथा अभिभावकत्व सम्बन्धमा पहल कदमी गर्न सुझाव दिइन्छ।
- Cyber Threat, Data Protection, Business Continuity & Disaster Recovery सम्बन्धमा विशेष ध्यान दिई आधुनिक सूचना प्रविधि उपकरणहरूको

  प्रयोगमा जोड दिनुहुन साथै, मोबाइल तथा क्यूआर जस्ता आधुनिक बैंकिङ सेवाहरूलाई प्राथमिकतामा राखी कार्य गर्न सुझाव दिइन्छ ।
- कर्जा तथा निक्षेपको जोखिम न्यूनीकरण गर्नका लागि बैंकको तर्फबाट बिमा व्यवसाय सञ्चालनको सम्भाव्यता अध्ययनका लागि सुझाव दिइन्छ ।

**अन्त्यमा,**

**बैंकको गरिमामय यस साधारणसभाका आदरणीय प्रतिनिधिज्यूहरू,**

बैंकको लेखा सुपरिवेक्षण समितिको आ.व. २०८१/८२ को कार्यसम्पादन दौरानमा निरीक्षण तथा अनुगमनका क्रममा सहयोग पुऱ्याउनुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछौं । यस सम्मानित सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनउपर छलफल गरी महत्वपूर्ण सुझावसहित यस प्रतिवेदनलाई पूर्णता प्रदान गर्दै स्वीकृत गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

| केशवप्रसाद सापकोटा | चन्द्रकुमारी पराजुली | लक्ष्मी प्रसाद उप्रेती |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |

**INDEPENDENT AUDITOR'S REPORT**
**TO THE SHAREHOLDERS OF NATIONAL COOPERATIVE BANK LTD.**

**Opinion**

We have audited the accompanying financial statements of National Cooperative Bank Ltd. (the Bank), which comprise statement of financial position as at Ashad 32, 2082 (July 16, 2025) and statement of profit or loss, statement of comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and a summary of significant accounting policies and notes to the financial statements.

In our opinion, the accompanying financial statements give a true and fair view of the financial position of National Cooperative Bank Ltd. as at Ashad 32, 2082, its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of the Financial Statements section of our report. We are independent of the Bank and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are matters based on our judgment, are of most significance in the audit of the financial statements of the current period, which were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon. We do not provide separate opinion on these matters.

The results of our audit procedures, including the procedures performed to address the matters below, provides the basis for our audit opinion on the accompanying financial statements.

**Following are the Key Audit Matters:**

| S. No. | Key Audit Matters | How the matters were addressed in our audit |
|---|---|---|
| 1 | **Loan Loss Provision**<br>Ref. Note no. 4.6 and accounting policies to the financial statements. | |
| | The Bank's advances to the co-operative represent 29.66 % of its total assets at the end of the period under review and are stated at Rs. 15.04 billion which is net of provision of Rs. 5.156 billion. The provision against advances was identified as a key audit matter as it involves a considerable degree of management judgment and compliance with Directives and Circulars issued by Nepal Rastra Bank and co-operative Department. | We applied following procedures in respect of verification of loan loss provision:<br>➢ Review of borrower's files, which includes evaluation of borrowers' repayment behavior, assessment of financial strength based on the available financial statements, adequacy of security/collateral, obtainment of required legal documents and compliance with prudential regulations. |

R.M.S.A & ASSOCIATES ★ Chartered Accountants, Kathmandu ★ R.M.S.A

| | | |
|---|---|---|
| | | ➢ Business sites visit of the borrowers on sampling basis.<br><br>➢ Review of IT system to provide loan loss provision based on overdue payments.<br><br>➢ On sampling basis, verification of accuracy of provision against non-performing loan calculated by the IT system and manual calculation sampling basis.<br><br>➢ Evaluation of appropriateness of subjective judgement made by the management for performing loans' borrowers.<br><br>➢ Review of Board's evaluation and decisions on loans.<br><br>Loan loss provision made by the Bank is considered acceptable. |
| 2 | Interest Income:<br>The interest income of the bank has been recognized on accrual basis and following Guidance Note on Interest Income Recognition,2025 issued by NRB. | We have reviewed bank's interest income recognition policy. In case of accrued interest receivable bank has classified assets into 3 stages Stage I, Stage II & Stage III. Accured Interest on Stage I and II has been booked on accrual basis. However Stage III accrued interest are reversed, hence accrued interest on such assets are not recognized.<br>Bank policy of classifying assets quality is adequate based on collateral quality & past history recovery trend. |
| 3 | Information technology was determined to be a Key Audit Matter, given the pervasive digital storage of data and the electronic processing of transactions within the bank's information system in the current environment | Information technology aspects of the audit were planned and performed with reference to the Nepal Rastra Bank's Information Technology Guidelines, 2012, treating those guidelines as the primary benchmark for evaluating governance, controls, and compliance over the bank's IT environment.<br>On a test-check basis, interest income and interest expense recognition related to loans and deposits were verified against the bank's Core Banking System to assess the accuracy of system-configured rates, accrual logic, and posting to the general ledger.<br>The audit approach placed reliance on the IT audit performed by the bank, to the extent considered appropriate, after evaluating the |

R.M.S.A & ASSOCIATES Chartered Accountants, Kathmandu R.M.S.A

| | | |
|---|---|---|
| | | scope, competence, and sufficiency of the procedures reported therein. |

**Other Matters**
We did not audit the financial statements and other financial information of the subsidiary companies. Disclosures included in respect of associate companies are based solely on the management certification.

**Other Information**
Management is responsible for other information. Other information comprises the information included in Annual Report and Report of Board of Directors but does not include the financial statements and our reports thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, consider whether the other information is materially inconsistence with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appear to be materially misstated. When we read the annual report, if we conclude that there is material misstatement, therein, we are required to request management and those charged with governance to correct the material misstatement.

**Responsibilities of the Management and Those Charged with Governance for the Financial Statements**
Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards (NFRSs) and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Bank's ability to continue as a going concern, disclosing as applicable matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations or has no realistic alternative but to do so, those charged with governance are responsible for overseeing the Bank's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**
Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a certain level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations or the override of internal control.

R.M.S.A & ASSOCIATES ★ Chartered Accountants, Kathmandu ★ R.M.S.A

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Bank's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Bank's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Bank to cease to continue as a going concern.

We communicated with those charged with governance regarding among other matters, the planned scope and timing of the audit and significant audit findings including any significant deficiencies in internal control that we identify during our audit.

***Report on the requirements of Banks and Financial Institutions Act 2073, Cooperative Act 2074***

On the basis of our examination, we further report that:

1) We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
उक्त वैकल्पिक व्यवस्था बमोजिम कर्जा लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिसनलाई कर्जाबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनका लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिसन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न पाउने हुन्छ।

सहकारी बैंकले उपरोक्त वैकल्पिक व्यवस्था अनुसार कर्जा प्रवाह गर्दा प्राप्त सेवा शुल्क तथा कमिसनलाई समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी लेखाङ्कनका आधारमा सो आम्दानी पाकेकै वर्ष आम्दानी जनाएको छ।

### २.७.३. NAS 39 (वित्तीय उपकरण, पहिचान तथा मापन (निष्क्रिय कर्जाबाट हुने ब्याज आम्दानी)

NAS 39 को Para AG 93 को व्यवस्था बमोजिम कर्जा बापत प्राप्त हुने साँवा यदि नोक्सानीको कारणले कम भएको अवस्थामा त्यस्तो कर्जाबाट (नोक्सानी व्यवस्था घटाए पछिको रकममा) प्राप्त हुने ब्याज आम्दानी उक्त कर्जाबाट भविष्यमा प्राप्त हुने अनुमानित नगद प्रवाहलाई Discount गरी आजको मूल्यमा ल्याउन प्रयोग हुने ब्याजदरकै आधारमा गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यवहारिक हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।

उक्त वैकल्पिक व्यवस्था बमोजिम त्यस्ता कर्जाहरूबाट हुने ब्याज आम्दानी कर्जामा हुने नोक्सानी घटाउनु अगावैको कर्जा रकममा ब्याज आम्दानी जनाउन सकिने छ। सहकारी बैंकले प्रस्तुत वार्षिक वित्तीय विवरण तयार गर्दा उपरोक्त वैकल्पिक व्यवस्थाको अवलम्बन गरेको छ ।

### २.७.४. NAS 28 Investments in Associates and Joint Ventures (सम्बद्ध र संयुक्त उपक्रम निकायमा गरेको लगानी)

NAS 28 का व्यवस्थाबमोजिम सम्बद्ध निकायमा लगानीलाई equity method बाट मूल्याङ्न गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।

यस आर्थिक वर्षमा सहकारी बैंकको कुनै पनि सम्बद्ध निकायमा लगानी रहेको छैन।

### २.८ डिस्काउन्टिङ (Discounting)

गैर चालु सम्पत्ति र दायित्वमा डिस्काउन्टिङको प्रभाव महत्वपूर्ण भएको अवस्थामा लागु गरिएको छ।

### २.९ नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको सीमा (Limitation of NFRS implementation)

जानकारी पर्याप्त रूपमा उपलब्ध नभएको अवस्थामा र जानकारी प्राप्त गर्न लाग्ने लागत त्यसको फाइदाभन्दा बढी भएमा नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरूमा उल्लेख गरिएको छ।

प्रमुख लेखा नीतिहरू वित्तीय विवरणहरू तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरू तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरूको पालना निरन्तर रूपमा गरिएको छ।

## ३. प्रमुख लेखामान नीति (Significant Accounting Policies)

सहकारी बैंकले प्रस्तुत वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेका प्रमुख लेखा नीतिहरू निम्न बमोजिम रहेका छन्।

### ३.१ मापनको आधार

वित्तीय विवरणहरू निरन्तरताको आधार (Going Concern) मा तयार पारिएका छन्, जहाँ लेखाका नीतिहरू मान्यताको आधारमा अनवरत रूपमा लागू गरिएका छन् । फरक भएको खण्डमा विशेष रूपमा खुलाइएको छ।

## ३.२ एकीकरणको आधार

### ३.२.१ सहायक कम्पनीमा लगानी (Investment in Subsidiary)

सहायक कम्पनी भन्नाले बैंकको नियन्त्रणमा रहेका कम्पनीहरू हुन् । नियन्त्रण तब प्राप्त हुन्छ जब बैंकको त्यस्ता कम्पनीहरू माथि प्रभुत्व रहन्छ वा लगानी भएका संस्थासँगको संलग्नताबाट प्राप्त बहुप्रतिफलहरूमा अधिकार हुन्छ र लगानी भएका संस्थामाथि आफ्नो शक्तीमार्फत प्रतिफलहरूमा प्रभाव पार्ने क्षमता राख्दछ ।

एन.सि.बि.एल. ट्रेनिङ एण्ड रिसर्च सेन्टर, जुन मुनाफा वितरण नगर्ने (गैरनाफामूलक) कम्पनीका रूपमा स्थापित छ, सोमा एन.सि.बि.एल. ले प्रभावकारी नियन्त्रण (effective control ) कायम गरेको छ र सोको व्यवस्थापन तथा निर्णय प्रक्रियामा प्रभुत्व रहेको छ । यद्यपि बैंकले सो गैरनाफामूलक कम्पनीमा नियन्त्रण गरेतापनि बैंकको सो कम्पनीमा कुनै वित्तीय लगानी नभएको र सो संस्था नाफा उत्पन्न नगरेकाले बैंकले कुनै वित्तीय प्रतिफल(profit) प्राप्त नगर्ने आधारमा वित्तीय विवरणको एकीकरण गरिएको छैन ।

## ३.३ नगद तथा नगद समान

नगद तथा नगद समान भनी बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, जोखिम रहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्यधिक तरल वित्तीय सम्पत्तिलाई जनाइएको छ ।

सहकारी बैंकले अल्पकालीन प्रतिबद्धता पूरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन गई नगन्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगदसमान हो । वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ ।

## ३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

### क) पहिचान

सहकारी बैंकले प्रारम्भिक रूपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गर्दछ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ । सहकारी बैंकले सुरुमा कर्जा सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरू र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुन त्यो मिति हो जुनबेला बैंक उपकरणको प्रावधानहरूसँग अनुबन्धित हुन्छ । इक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्स रिपो, प्रष्ट खरिदलाई व्यापारको मितिमा अर्थात् जुनबेला सहकारी बैंकले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ सोही मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई राफसाफ हुने मितिमा लेखाङ्कन गरिन्छ ।

### ख) वर्गीकरण

### १. वित्तीय सम्पत्ति

वित्तीय संस्थाले आफ्नो व्यवसायिक मोडेलको आधारमा वित्तीय सम्पत्तिलाई निम्न बमोजिम वर्गीकरण गरेको छ :

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति**

  देहायको दुवै शर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गरिएको छः

  अनुबन्धित नगद प्रवाहको सङ्कलन गर्ने उद्देश्यले व्यावसायिक मोडेलमा लिइएको र

  वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगदप्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा ब्याज रकमको मात्र भुक्तानी हो ।

- **फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्ति**

  परिशोधित लागतमा मापन नगरिएको वित्तीय सम्पत्ति फेयर भ्याल्युमा मापन गरिएका छ । फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुनः वर्गीकरण गरिएको छ :

  **– नाफा–नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**

  व्यापारको लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । त्यस पश्चात्त सो सम्पत्तिलाई फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई नाफा-नोक्सानमा मापन गरिन्छ ।

  **– अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**

  इक्वीटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गर्ने भनेर व्यवस्थापनले

अपरिवर्तनीय निर्णय गरेको हुन्छ त्यसलाई अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गरिएको छ। त्यसपश्चात सो सम्पत्तिलाई फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ।

## २. वित्तीय दायित्व

वित्तीय जमानत र कर्जा प्रतिबद्धता बाहेकका वित्तीय दायित्वलाई देहायबमोजिम वर्गीकरण गरिएको छः

- **नाफा–नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व**

  व्यापारको लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ। प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ। नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्वबाहेक कर्जा जोखिमको प्रभावबाट फेयर भ्याल्युमा हुने फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व**

  नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्राभावकारी ब्याजदरको (EIR) को आधार प्रयोग गरी परिशोधित मूल्यमा मापन गरिन्छ।

## ग. मापन

## १. प्रारम्भिक मापन

नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको फेयर भ्याल्युमा प्रत्यक्ष संलग्न कारोबार रकम जोडी मापन गरिन्छ। नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसँग सम्बन्ध भएको कारोबार लागतलाई नाफा/नोक्सान विवरणमा मापन गरिएको छ।

## २. पछिको मापन

प्रारम्भिक मापन पश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सोको वर्गको हिसाबले फेयर भ्याल्युवा परिशोधित मूल्यमा मापन गरिएको छ । प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यस पश्चात् प्रभावकारी ब्याज दरको विधि प्रयोग गरि मापन गरिएको छ। फेयर भ्याल्युमा मापित वित्तीय सम्पत्तिलाई प्रारम्भको मापनपश्चात् फेयर भ्याल्युमा मापन गरिएको छ । नाफानोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ।

## पहिचानबाट हटाइने (De-recognition)

### वित्तीय सम्पत्तिलाई पहिचानबाट हटाइने

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब सहकारी बैंकले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ अथवा वित्तीय संस्थाले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यस बेला वित्तीय संस्थाले वित्तीय सम्पत्ति पहिचानबाट हटाउँछ।

### वित्तीय दायित्वलाई पहिचानबाट हटाइने

दायित्वको जिम्मेवारी पूर्ण रूपमा राफसाफ भएमा, रद्द भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरूलाई पहिचानबाट हटाइन्छ। जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ। मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

## ३.४.१ फेयर भ्याल्युको निर्धारण

फेयर भ्याल्युमा देखाइएको वा प्रस्तुत गरिएका सम्पत्ति र दायित्वहरू महत्वपूर्ण इन्पुटहरूको आधारमा तीन तहमा वर्गीकृत गरिएको छ। मूल्याङ्कनका महत्वपूर्ण इन्पुटहरूमा रेपोर्टिङ अवधिमा भएको परिवर्तनको आधारमा सम्पत्ति र दायित्वहरूलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ। वित्तीय संस्थाले रिपोटिङ अवधिको अन्त्यमा मुख्य बजार वा इन्पुटहरूमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरू बीचको स्थानान्तरणलाई मान्यता दिएको छ । फेयर भ्याल्यु निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

तह १ फेयर भ्याल्यु मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालेको हुन्छ।

तह २ मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचीकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or Similar) उपकरणको लागि सूचीकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मूल्याकंन गर्दा सबै महत्वपूर्ण इन्पुटहरू अवलोकन योग्य हुन्छ।

तह ३ जहाँ कम्तिमा एउटा इनपुट, जसले उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, त्यो अवलोकन योग्य बजार आंकडामा आधारित हुँदैन।

उपलब्ध भएसम्म वित्तीय संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यको प्रयोग गरी मापन गर्दछ। बजारलाई सक्रिय तब मानिन्छ जब सूचीकृत मूल्यहरू सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm's Length Price मा अधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ। यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने, वित्तीय संस्थाले मूल्याङ्कन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ। मूल्याकंन प्रविधिले जानकार, इच्छुक पार्टीहरू (उपलब्ध छ) भने बीचको भर्खरको Arm's Length Price मा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरू समावेश गरेको हुन्छ।

## ३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)

प्रत्येक प्रतिवेदन मितिमा सहकारी बैंकले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै संकेत छ कि छैन भनी समीक्षा गर्दछ। भविष्यमा नोक्सान अर्थात घाटाको निर्धारण गर्दा विशेष गरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आँकलन गर्नु आवश्यक हुन्छ। यस्ता अनुमानहरू धेरै कारकहरू प्रतिको धारणामा आधारित छन् र भएको प्रावधानहरूमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन्।

नोक्सानीको व्यक्तिगत मूल्याङ्कन आर्थिक सम्पत्तिमा लागू हुन्छ जुन नोक्सानीको लागि व्यक्तिगत रूपमा मूल्याङ्कन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मूल्यको उच्चतम अनुमानमा आधारित हुन्छ। नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुन सक्ने खुद मूल्यको आधारमा निर्णय गर्दछ । प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्याङ्कन गरिन्छ। कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ । एक्सपोजरको नोक्सानको व्यक्तिगत मूल्याङ्कनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मूल्यको अनुमान र यस मूल्याङ्कनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मूल्य गणनाको अर्थ हो।

सहकारी बैंकले नोक्सानीको व्यक्तिगत मूल्याङ्कनको लागि नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम Non Performing वर्गमा रहेका सम्पूर्ण कर्जाहरू समावेश गरेको छ । यसै सन्दर्भमा हरेक कर्जाको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट कर्जाको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । सहकारी बैंकले यी दुवै अवस्थामा परम्परागत मान्यता अनुरूप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, सहकारी बैंकको आफ्नै अनुमान आदिलाई आधार मानी कर्जा नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्दछ।

व्यक्तिगत रूपमा कर्जा नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका कर्जाहरूलाई सामूहिक कर्जा नोक्सानी मूल्याङ्कन गरिएको छ।

सामूहिक नोक्सानीको आंकलन गर्दा सहकारी बैंकले ऋण नतिर्ने सम्भावना (Probability of default), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्यांकीय विष्लेषण, प्रोडक्ट, जोखिम कारकहरू, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ। डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सूचना अनुसार सहकारी बैंकले कर्जा तथा सापटीमा हुने हानि नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र NAS ३९ को अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ त्यसैलाई लेखाङ्कन गरिएको छ। NFRS र NRB बमोजिमको ब्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ।

### NFRS बमोजिम ब्यवस्था

| विवरण | आ.व. २०८१/८२ |
|---|---|
| एकल हानि नोक्सानी (Individual Impairment) | २,५६७,६२७,६९८.१४ |
| सामूहिक हानि नोक्सानी ( Portfolio Impairment) | २,३००,५९६,३५६.३० |
| NFRS बमोजिम ब्यवस्था | ४,८६८,२२४,०५४.४४ |

| विवरण | आ.व. २०८१/८२ |
|---|---|
| असल | १३२,०७०,०१४.६८ |
| सूक्ष्म निगरानी | ८,१४६,३००.४४ |
| पुनर्संरचना र पूनर्तालिकीकरण | - |
| कमसल | १५४,२७८,६९४.१२ |
| शङ्कास्पद | २९४,४१०,८४७.८३ |
| खराब | ४,५१६,६५२,००४.८३ |
| अतिरिक्त कर्जा नोकसानी व्यवस्था | ५०,६७८,२८७.५५ |
| NRB बमोजिमको ब्यवस्था | ५,१५६,२३६,१४९.४५ |
| NRB बमोजिमको बढी ब्यवस्था | २८८,०१२,०९५.०१ |

### ३.४.३ बिक्रीको लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)

जब बिक्रीको लागि उपलब्ध इक्विटी लगानी व्यापक रूपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउँदछ वा उक्त लगानीको फेयर भ्यालुलागत मूल्यभन्दा तल झर्दछ तब सहकारी बैंकले बिक्रीको लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ।

### ३.४.४ व्यापारिक सम्पत्ति (Trading Assets)

सहकारी बैंकले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरूलाई यस शीर्षकमा देखाईएको छ। अन्य व्यापारिक सम्पत्तिहरूमा गैर व्युत्पन्न वित्तीय सम्पत्तिहरू (Non-derivative financial assets), सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरूले जारी गरेका ऋणपत्रहरू, ट्रेजरी विल्स, इक्विटी आदि व्यापारिक प्रयोजनको लागि राखिएको छ।

## ३.५ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरू एक वर्ष वा सोभन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन्। बैंकले NAS 16 - "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ।

सहकारी बैंकको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.११ मा प्रस्तुत गरिएको छ।

सहकारी बैंकलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ। स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने बैंकको लेखा नीति रहेको छ। यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ। यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ।

सहकारी बैंकले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, बैंकले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घटदो मूल्य प्रणाली (Written Down Value) अनुसार ह्रासकट्टी गर्ने गरेको छ। सहकारी बैंकका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ।

| सम्पतिको प्रकृति | दर | मूल्यह्रास विधि |
|---|---|---|
| भवन | ५% | घट्दो बाँकी मूल्यह्रास विधि |
| सवारी साधन | २०% | घट्दो बाँकी मूल्यह्रास विधि |
| फर्निचर | २५% | घट्दो बाँकी मूल्यह्रास विधि |
| कम्प्युटर तथा कार्यालय उपकरणहरू | २५% | घट्दो बाँकी मूल्यह्रास विधि |
| लिजहोल्ड सम्पत्ति | ५ वर्षको अनुमानित उपयोगी आयु | समान रेखा मूल्यह्रास विधि |
| ब्याट्री | वारन्टी समयावधि आधारित | समान रेखा मूल्यह्रास विधि |

बैंकले रु.५,००० ।- सम्म मोल पर्ने स्थिर सम्पत्ति प्रकृतिका सामानहरू खरिद गर्दा त्यस्ता उपकरण तथा सामानहरू पुँजीकृत नगरी सोझै सोही वर्ष खर्च लेख्ने नीति लिएको छ । यस्तो सामानहरूको छुट्टै सूची सञ्चालन विभागले तयार गरी पारदर्शी रूपमा राख्ने गरेको छ ।

## ३.६ अमूर्त सम्पत्ति कम्प्युटर सफ्टवेयर (Intangible Assets)

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ। सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरूले भविष्यमा आर्थिक रूपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताको आधारमा त्यस्ता खर्चहरूलाई समेत पुँजीकरण गरिन्छ। कम्प्युटर सफ्टवेयरसँग सम्बन्धित खर्चहरू ५ वर्षको अवधिमा समदर प्रणालीको आधारमा परिशोधित गरिएको छ।

## ३.७ सम्बद्ध निकायमा लगानी

NAS 39 को व्यवस्था बमोजिमसम्बद्ध कम्पनीमा लगानीलाई equity method बाट मूल्याङ्कन गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ। जसको कारणले गर्दा cost method बाट सम्बद्ध कम्पनीमा गरेको लगानीलाई मूल्याङ्कन गरेको छैन। हाल बैंकको कुनै पनि सम्बद्ध कम्पनीमा लगानी नरहेको जानकारी गरिन्छ ।

## ३.८ लगानी उद्देश्यका स्थिर सम्पत्ति (Investment Properties)

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भन्नाले भाडा आम्दानी आर्जन गर्ने वा पुँजी मूल्य वृद्धिको लागि वा दुवै उद्देश्यका लागि राखिएको तर नियमित कारोबारको क्रममा बिक्री गर्न नखोजिएको, सेवाको आपूर्ति वा प्रशासनिक प्रयोजनका लागि प्रयोग नगरिएको सम्पत्तिलाई बुझिन्छ। लगानी उद्देश्य भएका स्थिर सम्पत्ति प्रारम्भमा अयकतमा मापन गरिन्छ। प्रारम्भिक पहिचानपछि, लगानी उद्देश्य भएका स्थिर सम्पत्तिलाई (NAS 16 Property, Plant and Equipment) अन्तर्गतको cost मा जम्मा मूल्यह्रास तथा जम्मा ह्रास-हानि(impairment) कटाएर मापन गरिन्छ, जबसम्म उक्त सम्पत्तिले (NFRS-5) Non-current Assets held for saleका लागि वर्गीकरण हुने मापदण्ड पूरा गर्दैन। लगानी उद्देश्य भएका स्थिर सम्पत्तिमा बैंकले गैर-बैंकिङ सम्पत्ति रूपमा आर्जन गरेका जग्गा वा जग्गा-घर समावेश हुन्छन्, जुन बिक्री नगरिएको हुन्छ। लगानी उद्देश्य भएका स्थिर सम्पत्तिलाई Property, Plant & Equipment मा पुनःवर्गीकरण गर्दा, त्यसका Carrying Value वा Recoverable Value मध्ये जुन कम हुन्छ, त्यसलाई नै subsequent accounting लागि cost को रूपमा लिइन्छ।

## ३.९ आयकर (Income Tax)

बैंकले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ। आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ।

### क) चालु आयकर (Current Tax)

हालका कर सम्पत्तिहरू र दायित्वहरू तथा अघिल्ला वर्षहरूका बुझाउन बांकी रहेका कर दायित्वहरू यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरू यस शीर्षकमा राखिन्छ। सम्बन्धित आर्थिक वर्षमा करको रूपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरू, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन। चालु आयकर सम्बन्धि थप जानकारी बुँदा नं ४.३९ मा प्रस्तुत गरिएको छ।

### ख) स्थगन कर (Deferred Tax)

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ । स्थगन कर सम्बन्धिको थप जानकारी बुंदा नं ४.१३ मा प्रस्तुत गरिएको छ।

| विवरण | स्थगन कर सम्पत्ति | स्थगन कर दायित्व | आ.व. २०८१।८२ |
|---|---|---|---|
| | | | खुद स्थगन कर सम्पत्ति/(दायित्व) |
| अस्थायी भिन्नताको आधारमा स्थगन कर | | | |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा | - | - | - |
| सदस्यलाई कर्जा असुली हुन बाँकी ब्याज | - | - | - |
| लगानी सम्पत्ति | - | - | - |
| सुरक्षणपत्रमा लगानी | - | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| ROU सम्पति | - | १८,६४१,६३६.३१ | - |
| सम्पत्ति र उपकरण | (२,६३५,१६२.१०) | - | - |
| उपदान दायित्व | २७,३३७,४२९.३२ | - | - |
| सञ्चित बिदा बापतको दायित्व | - | ७,५९७,२०७.४० | - |
| पट्टा सम्बन्धि दायित्व | २६,३५५,१९८.४१ | - | - |
| कर्जा नोक्सानी व्यवस्था | ८१४,०३१,६४३.१७ | - | - |
| अन्य अस्थायी भिन्नता | ४,३३९,८२०.८२ | - | - |
| अन्य अस्थायी भिन्नतामा स्थगन कर | - | - | - |
| व्यवसायबाट व्यहोर्नु परेको विगतका आर्थिक वर्षहरूको कट्टी हुन नपाएको नोक्सानी | - | - | - |
| करको दरमा भएको परिवर्तनबाट स्थगन कर | - | - | - |
| २०८२ असार ३२ को खुद स्थगन कर सम्पत्ति/(दायित्व) | ८६९,४२८,९२९.६१ | २६,२३८,८४३.७१ | ८४३,१९०,०८५.९० |
| २०८१ साउन १ को स्थगन कर सम्पत्ति/(दायित्व) | | | ५९४,८७८,४६३.४२ |
| Right Of Use Assets को शुरु समायोजन | | | |
| २०८१ साउन १ को स्थगन कर सम्पत्ति/(दायित्व) | | | ५९४,८७८,४६३.४२ |
| नाफा अथवा नोक्सानमा लेखाङ्कन भएको स्थगन कर (खर्च)/आम्दानी | - | - | २४३,५८६,५६३.२९ |
| अन्य विस्तृत आम्दानीमा लेखाङ्कन भएको स्थगन कर (खर्च)/आम्दानी | - | - | ४,७२५,०५९.१९ |
| इक्विटीमा प्रत्यक्ष लेखाङ्कन भएको स्थगन कर खर्च/(आम्दानी) | - | - | - |

## ३.१० व्यवस्थाहरू तथा सम्भावित दायित्वहरू(Provisions and Contigent liabilities)

सहकारी बैंकले सम्भावित दायित्वहरूको पहिचान तथा व्यवस्थाहरू लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ। सम्पूर्ण प्रतीतपत्र, बैंक जमानत वापतको सम्पूर्ण रकम नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार सम्भावित दायित्व अन्तर्गत देखाइन्छ । सम्भावित दायित्वहरूको थप जानकारी बुँदा नं ४.२६ मा प्रस्तुत गरिएको छ।

विगतका घटनाहरूको परिणामस्वरुप सहकारी बैंकको वर्तमानमा सिर्जित कुनै दायित्वहरू छन जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नको लागि स्रोतको बर्हिगमन हुन्छ भने त्यसलाई व्यस्थाको रूपमा लेखाङ्कन गरिएको छ।

## ३.११ आम्दानी लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरूले इक्विटी सहभागीहरूको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ। आम्दानीलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ। जुन आयको प्राप्ति सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखाङ्कन गरिएको छैन। वित्तीय संस्थाको आम्दानीमा ब्याज आय, शुल्क र कमिसन, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंकाइन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनका आधारहरू निम्नानुसार छन्।

### क) ब्याज आम्दानी

ब्याज आम्दानीमा कर्जा लगानी, नाफानोक्सानको माध्यमबाट FairValue मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त ब्याज रकमहरू समावेश हुन्छन्।

कर्जा लगानीमा प्राप्त ब्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ जुन प्रभावकारी ब्याज विधिको नजिक हने गर्दछ। नोक्सानी व्यवस्था गरिएका कर्जाहरूमा पाउने ब्याजलाई प्रभावकारी ब्याज गणना विधिमा समावेश गरिदैन। सरकारी ऋणपत्र, ट्रेजरी बिल, बैंक मौज्दातमा पाउने ब्याज आम्दानीलाई प्रभावकारी ब्याज गणना विधिको मान्यता दिईन्छ।

### ख) शुल्क तथा कमिसन आम्दानी

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात् वा सेवा प्रवाह गरेवापत शुल्क तथा कमिसन आम्दानी प्राप्त हुने गर्दछ र यसलाई आर्जित आयको रूपमा मान्यता दिइन्छ।

### ग) लाभांश आम्दानी

सहकारी बैंकलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ।

### घ) खुद व्यापारिक आम्दानी

सहकारी बैंकले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गतप्रस्तुत गरिन्छ। बैंकले विदेशी मुद्राको खरिद तथा बिक्रीबाट हुने आम्दानी वा घाटालाई समेत यही शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ।

### ङ) अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिसन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ। विदेशी मुद्रा विनीमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ। यस सम्बन्धि थप विवरण बुंदा नं. ४.३२ मा प्रस्तुत गरिएको छ।

## ३.१२ ब्याज खर्च

सदस्यहरूको निक्षेप खाता, बैंकले जारी गरेको ऋणपत्रहरू र बैंकले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ। यससम्बन्धि थप जानकारी बुंदा नं ४.२८ मा प्रस्तुत गरिएको छ।

## ३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले सहकारी बैंकलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ। सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन्। कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि बैंकले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ।

## क) उपदान तथा सञ्चय कोषः

सहकारी बैंकले सेवानिवृत लाभहरूको रूपमा कर्मचारीहरूलाई उपदान र सञ्चय कोष सुविधा प्रदान गरेको छ।

परिभाषित योगदान योजना (Defined Contribution plan) सेवापछिको लाभ योजना हो, जस अन्तर्गत सहकारी बैंकले योगदानलाई छुट्टै शीर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन। परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ । परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो। यस आर्थिक वर्षमा कुल जम्मा रु ५५,६१३,३६८.३८ को उपदानको खर्चको रहेको छ।

बैंकका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत हो, जसमा सहकारी बैंक र कर्मचारीले दुवै पूर्व निर्धारित दर अनुसार मासिक रूपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्छन् । यस आर्थिक वर्षमा कुल जम्मा रु १८,४५३,९८२.०० को कर्मचारी सञ्चय कोष खर्चको रहेको छ। बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको लागि बिमाङ्कीय मूल्याङ्कन बमोजिम उपदान व्यवस्था गरिएको छ।

## ख) सञ्चित बिदा

बैंकले सञ्चित बिदा सुविधा यसको कर्मचारी सेवा विनियमावली बमोजिम प्रदान गर्ने गर्दछ । घर र वार्षिक बिदा १५० दिनसम्म सञ्चित गरिएको छ भने बिरामी बिदा जति दिनसम्म पनिसञ्चित गर्न सकिनेछ। यी दुबै बिदा मध्ये कुनै पनि बिदा नब्बे दिनभन्दा बढी सञ्चित भएमा सो बिदा बापत रकम प्रत्येक वर्षको आषाढ महिनामा नगद भुक्तानी गरिन्छ।

घर र वार्षिक बिदा १५० दिनभन्दा बढी सञ्चित भएमा सो बिदा बापत रकम प्रत्येक वर्षको आषाढ महिनामा नगद भुक्तानी गरिन्छ। विदा वापतको दायित्वको गणना गर्न बैंकले Actuarial Valuation गरेको छ जस अनुसार यस वर्ष रु. २७,५३७,७६७.६० खर्च देखाइएको छ।

## ग) कर्मचारी बोनस

बोनस ऐन, २०७४ बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ। कर्मचारी बोनसको लागि कर अघिको खुद नाफाको १० प्रतिशत रकमको व्यवस्था गर्ने गरिएको छ तर यस आर्थिक वर्ष बैंक खुद नोक्सानमा रहेकाले यस सम्बन्धी कुनै ब्यवस्था गरिएको छैन।

## ३.१४ पट्टा (NFRS 16:Lease)

Institution as a lessee

सम्पत्तिको सबै जोखिम र लाभहरू बैंकको नाममा स्थानान्तरण नहुने पट्टाहरू सञ्चालन पट्टा हुन । सम्पति प्रयोगको अधिकारको लागि नाफा वा नोक्सान विवरणमा देखाइने खर्च ह्रास कट्टी र पट्टा भुक्तानीको ब्याज को रूपमा देखाइएको छ।

संस्थाले पट्टाको लागि NFRS १६ अपनाएको छ। NFRS १६ को अनुच्छेद C5(b) बमोजिम यस लेखामान लागु भएपश्चात आउने समायोजनको सञ्चित प्रभावलाई लेखामान लागु भएको मितिमा राखिएको कमाईको रकममा समायोजन गरिएको छ। NFRS १६ बमोजिम पट्टा दायित्वको समायोजनको लागि छुटको दर ९.३२ % कायम गरिएको छ। पट्टामा अन्तर्निहित सम्पत्ति (ROU) र पट्टा दायित्वको परिवर्तन निम्नानुसार रहेको छ :

| | |
|---|---:|
| यस वर्षको ह्रासकट्टी | ३६,२९३,६८७ |
| ROU को आषाढ ३२, २०८२ मा रहेको मौज्दात | ९३,२०८,१८२ |

| | |
|---|---:|
| वित्तीय (ब्याज) खर्च | १९,३४८,४४२.२६ |
| पट्टा दायित्वको आषाढ ३२, २०८२ मा रहेको मौज्दात | १३१,७७५,९९२.०६ |

NFRS १६ बमोजिमको लेखामान लागु भएपश्चात आएका समायोजन निम्न रहेको छ :

- NFRS १६ को लेखामान लागु गरेको मिति २०७८.०४.०१ गतेको सञ्चित मुनाफा रकममा रु.१६,४०४,६९४.८७ को समायोजन रहेको छ। उक्त समायोजन यस वर्षको इक्विटीमा भएको परिवर्तनको विवरणमा रहेको सञ्चित मुनाफामा रहेको छ ।
- यस लेखामान लागु भएपश्चात मिति २०७८.०४.०१ गतेको स्थगन कर सम्पत्तिमा रु.१,८२२,७४३.८७ को समायोजन रहेको छ।

## ३.१५ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमयदरमा नेपाली रुपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सान नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ।

## ३.१६ शेयर पुाजी तथा कोषहरू

### ३.१६.१ शेयर पुाजी

बैंकका साधारण शेयरधनीहरूले वार्षिक साधारणसभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ। बैंकको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन।

### ३.१६.२ जगेडा कोषहरू

कोषमा सञ्चित मनुाफा, साधारण जगेडा कोष, चुक्ता पुँजी कोष, विनिमय समीकरण कोष, नियामक जगेडा कोष, लगानी समायोजन कोष, पुँजी फिर्ता जगेडा कोष, सहकारी प्रवर्द्धन कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, लगानी समायोजन कोष, सहकारी शिक्षा कोष, सामाजिक उत्तरदायित्व कोष, कमर्चारी दक्षता तथा अभिवृद्धि कोष आदि पर्दछन।

### ३.१६.३ साधारण जगेडा कोष

सहकारी ऐन २०७४, को दफा ६८ बमोजिम खुद मुनाफाको २५% रकम साधारण जगेडा कोषमा सार्ने नीति रहेको छ। सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

### ३.१६.४ पुँजी फिर्ता जगेडा कोष

सहकारी ऐन २०७४, को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चात्को खुद मुनाफाको २५% रकम पुँजी फिर्ता जगेडा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

### ३.१६.५ सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन २०७४, को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफाको ०.५% रकम सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

### ३.१६.६ घाटापूर्ति कोष

सहकारी नियमावली २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, पुँजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चात्को मुनाफाको ५ % रकम घाटापुर्ति कोषमा सार्ने नीति रहेको छ। सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

### ३.१६.७ सामुदायिक विकास कोष

सहकारी नियमावली २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, पुँजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चात्को मुनाफाको ५ % रकम सामूदायिक विकास कोषमा सार्ने नीति रहेको छ। सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

### ३.१६.८ सहकारी शिक्षा कोष

सहकारी नियमावली २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, पुँजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चात्को मुनाफाको ५ % रकम सहकारी शिक्षा कोषमा सार्ने नीति रहेको छ। सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

### ३.१६.९ सहकारी विकास कोष

सहकारी नियमावली २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, पुँजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चात्को मुनाफाको ५ % रकम सहकारी विकास कोषमा सार्ने नीति रहेको छ। सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

### ३.१६.१० नियमनकारी कोष (Regulatory Reserve)

NFRS बमोजिमको लेखा नीति अपनाउने क्रममा नेपाल राष्ट्र बैंकको निर्देशिकामा भएको व्यवस्था बमोजिम संस्थाको मुनाफा बाट छुट्याई खडा गरेको कोष हो। यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाईदैन। यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज, नेपाल राष्ट्र बैंकको निर्देशन र NFRS मा भएको

व्यवस्था बमोजिम कर्जा नोक्सानी बापत छुट्याइएको रकम बीचको अन्तर रकम, स्थगन कर बापतको रकम, अन्य व्यापक आयमा पहिचान भएको वास्तविक नोक्सान बापतको रकम, NFRS अनुसार पहिचान भएको ख्याति बापतको रकमहरू पर्दछन् ।

यस आर्थिक वर्षमा निम्नानुसार नियमनकारी कोष (Regulatory Reserve) रहेको छ ।

| विवरण | रकम |
|---|---|
| प्राप्त नभएको ब्याज | ८६५,४३९,०८०.८६ |
| सम्पत्तिमा लगानी | १,२१७,७०९,४७३.२२ |
| बिमाङ्कीय नोक्सान | १०९,८२७,७२७.९५ |
| स्थगन कर | ८४३,१९०,०८५.९० |
| जम्मा | ३,०३६,१६६,३६७.९३ |

## ३.१६.११ बजार मूल्य कोष (Fair Value Reserve)

NFRS बमोजिम Fair Value Reserveमा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भएको त्यस्तो सम्पत्ति पुनर्मूल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिन्छ ।

## ३.१६.१२ अन्य कोष

### क) संस्थागत सामाजिक उत्तरदायित्व कोष

औद्योगिक उद्यम ऐनको निर्देशन बमोजिम हरेक आर्थिक वर्षको मुनाफाको कम्तिमा पनि १ प्रतिशत रकम रकमान्तर गरी संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गर्नुपर्ने व्यवस्था गरेको छ । यस कोषबाट बैंकले आगामी वर्षमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व पूरा गर्न सक्नेछ। आगामी वर्षहरूमा संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च हुने रकम यस कोषबाट सञ्चित नाफा/(नोक्सान) मा रकमान्तर गरिने छ।

यस आर्थिक वर्षमा निम्नानुसार संस्थागत सामाजिक उत्तरदायित्व कोष रहेको छ ।

| विवरण | रकम |
|---|---|
| सुरुको मौज्दात | ३५,७९२,६८८.०० |
| यस आर्थिक वर्षमा सिर्जना भएको | - |
| यस कोषबाट उपयोग भएको | ५२,१३४.०६ |
| अन्तिम मौज्दात | ३५,७४०,५५३.७५ |

### ख) लगानी समायोजन कोष

यस आर्थिक वर्षमा बिक्रीको लागि कुनै लगानी उपलब्ध नभए पनि लगानी समायोजन कोषमा १०,००० राखिएको छ।

## ३.१७ प्रतिशेयर आम्दानी

बैंकले NAS 33 - "Earnings Per Share"को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी (Earnings Per Share) को गणना गर्ने गरेको छ।

## ३.१८ प्रस्तावित लाभांश

सहकारी बैंकको सञ्चालक समितिको मिति २०८२/०६/२७ मा बसेको बैठकले सहकारी बैंकका शेयरधनीहरूलाई २०८१/८२ मा लाभांश प्रदान नगर्ने निर्णय गरेको छ।

## ५. प्रष्टीकरण तथा थप जानकारीहरू

## ५.१ जोखिम व्यवस्थापन

बैंकले उचित जोखिम व्यवस्थापन गर्नका लागि हालै सुदृढ जोखिम व्यवस्थापन विभाग गठन गरेको छ। बैंकको जोखिम ग्रहण गर्न सक्ने क्षमता तथा विधि बारेमा व्यवस्थापन तथा बोर्ड बैठकमा विस्तृत रूपमा छलफल हुने गरेको छ। विभागले विश्वव्यापी, सूक्ष्म र विभागीयस्तरको जोखिमको निरीक्षण गर्दछ जुन दैनिक व्यवसाय सञ्चालनबाट आवधिक रूपमा उत्पन्न हुन्छ।

## क) जोखिम व्यवस्थापन समिति

संस्थागत सुशासन सम्बन्धि राष्ट्र बैंकको निर्देशन अनुरूप बैंकले प्रष्ट परिभाषित सर्तसहित जोखिम व्यवस्थापन समिति गठन गरेको छ। सञ्चालक समितिले सहकारी बैंक भित्रको प्रभावकारी व्यवस्थापनको लागि जोखिम अवस्था सीमाको आधारमा रणनीति, नीति तथा प्रक्रियाको सुनिश्चितता गर्दछ। सञ्चालक समितिले वित्तीय संस्थाको जोखिमको प्रकृति बुझी आवधिक रूपमा जोखिम व्यवस्थापनको प्रतिवेदन समीक्षा गर्ने गर्छ, जोखिम व्यवस्थापन समिति र सम्पत्ति दायित्व व्यवस्था समितिको प्रतिवेदनको आधारमा नीति, मापदण्ड, तरलता तथा पुँजी पर्याप्तता समावेश गर्छ । समितिले सहकारी बैंकको समग्रजोखिम व्यवस्थापनलाई तरलता जोखिम, बजार जोखिम, सञ्चालन जोखिम र कर्जा जोखिमको रूपमा वर्गीकृत गरेको छ।

## ख) जोखिम शासन

वित्तीय संस्थाले उत्पन्न हुने उद्यमस्तरमा जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ रकर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिबृद्धि, प्रष्ट रूपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत वित्तीय संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ।

यसको जोखिम व्यवस्थापन प्रारुपको माध्यमबाट, वित्तीय संस्थाले कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न खोजेको छ जुन सीधा वित्तीय संस्थाको क्रियाकलापहरूको साथसाथै सञ्चालन, नियामक र प्रतिष्ठा सम्बन्धि जोखिमहरू जुन कुनै पनि व्यवसाय उपक्रमको सामान्य परिणामको रूपमा देखा पर्दछ। जोखिमसम्बन्धि नीतिको स्थापना र अनुपालनको लागि जोखिम व्यवस्थापन समिति जिम्मेवार छ।

## ग) आन्तरिक नियन्त्रण

रणनीति र उद्देश्यहरूको उपलब्धिमा सहायता गर्ने गरी वित्तीय संस्थामा उचित आन्तरिक नियन्त्रण प्रारुप सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार हुन्छ। वित्तीय संस्थाको बिभिन्न कार्यहरूको विस्तार र बृद्धिको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिकोणले हेर्नु पर्दछ जसले लाभदायक व्यवसायका अवसरहरू अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठित क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन सहयोग गर्दछ।

आन्तरिक लेखा परीक्षणले नीति र मापदण्डको अनुपालन र नियमित लेखा परीक्षण, विशेष लेखा परीक्षण, सूचनाप्रणाली लेखा परीक्षण, साइट समीक्षा, AML र CFT र KYC लेखा परीक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखा परीक्षण मार्फत वित्तीय संस्थामा आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ। लेखा परीक्षण अवलोकन तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखहरूलाई रिपोर्ट गरिन्छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा परीक्षण समितिसमक्ष समीक्षाको लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग वा शाखालाई सम्बन्धित मुद्दामा उपयुक्त सुधारात्मक कार्य गर्न निर्देशन जारी गर्छ।

## ५.१.१ कर्जा जोखिम

कर्जा जोखिम भनेको सहमति सर्तहरू बमोजिम वित्तीय संस्थालाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पूरा गर्न ऋणीको असक्षमताको कारण नोक्सानीको सम्भावना हो। वित्तीय संस्थाभित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङको प्रारुप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ प्रारुपलाई कर्जा जोखिम न्यूनीकरणको लागि तयार पारिएको छ।

कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि वित्तीय संस्थाले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ। प्रत्येक प्रकार को ऋणको लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, चुक्ताको सीमित उद्देश्य, विभिन्न सदस्य जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको सँग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ।

## ५.१.२ बजार जोखिम

वित्तीय संस्थाको वासलातमा रहेको र वासलात बाहिर रहेको वस्तुको मूल्यमा बजार मूल्यमा हुने अस्थिरताले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ। बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह वा Fairvalue घटबढ हुन्छ। बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँछ : विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार ब्याजदर (ब्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम)।

## अ) मुद्रा जोखिम

विदेशी मुद्रा सटही जोखिमका कारण बैंकको आफ्नो सम्पत्ति र दायित्वको मूल्यमा अस्थिरता हुने सम्भावना हुन्छ र उसको सम्पत्ति र दायित्वको मुद्रा तथा उल्लेख हुने मुद्राको मूल्यमा आउने भिन्नताका कारण वित्तीय क्षति हुने सम्भावना हुन्छ। वित्तीय विवरण तयार पार्ने मितिसम्म बैंकले विदेशी मुद्रालाई लिन र दिन सकिने मानेको छ।

## आ) ब्याजदर जोखिम

ब्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह बजार ब्याजदरका कारण तलमाथि हुने गर्दछ।

## इ) मूल्य जोखिम

मूल्य जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह इक्विटीको मूल्यमा हुने परिवर्तनले ब्याजदर जोखिम र मुद्रा जोखिम बाहेकका कारण तलमाथि हुन्छ। यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकाय हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वको कारण हुन सक्छ। निकायको इक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुनसक्छ जसको मूल्य बजार मूल्यमा भएको परिवर्तन अनुसार तलमाथि हुन्छ।

## ५.१.३ तरलता जोखिम

ब्याजदर वा सुरक्षणपत्र (ईक्विटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यको उतार चढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकूल परिवर्तनको कारण सहकारी बैंकले बजार जोखिमलाई लेखाङ्कन गरेको छ। तरलता जोखिमले बैंकको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले सहकारी बैंकको वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी दायित्व पूरा गर्ने सहकारी बैंकको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र सहकारी बैंकको प्रतिकुलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ । तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरू पूरा गर्न बैंकले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ।

## ५.१.४ सञ्चालन जोखिम

सञ्चालन जोखिम भनेको अपर्याप्त वा असफल प्रक्रियाहरू, प्रणाली वा नीतिहरू, कर्मचारीका त्रुटिहरू, प्रणालीका असफलताहरू, अन्य अपराधिक गतिविधिले व्यवसाय प्रक्रियामा बाधा उत्पन्न गराई परिणामस्वरूप घाटा हुने सम्भावना हो।

सञ्चालन जोखिमलाई जोखिम पहिचान, मूल्याङ्कन, नियन्त्रण र अनुगमनको माध्यमबाट व्यवस्थापन गरिन्छ । संस्थाको सञ्चालन जोखिम नियन्त्रणको लागि वित्तीय प्रशासन नीति, कर्मचारी विनियमावली, सञ्चालन निर्देशिका, AML/CFT नीति, शंकास्पद कारोबार पहिचान प्रक्रिया, र राजनीतिक रूपले उजागर गरिएको व्यक्तिको पहिचान नीति रहेका छन्, जसले दैनिक कामका लागि निर्देशन दिन्छ।

## ५.२ पूँजी व्यवस्थापन

### ५.२.१ गणात्मक खुलासा

वित्तीय संस्थाले पुँजी पर्याप्ततालाई नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन अनुसार कायम राखेको छैन। आषाढ २०८२ को पुँजी पर्याप्तता अनुपात प्राथमिक पूँजीमा ०.३४% र पूँजीकोषमा ०.८२% (प्रस्तावित नगद लाभांश भन्दा अधिको) रहेको छ।

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा वित्तीय संस्थाको वर्तमान र भविष्यको पुँजी आवश्यकताहरू सुनिश्चित गर्न सञ्चालक समिति मुख्य रूपले उत्तरदायी हुनेछ। व्यवस्थापनले बैंकले व्यावसायिक गतिविधिहरूको क्रममा सामना गरिरहेको विभिन्न जोखिमहरूको प्रकृति र स्तरको समीक्षा गरि सोहि अनुरूप प्रत्येक जोखिम कारकलाई नियन्त्रण गर्ने उपायहरू निर्दिष्ट हुने गरि जोखिम व्यवस्थापन अवधारणा तयार पार्दछ।

**विजया धिताल**
सञ्चालक

**विश्वनाथ मण्डल**
सञ्चालक

**पार्वती थापा**
सञ्चालक

**अमृता लिम्बु**
सञ्चालक

**महेन्द्र कुमार गिरी**
अध्यक्ष

**सि.ए. सुशिल अधिकारी**
**आर.एम.एस.ए. एण्ड एसोसियट्स**
(चार्टड एकाउन्टेन्ट्स)

**राजेश श्रेष्ठ**
नायब महाप्रबन्धक

**बद्रीकुमार गुरागाईं**
प्रमुख कार्यकारी अधिकृत

**ध्रुवराज विष्ट**
सञ्चालक

**काली बहादुर महतारा**
सञ्चालक

**तारा गुरुङ**
सञ्चालक

**मितिः २०८२-०६-२७**
काठमाडौं

# शाखा कार्यालयहरूको विवरण

| क्र.स. | शाखाको नाम | सम्पर्क नम्बर | इमेल ठेगाना |
|---|---|---|---|
| १ | मुख्य शाखा | ०१-५१८०२६३ | mainbranch@ncbl.coop |
| २ | लगनखेल | ०१-५५२९८७९ | lagankhel@ncbl.coop |
| ३ | चापागाँउ | ०१-५२६५५८४ | chapagaun@ncbl.coop |
| ४ | नयाँ बानेश्वर | ०१-४४६१९०७ | newbaneshwor@ncbl.coop |
| ५ | चावहिल | ०१-४४७५४७५ | chabahil@ncbl.coop |
| ६ | गोंगबु | ०१-४९५३५१६ | gongabu@ncbl.coop |
| ७ | कलंकी | ०१-५२३५१९९ | kalanki@ncbl.coop |
| ८ | न्युरोड | ०१-५३१६०२२ | newroad@ncbl.coop |
| ९ | ठिमी | ०१-५०९३०१८ | thimi@ncbl.coop |
| १० | उर्लाबारी | ०२१-५४१८६५ | urlabari@ncbl.coop |
| ११ | ईटहरी | ०२५-५८७७६७ | itahari@ncbl.coop |
| १२ | दमक | ०२३-५९०४३१ | damak@ncbl.coop |
| १३ | बिर्तामोड | ०२३-५४०६३३ | birtamod@ncbl.coop |
| १४ | बिराटनगर | ०२१-५९०१४५ | biratnagar@ncbl.coop |
| १५ | धरान | ०२५-५२५४७९ | dharan@ncbl.coop |
| १६ | ईलाम | ०२७-५२४९२४ | illam@ncbl.coop |
| १७ | राजबिराज | ०३१-५३३६९९ | rajbiraj@ncbl.coop |
| १८ | जनकपुर | ०४१-५३०२०९ | janakpur@ncbl.coop |
| १९ | सिन्धली | ०४७-५२०६४५ | sindhuli@ncbl.coop |
| २० | दोलखा | ०४९-४२१८७३ | dolakha@ncbl.coop |
| २१ | बनेपा | ०११-६६१०६३ | banepa@ncbl.coop |
| २२ | नुवाकोट | ०१०-५६०९६६ | nuwakot@ncbl.coop |
| २३ | हेटौडा | ०५७-५२६९५५ | hetauda@ncbl.coop |
| २४ | सिमरा | ०५३-५२१०३८ | simara@ncbl.coop |
| २५ | बिरगंज | ०५१-५२१११९ | birgunj@ncbl.coop |
| २६ | दमौली | ०६५-५६५२५२ | tanahu@ncbl.coop |
| २७ | पोखरा | ०६१-५८९४०४ | pokhara@ncbl.coop |
| २८ | वालिङ | ०६३-४४०६३३ | waling@ncbl.coop |
| २९ | बाग्लुङ्ग | ०६८-५२२५२९ | baglung@ncbl.coop |
| ३० | बुटवल | ०७१-५४०८०४ | butwal@ncbl.coop |
| ३१ | दाङ | ०८२-५६१९९७ | dang@ncbl.coop |
| ३२ | कोहलपुर | ०८१-५४१९०२ | kohalpur@ncbl.coop |
| ३३ | सुर्खेत | ८३-५२५२२९ | surkhet@ncbl.coop |
| ३४ | दैलेख | ०८९-४२०५७७ | dailekh@ncbl.coop |

| क्र.स. | शाखाको नाम | सम्पर्क नम्बर | इमेल ठेगाना |
|---|---|---|---|
| ३५ | लहान | ०३३-५६५२३३ | lahan@ncbl.coop |
| ३६ | चपुर | ०५५-५४०२८६ | chapur@ncbl.coop |
| ३७ | धनगढी | ०९१-५२५०५३ | dhangadi@ncbl.coop |
| ३८ | हरिवन | ०४६-५३०३३० | hariwan@ncbl.coop |
| ३९ | बर्दिबास | ०४४-५५०६१६ | bardibaas@ncbl.coop |
| ४० | धनकुटा | ०२६-५२२७९३ | dhankuta@ncbl.coop |
| ४१ | फिदिम | ०२४-५२३११९ | phidim@ncbl.coop |
| ४२ | भरतपुर | ०५६-४९०२६६ | bharatpur@ncbl.coop |
| ४३ | कावासोती | ०७८-५४०४८१ | kawasoti@ncbl.coop |
| ४४ | बर्दघाट | ०७८-५८०५८० | bardaghat@ncbl.coop |
| ४५ | कमलविनायक | ०१-६६२०५०५ | kamalbinayak@ncbl.coop |
| ४६ | किर्तीपुर | ०१-५९००६८० | kirtipur@ncbl.coop |
| ४७ | कालीमाटी | ०१-५३८३४०४ | kalimati@ncbl.coop |
| ४८ | जोरपाटी | ०१-४९१५३२८ | jorpati@ncbl.coop |
| ४९ | भुरीगाँउ | ०८४-४०३२०६ | bhurigaun@ncbl.coop |
| ५० | नेपालगञ्ज | ०८१-५३१९०२ | nepalgunj@ncbl.coop |
| ५१ | सुर्यविनायक | ०१-६६२०५०६ | suryabinayak@ncbl.coop |
| ५२ | ईमाडोल | ०१-५२०४०८६ | imadol@ncbl.coop |
| ५३ | तुल्सिपुर | ०८२-५२१८४६ | tulsipur@ncbl.coop |
| ५४ | भैरहवा | ०७१-५७३२३३ | bhairahawa@ncbl.coop |
| ५५ | नारायणगोपाल चोक | ०१-५९०७८१६ | narayangopalchowk@ncbl.coop |
| ५६ | महेन्द्रनगर | ०९९-५९०२४९ | mahendranagar@ncbl.coop |
| ५७ | इनरुवा | ०२५-५६००६५ | inaruwa@ncbl.coop |
| ५८ | मेचीनगर | ०२३ ५६४६६४ | mechinagar@ncbl.coop |
| ५९ | सुन्दरहरैंचा | ०२१-५४५९३९ | sundarharaicha@ncbl.coop |
| ६० | ताल्चोक | ०६१-५६३७२७ | talchowk@ncbl.coop |
| ६१ | बलम्बु | ०१-४३१६५९५ | balambu@ncbl.coop |
| ६२ | नयाँबजार | ०१-४३५३३२४ | nayabazar@ncbl.coop |
| ६३ | पुतलीसडक | ०१-४१६८६८७ | putalisadak@ncbl.coop |
| ६४ | कोटेश्वर | ०१-५९०८६२८ | koteshwor@ncbl.coop |
| ६५ | कलैया | ०५३-५५०२९२ | kalaiya@ncbl.coop |
| ६६ | तिलोत्तमा | ०७१-४१४३०५ | tilottama@ncbl.coop |
| ६७ | टाँडी | ०५६-५९५४०६ | tandi@ncbl.coop |
| ६८ | पुतलीबजार | ०६३-४२०५८९ | putalibazar@ncbl.coop |

# टिप्पणी


बैंकका सेवाहरू
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
कर्जा सूचना सेवा
LOAN
बचत तथा ऋण सेवा
विद्युतीय पुस्तकालय
विप्रेषण भुक्तानी
CTS, ATM, QR,
Internet/SMS Banking
बहस तथा पैरवी
निःशुल्क तालिम
बैंक ग्यारेन्टी
सहकारी स्तरीकरण
साप्ताहिक भर्चुअल
परामर्श

# बैंकका झलकहरू

## प्रकृतिको आधारमा सदस्य संख्या (जम्मा १६४२६)

आ.व. २०८१/८२




## वित्तीय अवस्था












# आ. व. २०८१/८२ को झलक

## शेयर सदस्य
(१६४२६)




## शेयर रकम
(२.८९ अर्ब)




## बचत/निक्षेप
(४७.०५ अर्ब)




## कर्जा लगानी
(२०.२० अर्ब)




## शाखा संख्या
(६८ वटा)




## कर्मचारी संख्या
(३७१ जना)



# बैंकको विकासक्रम

**२०८१**
सरकारसँगको सम्झौतामा
सहुलियतपूर्ण कर्जा

**२०७८**
६८ वटा शाखा
कार्यालयमार्फत सेवा प्रवाह

**२०७६**
सहकारी स्तरीकरण
कार्यक्रमको सुरूवात

**२०७५**
सदस्य संख्या १०,०००
पुऱ्याउन सफल

**२०७२, २०७३ र २०७४**
नेपाल सरकारबाट उत्कृष्ट
करदाता सम्मान

**२०६७/०४/१०**
नेपाल राष्ट्र बैंकबाट सीमित
बैंकिङ्ग कारोबारको स्वीकृत प्राप्त

**२०६३/६४**
सदस्यहरूलाई
लाभांश वितरणको सुरूवात

**२०६१/०४/१९**
बैंकको कारोबार शुभारम्भ

**२०६०/०९/१९-२०**
बैंकको प्रारम्भिक
साधारणसभा

**२०६०/०३/२५**
बैंक दर्ता

**२०५८/१२/११-१२**
तदर्थ सञ्चालक समिति गठन

# व्यवस्थापन समुह



**बद्रीकुमार गुरागाईं**

प्रमुख कार्यकारी अधिकृत



**राजेश श्रेष्ठ**

नायब महाप्रबन्धक



**राम बाबु आचार्य**

प्रमुख, सदस्य सेवा महाशाखा



**मोहन बहादुर कार्की**

प्रमुख, कर्जा अधिकृत



**प्रमोद कुमार घिमिरे**

प्रमुख, जोखिम अधिकृत



**भरत कुमार चिमरिया**

प्रमुख, सञ्चालन अधिकृत



**मधु रायमाझी**

प्रमुख, व्यवसाय विकास विभाग




■ शाखा कार्यालय भएका जिल्ला